नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# चुरे उत्थानशील आयोजना

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
चुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन ईकाई
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# चुरे उत्थानशील कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

<u>तयार गर्ने:</u>

**चुरे उत्थानशील आयोजना**

आयोजना व्यवस्थापन इकाई

बबरमहल, काठमाडौं

आर्थिक वर्ष २०८३/०८४

राष्ट्रिय आयोजना निर्देशक

# बिषय-सूची


परिच्छेद-१ २

१.१ संक्षिप्त नाम र प्रारम्भ ३

परिच्छेद-२ ४

२.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन ५

परिच्छेद-३ १०

३.१ आयोजना व्यवस्थापन इकाई अन्तरगतका कार्यक्रमहरु ११

३.१.१. दिगो वन तथा प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाका लागि मेशिन तथा सामग्री खरिद तथा वितरण (BN:47) ११

३.१.२. वन विज्ञानमा स्नातक तह अध्ययनरत विद्यार्थीहरुलाई Intern Support कार्यक्रम १३

३.१.३ ANR क्रियाकलापबाट प्राकृतिक पुनरुत्पादन अवस्थाको अध्ययन सहयोग कार्यक्रम १४

३.१.४ वन तथा वातावरण मन्त्रालयको GEDSI रणनीति कार्यान्वयनमा सहयोग/तालिम/गोष्ठि १५

३. १. ५. PMU/PPMU का कर्मचारीलाई SNRM सिकाई सम्बन्धी अन्तराष्ट्रिय अवलोकन/तालिम गोष्ठी १७

३.१.६. कर्मचारीहरुको लागि दक्षता अभिवृद्धि तालिम १८

३.१.७. सरोकारवालाहरुसंगको संयुक्त अनुगमन र प्रतिवेदन १९

३.१.८. वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन २०

३.१.९. असल अभ्यास/सफलताका कथाहरु लगायत आयोजनाका उपलब्धीहरु समेटिएको दस्तावेज प्रकाशन २१

३.१.१० जलबायु उत्थानशील ज्ञान/असल अभ्यास/स्थानीय सिकाई आदान प्रदानको लागि प्रदेशस्तरमा गोष्ठी २२

३.१.११. जलवायु उत्थानशील/स्थानीय तथा आदिवासी ज्ञान तथा अभ्यासहरुको संगालो प्रकाशन २४

३.१.१२ चुरे सम्बाद गोष्ठी २४

३.१.१३. लैंगिक फोकल पोइन्टहरू (जीएफपी)नियमित बैठक र अन्तरक्रिया) २६

३.१.१४ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठि (BN: १६८) २७

३.१.१५ प्रदेश मन्त्रालय लगायत सरोकारवालासंग समन्वय, सहकार्य गर्न व्यवस्थापन खर्च (BN:२२०-२२२) २८

३.१.१६ CR-SNRM बारे जनचेतनाका लागि ज्ञान बिज्ञ सेवा (BN:२३९) २८

३.१.१७ क्षमता विकास बिज्ञ (परामर्श सेवा) (BN: २६२) २९

३.१.१८ प्रचार प्रसार सामाग्री उत्पादन/खरिद/वितरण (BN: २३८) ३०

३.१.१९ कार्यक्रम सम्बन्धी विभिन्न माध्यम मार्फत प्रचार प्रसार (BN: २४९-२५१, २४६-२४८) ३१

३.१.२० संरक्षण दिवस समारोह (BN: २३८) ३१

३.१.२१ Team Building Workshop (National) (BN: २२७, २२८) ३२

३.१.२२ Safeguard and Gender Officer (प्रदेश) ३३

३.१.२३ वन विज्ञ सेवा तथा परामर्श (BN: ८२, १३०, १०४, १५३) ३४

३.१.२४ दिगो वन व्यवस्थापन (SFM) विज्ञ (BN: ५७) ३५

३.१.२५ प्राविधिक अधिकृत (वन तथा जलाधार) परामर्श सेवा (BN: ३) ३६

३.२. प्रदेश आयोजना व्यवस्थापन इकाई अन्तर्गत्का कार्यक्रमहरु ३६

३.२.१ ANR कार्यक्रम संचालन/ कार्यन्वयन (BN:१०९-११४) ३६

३.२.२. निजि वन प्रवर्धन कार्यक्रम (बिरुवा खरिद, ढुवानी तथा अन्य सहयोग) (BN: १२७-१२९) ३८

३.२.३. नर्सरी स्थापना/मर्मत/स्तरोन्नति/विस्तार (५० हजार बिरुवा उत्पादन क्षमता (६६, ६७, ७३, ७४, ७५, ७९, ८१) ४०

३.२.४. ३ फिट भन्दा अग्लो बिरुवा खरीद (६४-६९,७०-८०) ४१

३.२.५. बृक्षारोपण क्षेत्र पहिचान सर्भेक्षण नाप नक्सा स्थान छनोट समूहसँग छलफल क्षमता विकास र सम्झौता ४३

३.२.६. नमूना वृक्षारोपण (तारबार सहित) (BN:९०१-१०३) ४५

३.२.७ खोल्सी तथा तटीय बृक्षारोपण (वास अम्रिसो बृक्षारोपण) ४७


राष्ट्रिय आयोजना निर्देशक

३.२ ८. सामुदायिक तथा सार्वजानिक क्षेत्रमा वृक्षारोपण (BN ८३-९७) ४८
३.२.९. विउ खरिद तथा छरेर पुनरुत्पादन गर्ने (बाँस, सिसौ, खयर र सिमल) ५०
३.२.१०. विरुवा उत्पादन/खरिद वितरण (BN: ६६, ६७, ७३, ७५, ७९, ८१) ५२
३.२.११. वन कार्ययोजना कार्यान्वयन (सम्बन्धित समुह मार्फत (BN: ५०-५२)) ५४
३.२ १२. कृषि वन नर्सरीमा विरुवा उत्पादन/ वितरण( BN:२३) (प्रति नर्सरी १० हजार बिरुवा)) ५६
३.२.१३. निजी वन प्रवर्धन हेतु गत आ.व. मा उत्पादित विरुवाको ढुवानी तथा सहयोग (BN: ६६, ६७, ६९, ७३, ७४, ७५, ७९, ८०, ८१) ५८
३.२ १४ गत आ.व. मा उत्पादित बहुबर्षीय बांसको कलमी विरुवा प्याकेजिङ्ग, ढुवानी तथा वितरण सहयोग (हजारमा) ५९
३.२ १५ बाँसको कलमी विरुवा उत्पादन तथा वितरण (BN: ६४, ७०, ७६) ६०
३.२.१६. बहुबर्षिय बांसको नर्सरी स्थापना ६२
३.२ १७ विगत वर्षमा सम्पन्न कार्यको नर्सरी सुधार (नर्सरी समेत) (BN: ४१, ४२, ४४, ४६) ६४
३.२.१८ Field staffs का लागि समिक्षा गोष्ठी ६४
३.२.१९ बायोग्यास वा विद्युतीय चुल्होको लागि सहयोग (BN: २९-३१) ६५
३.२.२० LRP मार्फत CFUGs हरुलाई CRLJ Plan तयारी (BN: २०८, २०९, २१०, २१४, २१५, २१६, २२६) ६६
३.२.२१ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठी (BN १४६, १४९, १५०, १६८) ६७
३.२ २२ प्रदेश मन्त्रालय लगायत सरोकारवालासंग समन्वय, सहकार्य गर्न व्यवस्थापन खर्च (BN:२२०-२२२) ६८
३.२ २३. ANR कार्यान्वयनमा सहयोगको लागि LRP हरुलाई ANR अभिमुखीकरण /अभ्यासात्मक तालिम ६९
३.२ २४ LRP लगायत अन्य समेतको भ्रमण खर्च ७१
३.२ २५. सिप/क्षमता विकास तालिम ७२
३.२ २६. उत्थानशीलता सम्बन्धि अवलोकन भ्रमण ७३
३.२ २७ कार्यक्रम सम्बन्धी विभिन्न माध्यमबाट प्रचार प्रसार (BN: २४६ -२५१) ७४
३.२ २८ संरक्षण दिवस समारोह (BN: २३८, २३९) ७५
३.२ २९ LRP लाई तालिम तथा परिचालन (P१-२६, P२-२४, P३-१५ (BN: २६३-२६५)) ७६
३.२ ३० प्रदेश स्तरीय आयोजना समन्वय समिति बैठक (B.N. ३०५) ७७
३.२ ३१. इन्जिनीर (सिभिल) र सब-इन्जिनियर (सिभिल, मध्यम स्तरीय प्राविधिक) करार ७८
३.२ ३२. वन/भू-संरक्षण अधिकृत (प्राविधिक कर्मचारी), मध्यम स्तरीय प्राविधिक करार (रेन्जर र कृषि/पशु) ७९
३.२.३३. प्राकृतिक पुनरुत्पादन सहयोग (ANR) कार्यान्वयनमा सहयोगको लागि समुदायस्तरमा अन्तरक्रिया/समन्वय/ तालिम संचालन गर्न दै. भ्र., प्रशिक्षण शुल्क तथा इन्धन खर्च (BN: १२४,१२५,१२६) ८०
३.२.३४. कृषिवन नर्सरीको लागि सरोकारवालाहरु सँग समन्वय गोष्ठी तथा कृषक तालिमः ८१
३.२.३५ प्रकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरुसँग अन्तरकृया तथा समिक्षा गोष्ठी (२ दिने BN १५-२१) ८२
३.२.३६ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरूको संचालन (निरन्तरता) (BN १५-२१) ८३
३.२.३७. ESMP, SIMP, IPP, GAP & FPIC Implementation Support ८३
३.२.३८. टिम बिल्डिङ वर्कसप (प्रदेश) ८४
३.२.३९ कम्पोनेन्ट १ अन्तरगतका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन खर्च (BN: २६, २७, २८, ५४, ५५, ५६) ८५
३.२.४० प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको अनुगमन खर्च (दै.भ्र. र इन्धन समेत ) ८६
३.२.४१ कार्यक्रम सम्बन्धि विभिन्न माध्यमबाट प्रचार प्रसार (BN: २३८) ८७
३.२.४२ GIS/Remote Sensing Training (BN ६१, ६२, ६३) ८८
३.२.४३ सामुदायिक वन समूहको संस्थागत सवलीकरण (वृक्षारोपणमा सहभागी गराइने गरि) ८९
३.२.४४ प्रदेश कार्यालय प्रमुख तथा लैंगिक सम्पर्क व्यक्तिहरुलाई GESI कार्यशाला गोष्ठी
३.२.४५ वार्षिक कृयाकलाप पार्श्वचित्र (Activity Profile) तयारी तथा प्रकाशन ९२
३.३. सशर्त अनुदानमा प्रदेश वन सम्बन्धि मन्त्रालयले संचालन गर्ने कार्यक्रमहरुको कार्यविधि ९३

३.३.१ आयोजनाको कार्यक्रम समन्वय, फिल्ड सहयोग र प्रतिवेदन तयारीका लागि वन प्राविधिक रेन्जर (मध्यम स्तरीय प्रविधिक) करार २ जना (BN: १०४,१०५,१५६) ९३
३.३.२ ANR सम्बन्धि वन प्राविधिकहरुको लागि तालिम (५ दिने) (BN १४५,१४६ ) ९४
३.३.३ ANR कार्यान्वयनमा सहयोगको लागि समुदायस्तरमा अन्तरक्रिया गोष्ठि (BN: १४५,१४६) ९६
३.३.४. CSO/Municipalities/stakeholders हरुका लागि CRLUP कार्यशाला गोष्ठी संचालन (२ दिने) १४५,१४६) ९७
३.३.५ ESMP, SIMP, IPP, GAP & FPIC Implementation Support (B.N ६,७,८/ १५-१७/२०५-२१०, २२९-२२९) ९९
३.३.६. वन डढेलो व्यवस्थापन तालिम तथा अभ्यास (३ दिन) वन व्यवस्थपन समुह प्रतिनिधिहरुलाई (B.N. २६६,२६७,२६९) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तराहरा १००
३.३.७ आयोजना कार्यान्वयन सरोकारवालाहरु बीच FPIC/Gender सम्वन्धि अन्तरकृया गोष्ठी १०१
३.३.८. जलबायु परिवर्तन चरम विपदका घटनासंग सन्बन्धित कार्यशाला गोष्ठी (२दिने) (BN १७७,१७८) १०३
३.३.९. ANR कार्यक्रम संचालन/ कार्यान्वियन (BN: १०९-१११ & ११२-११४) १०४
३.३.१०. गत आ.ब.मा उत्पादित बहुबर्षीय बिरुवाको हेरचाह लागि नर्सरी नाईके (BN: ६६,७३, ७९ ) १०६
३.३.११ बिरुवा उत्पादन/वितरण (प्रति हजारमा BN: ६४-६९ & ७०-८१) १०७
३.३.१२. विगत वर्षमा सम्पन्न नर्सरीको मर्मत सुधार ( BN-४१-४६/ ६४-६९ & ७०-८१ १०९
३.३.१३ नमुना वृक्षारोपण तारवार सहित (विभिन्न प्रजाति) (BN: ९८-१०३ ११०
३.३.१४. सामुदायिक वृक्षारोपण/(सार्वजनिक वृक्षारोपण, तारवार सहित (BN:८३-८८) ११२
सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु ११४
३.३.१५. खोल्सी तथा तटीय वृक्षारोपण (बाँस,अम्रिसो आदि, विभिन्न स्थानमा (BN:९८-१०० ११४
३.३.१६. बाँसको कलमी विरुवा उत्पादन/वितरण (BN: ६४-६९ & ७०-८१) हजारमा ११६
३.३.१७. वृक्षारोपण क्षेत्रमा पुनरोपण, हेरालु, गोडमेल/संरक्षण (निरन्तरता) (BN:८३-९७ /९८-१०३) ११८
सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु । ११९
३.३.१८ कृषी वन नर्सरीमा बिरुवा उत्पादन (१० हजार बिरुवा प्रति नर्सरी लागि फलफुल, डालेघास आदी) (BN:२३) ११९
३.३.१९. सामुदायिक बन कार्ययोजना कार्यान्वयन (१ नमुना वन कार्य योजना सहित) (सम्बन्धित वन समुहमार्फत) (BN:५०-५२ ) १२१
३.३.२०. साझेदारी वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन (बायोमास वृद्धि केन्दित) (सम्बन्धित वन समूहसँग) (BN:५०-५२ ) १२३
३.३.२१. सामुदायिक वन व्यवस्थापन योजना तयारी/परिमार्जन (५४,५५,५६) १२५
पृष्ठभूमी/परिचय १२५
३.३.२२. कार्यक्रमहरुको अनुगमन मुल्यांकन तथा इन्धन खर्च (BN: २६, २७, ५४, ५५, ५६) १२६
अनुसूचीहरु १२८
अनुसूची-१ : उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी मुख्य बुँदाहरुः १२८
अनुसूची-२ १३१
२.१ कार्यक्रम सम्झौता फारम १३१
२.२ जानकारी सहितको, स्वतन्त्र, अग्रिम सहमति (Free Prior Informed Consent. FPIC) १३६
अनुसूची-३: वार्षिक त्रैमासिक/लाभग्राही सम्बन्धी प्रतिवेदन १४९
अनुसूची-४ : प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सञ्चालन प्रक्रिया १५०
अनुसूची-५ : होर्डिङ्ग बोर्डको नमूना १६१
अनुसूची -६ : सार्वजनिक सुनुवाई फाराम १६३
अनुसूची – ७: पार्श्वचित्र (Activity Profile) १६६
अनुसूची - ८ : भुक्तानीका लागि आवश्यक भर्पाईहरुको नमूना १६७
अनुसूची – ९: भुक्तानी निवेदनका ढाँचाहरु १७१
अनुसुची - १०: साना कृषि वन नर्सरी संचालनका लागि कृषकले प्रदेश आयोजना व्यवस्थापन इकाईमा दिने निवेदनको ढाँचा १७३

राष्ट्रिय आयोजना निर्देशक

अनुसूची ११: कृषि वन नर्सरी संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामाग्रीको बिवरणः १७४
अनुसुची – १२ : कृषि वन नर्सरी संचालन गर्न सम्झौता गर्ने आधारहरु १७५
अनुसुची – १३: स्थानिय स्रोत ब्यक्ति (LRP) मार्फत समुदायस्तरमा आधारित वन समुहमा संचालन गरिने अन्तरकृया गोष्ठिमा त्यार गरिने समुहको प्रोफाईलमा समावेश गर्नु पर्ने विषय सुची १७५
अनुसुचि १४: स्थानिय सहजकर्ताको कार्य विवरण तथा जिम्मेवारी १७७

चुरे उत्थानशील आयोजना
कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

## परिचय

### पृष्ठभूमि

चुरे उत्थानशील आयोजना नेपाल सरकार र संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन (Food and Agriculture Organization-FAO) नेपालको संयुक्त प्रयासबाट नेपालको पूर्वी क्षेत्रमा रहेको चुरे क्षेत्रको उत्थानशीलताको लागि तर्जुमा भएको एउटा आयोजना हो यस आयोजना हरित जलवायु कोष (Green Climate Fund-GCF) को अनुदान सहयोगमा नेपाल सरकार तथा FAO बीच सन् ०३ मे २०२० मा सम्झौता भई, १२ मे सन् २०२० देखि ११ मे २०२७ सम्म कृषि, वन तथा पर्यावरण मन्त्रालय र संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि सङ्गठनद्वारा संयुक्त रुपमा कार्यान्वयन भइरहेको छ । यो आयोजना हरित जलवायु कोषको अनुदान सहयोगमा कार्यान्वयनमा आएको नेपालको पहिलो र अहिलेसम्मको सबैभन्दा ठूलो आयोजना हो ।

यो आयोजनाको कार्यक्षेत्र कोशी प्रदेश (ईलाम, झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाहरु), मधेश प्रदेश (सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरु) र बागमती प्रदेश (सिन्धुली जिल्ला) अन्तर्गतका ११ जिल्ला भित्र पर्ने ११३ पालिका अन्तर्गतका ७५७ वडाहरु र २६ नदी प्रणालीहरु रहेका छन् । यस आयोजनाको केन्द्रमा वन सेवाका सहसचिवस्तरको राष्ट्रिय आयोजना निर्देशक (राजपत्राङ्कित प्रथम श्रेणी, प्राविधिक) को नेतृत्वमा आयोजना व्यवस्थापन इकाई (Project Management Unit-PMU) रहेको छ भने आयोजना व्यवस्थापन इकाईकै मातहतमा रहने गरी प्रदेशस्तरमा समन्वय, सहकार्य र कार्यान्वयनको लागि वन सेवाका उपसचिव (राजपत्राङ्कित द्वितीय श्रेणी, प्राविधिक) को नेतृत्वमा तीन वटा प्रदेश आयोजना व्यवस्थापन इकाई (Provincial Project Management Unit-PPMU) हरु रहेका छन् । त्यसैगरी यस आयोजनाको केन्द्रीय आयोजना व्यवस्थापन इकाईमा विषय विज्ञहरुको प्राबिधिक सहायता टोलि (FAO-Technical Assistance Team- FAO-TA) रहेको छ । आयोजनाका कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा PMU, PPMUs र FAO-TA को भूमिका उल्लेखनीय रुपमा रहेको छ । यो आयोजनाले प्रदेश मातहतका वन तथा कृषिसँग सम्बन्धित कार्यालय तथा स्थानीय तहहरुसँग समेत समन्वय र सहकार्य गरिरहेको छ । त्यसैगरी करिव एक हजार भन्दा धेरै समुदायस्तरका संस्थाहरु, सेवा प्रदायकहरु, सरोकारवाला संस्थाहरु तथा उपभोक्ता समितिहरु परिचालन गरी यस आयोजनाको क्रियाकलापहरु कार्यान्वयन गरिदै आईएको छ । । यस आयोजनाले सबै प्रकारका कार्यक्रमहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) मूलप्रवाहीकरणलाई र वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (GEDSI stratgey -२०८२-२०९१) को क्रस-कटिङ मुद्दाको रूपमा अनुपालन गर्दछ। यस आयोजनाले ५०% महिलाहरूको र समानुपातिक रुपमा दलित, आदिवासी जनजाति, मधेसी तथा मुस्लिमहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्छ।

राष्ट्रिय आयोजना निर्देशक

यो आयोजना अवधिभर तोकिएका क्रियाकलापहरु कार्यान्वयनका लागि हरित जलवायु कोष (GCF) को ३ करोड ९.३ लाख अमेरिकी डलर अनुदान र नेपाल सरकारको ८० लाख ४२ हजार २ सय ४८ अमेरिकी डलर सह-वित्त गरी जम्मा ४ करोड ७२ लाख अमेरिकी डलर (करिव ५ अरब ५८ लाख नेपाली रुपैया) उपयोग गरिनेछ । आयोजनाका क्रियाकलापहरु कार्यान्वयनका लागि सरोकार राख्ने नेपाल सरकारको प्रचलित कानूनका साथै नेपाल सरकार, FAO तथा GCF बीच भएका सम्झौताहरु, आयोजना दस्तावेजहरु र आयोजना कार्यान्वयन दिग्दर्शन (Project Implementation Manual-PIM) हरुमा भएको व्यवस्थालाई पूर्ण अनुसरण गरिनेछ ।

## परिच्छेद-१

### १.१ संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "चुरे उत्थानशील कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ ।

(ख) यो कार्यविधि कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

### १.२ परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

- "आयोजना" भन्नाले चुरे उत्थानशील आयोजना सम्झनु पर्दछ ।
- "उपभोक्ता समूह" भन्नाले आयोजना दस्तावेज अनुसार परिभाषित गरिएका समुदायमा आधारित संघसंस्थाहरु (community based organizations-CBOs) मुख्यतयाः सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह, र कबुलियती वन उपभोक्ता समूह तथा कार्यान्वयन निकायले कार्यक्रम सञ्चालनको लागि गठन गरेका कृषक समूह, महिला समूह, दलित समूह, आदिबासी जनजाति समुदायका स्थानीय संस्थाहरु जस्ता प्रचलित कानून बमोजिम गठन भई क्रियाशील रहेका समूहलाई समेत बुझाउँछ
- "उपभोक्ता समिति" भन्नाले आयोजना क्रियाकलापबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्नको लागि लाभान्वितहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ
- "कार्यक्रम" भन्नाले "जलवायु उत्थानशील चुरे कार्यक्रम" अन्तर्गतको स्वीकृत वार्षिक कार्यक्रम तथा योजनामा परेका अन्य क्रियाकलापहरु र सम्झौता बमोजिमका क्रियाकलापहरु समेत सम्झनु पर्दछ ।
- "कार्यान्वयन निकाय" भन्नाले आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने PMU र तीन वटा PPMU सम्झनु पर्दछ भने समग्र आयोजनाको हकमा यो शब्दले FAO-TA लाई समेत जनाउँछ । यस आयोजनाको कार्यक्षेत्र अन्तर्गत पर्ने प्रदेश स्थित वन तथा बातावरण मन्त्रालयहरु, प्रदेश

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

वन निर्देशनालयहरु, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र( कोशी प्रदेश,मधेश प्रदेश), डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु आयोजनाको कार्यान्वयन निकायको रुपमा बुझाउँछ ।

- "बजेट नोट" भन्नाले नेपालसरकार, संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन तथा हरित जलवायु कोष बीच भएको सम्झौता अनुसारको बजेट नोट सम्झनु पर्दछ ।
- "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय सम्झनु पर्दछ ।
- "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र तिनका वडाहरूलाई समेत जनाउनेछ ।
- लैंगिक सम्पर्क व्यक्ति (Gender Focal Point) भन्नाले चुरे उत्थानशील आयोजनाको कार्यक्रम कार्यान्वयन निकायहरुमा तोकिएको व्यक्ति जसले कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र मूलप्रवाहीकरणलाई प्रवर्द्धन र सम्बन्धीत प्रतिवद्धताहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने जिम्मेवारी बहन गर्दछ ।
- गुनासो व्यवस्थापन संयन्त्र (Grievance Redressal Mechanism) भन्नाले चुरे उत्थानशील आयोजनाको कार्यक्रम कार्यान्वयन निकायहरुन आयोजना सम्बन्धित गुनासोहरु सुन्न, अभिलेखीकरण, व्यवस्थापन तथा आवश्यक सहजीकरण गर्न निर्माण गरिएको संयन्त्र बुझाउछ ।

१.३ कार्यविधिको उद्देश्यहरु

- कार्यान्वयन निकायहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको वारेमा थप स्पष्टता प्रदान गर्न,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउन,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्न,
- सञ्चालित कृयाकलापको दिगोपना सुनिश्चित गर्न,
- सरल तथा सहज तरिकाबाट सेवा प्रवाह गर्न ।

राष्ट्रिय आयोजना निर्देशक

## परिच्छेद-२

### २.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन

**स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनको लागि आकर्षित हुने प्रक्रिया तथा मार्ग निर्देशन निम्नानुसार रहेका छन् ।**

२.१.१ स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। आयोजनाको कम्पोनेण्टहरुलाई बजेट नोट सहितको विभिन्न अन्तरसम्बन्धित कृयाकलापहरुमा विभाजन गरी PPMU, PMU, FAO-TA लगाएतका "कार्यान्वयन निकाय"हरु द्वारा कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाइएको हुँदा समग्र कम्पोनेण्टहरुलाई निष्कर्षमा पुर्याउन सबै "कार्यान्वयन निकाय" हरुबाट एक आपसमा समन्वयात्मक रुपमा कार्य हुन अपरिहार्य हुनेछ ।

२.१.२ कार्यक्रम सञ्चालन गर्दा आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहित २०८३; वातावरण संरक्षण ऐन, २०७६; वातावरण संरक्षण नियमावली, २०७७; वन ऐन, २०७६; वन नियमावली, २०७९ एवं अन्य प्रचलित कानूनहरूको प्रावधानहरू तथा PIM लगायत आयोजना सम्बन्धी दस्तावेज बमोजिम गर्नुपर्नेछ ।

२.१.३ आयोजना दस्तावेज अनुसार चुरे उत्थानशील आयोजनाका क्रियाकलापहरुको प्रमुख कार्यान्वयनकर्ता समुदायमा आधारित संस्था/समुहहरु भएकोले यसका क्रियाकलापहरू सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समिति, कबुलियती वन उपभोक्ता समूह, आदिबासी जनजाति समुदायका स्थानीय संस्थाहरु लगायत स्थानीय समुहहरु मार्फत क्रियाकलापहरू संचालन गर्नु पर्नेछ ।कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहित २०८३ बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउने वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गर्दा श्रम लागतसंग सम्बन्धित क्रियाकलापहरुमा उपभोक्ता समितिले कूल लागतको न्युनतम ५ प्रतिशत लागत साझेदारी वा जनश्रमदान उपलब्ध गराउनु पर्नेछ ।

२.१.४ कार्यक्रम सञ्चालनको लागि स्थान छनौट लगायत प्रक्रिया बारे Project Steering Committee (PSC) बाट स्वीकृत सम्वेदनशील पारिस्थितिकीय प्रणाली पुनर्स्थापना योजना (Critical Ecosystem Restoration Plan-CERP) लाई आधार मानी भौगोलिक, प्राबिधिक र सामाजिक सम्भाव्यता, जलबायु जन्य जोखिम र समुदायको जायज मागलाई मध्यनजर गर्दै उपयुक्त स्थानहरुमा सञ्चालन गर्न सकिनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना

२.१.५ सम्वन्धित डिभिजन वन कार्यालय/स्थानीय वन समूह तथा उक्त संस्थाहरुको संजाल र स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।आवश्यकता अनुसार संघ, प्रदेश तथा जिल्लास्थित अन्य सरोकारवाला निकायहरूसँग सनन्वय गर्नुपर्नेछ ।

२.१.६ CERP ले निर्देशित गरेका वन/वातावरण संरक्षण सम्बन्धी कार्यहरु जस्तैः वृक्षारोपण, अग्नि रेखा निर्माण, तारवार आदि जस्ता कार्यक्रमहरु सामुदायिक/साझेदारी/कबुलियती वनक्षेत्र भित्र कार्यान्वयन गर्ने र सो गर्दा सम्बन्धित वन उपभोक्ता समूह मार्फत सञ्चालन गरिनेछ। सम्बन्धित वन उपभोक्ता समितिले सम्पादन गर्न नसक्ने वा कार्ययोजना नवीकरण भइनसकेको लगायतको अवस्था विद्यमान भए मात्र नयाँ उपभोक्ता समिति गठन गरी वन उपभोक्ता समूहको समन्वयमा कार्य सञ्चालन/सम्पन्न गर्न सकिनेछ । सरकारद्वारा व्यबस्थित वन क्षेत्रमा कार्यक्रम संचालन गर्नु परेमा डिभिजन वन कार्यालयको समन्वयमा स्थानीय समुदाय मार्फत संचालन गर्न सकिनेछ ।

२.१.७ कार्यान्वयन निकायले उपभोक्ता समितिबाट कार्यक्रम सञ्चालन गर्नुपर्दा सम्बन्धित स्थानीय तह/वडा कार्यालयको समन्वयमा लाभग्राही समूहबाट उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा ५०% महिला, दलित, आदिबासी जनजाति, मधेसी तथा मुस्लिमहरूको समानुपातिक प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्नेछ। प्रचलित ऐन बमोजिम गठन भई क्रियाशील रहेका सम्बन्धित लाभग्राही/उपभोक्ता समिति/समूहहरू मार्फत समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ । उपभोक्ता समिति गठन र त्यसको जिम्मेवारी अनुसूची-१ बमोजिम हुनेछ र योजनाको प्रकृति र आवश्यकता अनुरूप उपभोक्ता समिति मातहत अन्य उपसमिति पनि गठन गर्न सकिनेछ ।

२.१.८ कार्यक्रमहरूको लगत इष्टिमेट (ल.ई.) तयार गर्दा (निर्माण कार्यको हकमा अनिवार्य रुपमा ड्रइङ्ग डिजाइन सहितको नक्सा तयार गरी) नेपाल सरकार/प्रदेश सरकारले स्वीकृत गरेको नर्मस, सम्वन्धित जिल्ला/स्थानीय तहको स्वीकृत दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४ समेतको आधारमा गर्नुपर्नेछ । उपभोक्ता समुहसंग अनुसूची २.१ अनुसार सम्झौता पत्र तयार गरी सम्झौता गर्न सकिनेछ ।

२.१.९ उपभोक्ता समितिबाट गरिने काममा हेभी मेशिनको प्रयोग गर्नुपर्ने भएमा लगत इष्टिमेट (ल.ई.) तयार गर्दाको समयमा नै हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य उल्लेख गरी सञ्चालन गर्न सकिनेछ । लागत अनुमानमा जनश्रमदिन उल्लेख गरी हेभी मेशिन प्रयोग गर्न भने पाइने छैन ।

२.१.१० कार्यक्रम सञ्चालन गर्दा महिला, विपन्न तथा सिमान्तकृत वर्ग (नदी किनारमा बसोबास गर्ने थारु, माझी, वनकरीया, मुसहर, डोम, चमार, राजबंशी, धिमाल, ताजपुरिया, मेचे, कुमाल लगायत पछि पारिएका जातिहरू) र महिला, दलीत तथा आदिवासी जनजाति, मधेशी, र मुस्लिमको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सक्ने तर्फ केन्द्रित हुनु पर्नेछ ।वनक्षेत्र अतिक्रमण हुने गरी कुनै पनि कार्यक्रम सञ्चालन गर्नु गराउनु हुँदैन । कार्यक्रम कार्यान्वयन गर्दा कृषि, वन तथा पर्यावरण

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

मन्त्रालयको GEDSI रणनीति, BRCRN को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) मार्गनिर्देशक प्रोटोकलको अनुपालन सुनिश्चित गर्नुपर्नेछ।

२.१.११ कुनै पनि क्रियाकलाप प्रारम्भ गर्नु अघि कार्यालयले उपभोक्ता समितिलाई गरिनुपर्ने क्रियाकलापहरुको बारेमा पूर्ण जानकारी गराउनु पर्नेछ । यसरी जानकारी गराउँदा कार्यको उधेश्य, कार्य गर्नका लागि आयोजना दस्तावेजले निर्दिष्ट गरेको अपनाउनु पर्ने प्रक्रिया, लगत इष्टिमेट (ल.ई.) तथा ड्र्इङ्ग, डिजाइन र नक्शा सम्बन्धमा अभिमुखीकरण समेत गर्नुपर्नेछ र यस्ता अभिमुखीकरण कार्यमा लाग्ने खर्च कार्यक्रममा व्यवस्था भए बमोजिम लागत अनुमानमा समावेश गरी खर्च लेख्न सकिनेछ ।

## २.१.१२ आयोजनाका कृयाकलापहरु संचालनमा वातावरण र सामाजिक व्यवस्थापन

२.१.१२.१ <u>कृयाकलाप संचालनको पूर्व कार्यान्वयन चरण</u> (Pre-Implementation phase)

- कृयाकलापहरुको प्राविधिक लागत अनुमानसगै प्रत्येक कृयाकलापवाट महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, बिपन्न तथा अन्य सिमान्तकृत समूदायका साथै वातावरण र सामाजिक क्षेत्रमा पर्न सक्ने ठाँउ बिशेष जोखिम मूल्याँकन र न्यूनिकरणका उपायहरुको सिफारिस सहित प्रतिबेदन तयार गर्नु पर्ने छ ।
- उक्त जोखिम मूल्याँकनको क्रममा सम्बान्धित नदी प्रणालि अन्तर्गतका प्रमाणित/स्वीकृत योजना (Gender Action Plan- GAP, Environmental and Social Management Plan-ESMP, Indigenous Peoples Plan-IPP, र Social Inclusion Management Plan-SIMP) मा उल्लेखित जोखिम तथा न्यूनिकरणका उपायहरु, समूदाय संगको परामर्श र बिशेष गरि भूमि प्रयोग र प्राकृतिक श्रोत माथिको पहूँच सम्बन्धि बिषयलाई महत्व दिनु पर्ने छ । ठाँउ बिशेष वातावरण तथा समाजिक जोखिम मूल्याँकन र सिफारिस प्रतिवेदन अनसुचि २.३ को ढाँचा अनूसार गर्नु पर्ने छ। उक्त प्रतिवेदनमा उल्लेखित जोखिम न्यूनीकरणका सम्पूर्ण क्रियाकलापहरु कार्यान्वयन गर्दा लाग्ने आवश्यक खर्च स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत क्रियाकलापको लागत अनुमानमा समावेश गरी खर्च लेख्न सकिने छ ।
- स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरीनामा (Free, Prior and Informed Consent-FPIC): कार्यान्वयन निकायले चुरे उत्थानशिल आयोजनाको कार्यक्रम सञ्चालन गर्दा स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरीनामा (FPIC) गर्नु पर्नेछ। यस आयोजना अन्तर्गतका कुनै पनि कृयाकलापले आदिवासी जनजातिहरु वा स्थानीय समुदायहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पार्ने वा पर्न सक्ने भए कार्यन्वयन चरणमा जानू पूर्व, समूहगत रुपमा FPIC वा परामर्श सहमति प्राप्त गरि सो को प्रक्रिया समेत दस्तावेजीकरण गर्नु पर्ने छ ।

  FPIC लाई पुनराबृत्ति प्रकृया (recurring process-एउटा क्रियाकलाप सम्पन्न नभएसम्म पटक पटक पनि गर्नु पर्ने) को रुपमा अनुसरण गरिने छ। सो प्रकृया अबलम्बन गर्दा आयोजनाको FPIC सम्बन्धि श्रोत पुस्तिका (Field Hand Book), आदिवासी जनजाती योजना/ढांचा (IPP/IPPF) एवं वातावरण

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) का प्रावधानहरुलाई पालना गर्नुपर्ने छ। परामर्श वा FPIC प्रक्रियाको दौरान पहिचान गरिएका कुनै पनि सामाजिक तथा वातावरणीय जोखिमहरूलाई स्थानीय समुदायहरू वा आदिवासी जनजातिहरू संग सहमति भएका न्यूनीकरणका कार्यहरूको सम्बन्धित समुहसंगको सहकार्यमा कार्यान्वयन गर्नुपर्ने छ।

- FPIC प्रकृया (६ चरण) सम्बन्धि आवश्यक ढाँचा अनूसूचि २.२ र २.३ मा उल्लेखित छ ।

२.१.१२.२. <u>आयोजना संचालनको कार्यान्वयन चरण</u> (Implementation Phase)

- **कार्यस्थलमा पेशागत स्वास्थ्य र सुरक्षाः** आयोजना अन्तर्गतका कृयाकलापहरु कार्यान्वयन गर्दा कामको प्रकृति र जोखिम अनुसारका स्वास्थ्य र सुरक्षा सम्बन्धि प्रबन्ध गर्नुपर्ने छ । विशेष गरि हेलमेट, पन्जा, गमवुट जस्तै Personal Protection Equipment (PPE), प्राथमिक उपचार बाकस (First Aid Box) र Dignity kits वा अनुसूची २.६ मा उल्लेखित स्वास्थ्य र सुरक्षा सम्बन्धि उपकरण र सामग्री अनिवार्य रुपमा कार्यस्थलमा प्रयोगमा लाग्नु पर्ने छ। तत् सम्बन्धमा लाग्ने आवश्यक खर्च स्वीकृत वार्षिक कार्यक्रम बाट तथा सम्बन्धित क्रियाकलापको लागत अनुमानमा समावेश गरी समेत खर्च लेख्न सकिने छ ।
- कार्यस्थलमा बाल श्रमिकलाइ पूर्ण रुपमा प्रतिबन्धित गरिने छ कार्यस्थलमा यौन शोषण, दुर्व्यवहार र उत्पीडन तथा लैगिंक हिंसा, सामाजिक जातिय तथा लैगिंक विभेद लाई पूर्ण रुपमा शुन्य सहनशीलताको नीति अपनाईनेछ ।
- क्रियाकलाप कार्यान्वयनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा खटिने कर्मचारीहरुको हकमा समूहगत दुर्घटना बिमा तथा स्वास्थ्य बिमा गर्न सकिनेछ र यस सन्बन्धि लाग्ने खर्च कन्टिन्जेन्सी रकमबाट लेख्न सकिनेछ।
- वातावरण तथा सामाजिक जोखिम व्यवस्थापनको प्रभावकारीता अनुगमनः आयोजना अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनका क्रममा लैंगिक तथा समावेशिता र वातावरण तथा समाजिक जोखिम व्यवस्थापनको प्रभावकारीताको नियमित अनुगमन गरिने छ। क्रियाकलापहरुको कार्यन्वयन अवधिभर, वातावरण तथा समाजिक जोखिम व्यवस्थापनको अनुगमन कम्तिमा १ पटक गरि अनूसूचि २.४ मा उल्लेखित ढांचा बमोजिम प्रतिवेदन तयार गरिने छ ।
- वातावरण तथा सामाजिक जोखिम न्यूनीकरण क्रियाकलाप सन्पन्न प्रतिवेदनः आयोजना अन्तर्गतका प्रत्येक कृयाकलापहरुको कार्यन्वयन पश्चात, सम्बन्धित कृयाकलाप सन्चालन गर्दा देखिएका वातावरणिय र सामाजिक जोखिम, अबलम्बन गरिएका न्यूनिकरणका उपाय, लाभान्वित समूदायको बिवरण, सिकाई तथा अन्य सवाल लगाएतका बिष्य समोवश गरिएको प्रतिवेदन तयार गरिने छ। उक्त प्रतिवेदन अनूसूचि २.५ मा दिएको ढाँचा बमोजिम तयार गरिनेछ। साथै क्रियाकलापहरुको एकमुस्ट प्रतिबेदन अनुसूची ७ मा उल्लेखित तथ्यांक फारम अनुसार गरिने छ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
दुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन ईकाई
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

२.१.१३ उपभोक्ता समितिले सम्झौता गरे बमोजिमको योजना आफैले सम्पन्न गर्नुपर्नेछ । योजनाको स्याहार, सम्भार र मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ । उपभोक्ता समितिले जिम्मा लिएको योजनाको काम कुनै निर्माण व्यवसायी वा कन्ट्रयाक्टरबाट गराउन पाईने छैन ।

२.१.१४ कार्यक्रम सञ्चालन स्थलमा लगत इष्टिमेट (ल.ई.) लगायत आयोजनासँग सम्बन्धित अन्य अत्यावश्यक र महत्वपूर्ण जानकारी तथा विवरणहरू खुल्ने गरी अनुसूची ५ अनुसारको होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । होर्डिंग बोर्डको साइज कम्तिमा ५x४ वर्गफिटको हुनुपर्नेछ । वन क्षेत्र भित्र या वाहिर सम्वेदनशील क्रियाकलाप अन्तर्गत बनाईने संरचनाको नजिकै समुदायलाई सुसुचित गर्न आबश्यक चेतावनी (जोखिम संकेत) समेत राख्नु पर्नेछ ।

२.१.१६ कार्यक्रमहरु कार्यन्वयनमा लानु अघि सम्बन्धित नदी प्रणालीमा CERP निर्देशित क्रियाकलापहरुलाइ सम्भव भए सम्म एकीकृत गरि संचालन गर्नु पर्नेछ ।

२.१.१७ कन्टिन्जेन्सी व्यवस्थापन सम्बन्धमा नेपाल सरकारको प्रचलित ऐन, नियम, निर्देशिका, मापदण्ड तथा सार्वजनिक निर्माण कार्यको **कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि,** २०८० बमोजिम हुनेछ।

२.१.१८ कन्टिन्जेन्सीबाट गर्न सकिने केहि नविनतम (Innovative) क्रियाकलाप सम्बन्धमा समान्यतः साझा प्रक्रिया तथा मार्ग निर्देशनको प्रतिकूल नहुने गरी PMU सँगको समन्वयमा PPMU ले कार्यक्रम तय गरी कार्यान्वयन गर्न सकिनेछ ।

२.१.१९ यस कार्यविधिमा उल्लेख नभएका क्रियाकलाप तर स्वीकृत वार्षिक कार्यक्रम अनुरूप कार्य सम्पादन गर्नुपर्ने भएमा प्रचलित ऐन, नियम, नर्म्स, निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नु पर्नेछ ।

२.१.२० कार्यक्रम कार्यान्वयन गर्दा गराउँदा कामको परिमाण र गुणस्तरमा कुनै कमी कमजोरी वा लापरवाही नहुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२.१.२१ कार्यक्रम कार्यान्वयन गर्नु अगावै कार्यक्रम कार्यान्वयन गर्न सकिने नसकिने अवस्था आँकलन गरी कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था देखिएमा चालु आर्थिक वर्षको दोश्रो त्रैमासिक अवधिभित्रै कार्यक्रम संशोधनको लागि PMU मा सिफारिश सहित पेश गर्नुपर्ने छ ।

२.१.२२ स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने पूर्वतयारी, स्थलगत अनुगमन, कार्यक्रम स्थान छनौट, बिरुवा उत्पादन, खरिद, निर्माण, वृक्षारोपण, तारबार, मर्मत संभार, संरक्षण लगायत कार्यको कार्यान्वयन अवधिलाई आधार मानी कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाउनु पर्नेछ। सोही कार्यक्रम कार्यान्वयन कार्ययोजनाको आधारमा समयबद्ध अध्ययन गरी कार्यान्वयन अवस्थालाई सुधार गर्दै लगिने छ।

२.१.२३. कार्यक्रम कार्यान्वयन निकायहरुमा चुरे उत्थानशील आयोजना सम्बन्धित गुनासोहरु व्यवस्थापन गर्न आयोजनाको Grievance Redressal Mechanism process अनुरुप गुनासो व्यवस्थापन संयन्त्र (Grievance Redressal Mechanism) तयार गरि आयोजना सम्बन्धि गुनासोहरु सुन्न, ढाचा

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

अनुसार गुनासो दर्ता पुस्तिका( Greivance Register) मा अभिलेखीकरण, व्यवस्थापन तथा आवश्यक सहजीकरण , सम्बोधन गर्नुपर्ने छ ।प्राप्त गुनासोहरुलाई अनुसूची २.७ अनुरुप दस्तावेजीकरण गरि प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्ने छ ।

## २.२ उपभोक्ता समितिको भुक्तानी प्रक्रिया

२.२.१ कार्य सम्पन्न भए पश्चात् कार्यालयमा भुक्तानी माग निवेदन पेश गर्नुपर्नेछ। सो निवेदनको साथमा अनुसूचीः ६ को ढाँचामा सार्वजनिक सुनुवाइको प्रतिवेदन, सम्बन्धित वडा कार्यालय/स्थानीय तहको सिफारिस, उपभोक्ता समितिको निर्णयको प्रतिलिपि, बिल, भरपाई, कार्य सम्पन्न प्रतिबेदन र अन्य सम्बन्धित कागजात समेत समावेश गर्नु पर्नेछ ।

२.२.२ कार्य सम्पादनमा सहजिकरणका लागि उपभोक्ता समितिको माग भएमा सम्पन्न कामको नापी कितावको आधारमा रनिंग बिल समेत भुक्तानी गर्न सकिनेछ ।

२.२.३ कार्यसम्पन्न भए पश्चात् भुक्तानीको लागि उपभोक्ता समितिले आवश्यक बिल भरपाईहरु (अनुसूचीः ८ अनुसारका) सहित अनुसूचीः ९ अनुसारको भुक्तानी निवेदन पेश गर्नुपर्नेछ । यसरी भुक्तानीको निवेदन प्राप्त भएपछी तोकिएको प्राविधिक मार्फत स्थलगत निरीक्षण, नापजांच गरी स्थलगत प्रतिवेदन सहित प्राप्त आवश्यक बिल भरपाईहरु संलग्न गरी कार्य सम्पन्न प्रतिबेदन, नापी किताब लगायत अन्य तोकिएको कागजातहरु पेश गर्नुपर्नेछ।यसै गरि वन/उपभोक्ता समितिबाट अनुसूचीः ९.३ अनुसारको स्वःघोषण फाराम समेत पेश गर्नु पर्नेछ

२.२.४ कार्यालयको तर्फ बाट स्थलगत निरीक्षण गर्दा सम्बन्धित वडाका जनप्रतिनिधि, सम्बन्धित सामुदायिक वन, साझेदारी वन, कबुलियती वन वा अन्य संस्था वा संजालका प्रतिनिधिहरु,उपभोक्ता समिति लगायत अन्य सरोकारवालाहरुको उपस्थितिमा गर्नु पर्नेछ ।

## २.३ कार्यक्रम अनुगमन

२.३.१ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाईले PMU मा र सशर्त अनुदान प्रदेश डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा कार्यक्रम प्राप्त अन्य कार्यालयहरुले प्रदेश वन निर्देशनालय/मन्त्रालय मार्फत PMU मा अनुसूचीहरु बमोजिमका फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

२.३.२. आवश्यकता अनुसार PMU/FAO-TA/FAO-CO को प्रतिनिधि तथा संघिय र प्रदेशस्थित वन तथा वातावरण मन्त्रालय तथा प्रदेश निर्देशनालयका प्रतिनिधिहरुले कुनै पनि बेला भए गरेका कार्य हरुको अनुगमन गर्न सक्नेछन। यसै गरि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहको प्रतिनिधि, PPMU को प्राविधिक, प्रदेश वन मन्त्रालय वा सो अन्तर्गतका कार्यालयहरु, PMU/FAO-TA/FAO-CO को प्रतिनिधि, उपभोक्ता समिति/ठेकेदारको प्रतिनिधि सहितको संयुक्त टोलीले आवश्यकता अनुसार कार्यक्रमहरूको संयुक्त अनुगमन गरी अनुगमन फाराम सहितको प्रतिबेदन मार्फत आवश्यक पृष्ठपोषण गर्न सक्नेछन् । ।सो को दस्ताबेजिकरण गरिनेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

२.४ प्रगति प्रतिवेदन

२.४.१ कार्यक्रम कार्यान्वयन गर्ने सबै निकायले कार्यक्रमको माईल स्टोन/मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन अनिवार्य रूपमा तोकिएको समयमा PMU मा हार्ड कपि तथा विद्युतीय (Electronic/Digital) कपि पठाउनु पर्नेछ।

२.४.२ कार्यान्वयन निकायहरूबाट पेश भएका प्रगतिहरू सङ्कलन (Compile) गरी FAO-TA को सहयोगमा PMU ले आवश्यकता अनुरुप FAO-CO/GCF तथा वन तथा वातावरण मन्त्रालयमा मासिक, त्रैमासिक/अर्ध बार्षिक र वार्षिक प्रगति प्रतिवेदन पठाउनु पर्नेछ ।

२.४.३ नेपाल सरकारको नियमित त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदनहरू तयार गर्दा राष्ट्रिय योजना आयोगको निर्देशित ढाँचा बमोजिम तयार गर्नु पर्नेछ ।

२.४.४ आयोजना दस्तावेजमा निर्देशित गरिए बमोजिम त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा GCF Budget note सहितको प्रगति प्रतिवेदन तयार गरी FAO-CO/GCF मा पठाउनु पर्नेछ ।

२.४.५ कार्यक्रम कार्यान्वयन निकायले सम्पादन गरेका हरेक कार्यक्रम तथा क्रियाकलापहरूको अनुसूची-७ अनुसारको पार्श्वचित्र (Activity Profile) आर्थिक वर्ष सकिएको १५ दिन भित्र तयार गरी PMU मा पठाउनु पर्नेछ ।

२.४.६ सबै कार्यक्रम कार्यान्वयन निकायबाट वार्षिक प्रगति प्राप्त भए पछि PMU ले प्रगतिहरूको सङ्कलन (Compile) गरी आवश्यकता अनुरूप प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्न सक्नेछ ।

२.४.७ आयोजनाको कार्यक्रम सञ्चालन एवं प्रतिवेदनहरु तयार गरी विभिन्न निकायहरुमा पेश गर्न PMU, PPMU तथा FAO-TA ले एक अर्कालाई सहयोग उपलब्ध गराउनु पर्नेछ । यसका लागि सेवा प्रदायक संस्था वा व्यक्तिको सेवा खरिद गर्नु परेमा PMU ले आवश्यकता अनुसार थप सेवा नियमानुसार खरिद गर्न सक्नेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
चुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन ईकाई
बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिच्छेद-३

## ३.१ आयोजना व्यवस्थापन इकाई अन्तरगतका कार्यक्रमहरु

### ३.१.१. दिगो वन तथा प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाका लागि मेशिन तथा सामग्री खरिद तथा वितरण (BN:47)

पृष्ठभूमी/परिचय

यस आयोजनाको कार्यक्षेत्र वागमती, मधेश र कोशी प्रदेशका ११ वटा जिल्लाका २६ वटा नदि प्रणालीहरुका संवेदनशील क्षेत्रहरु रहेका प्राकृतिक श्रोतको दिगो व्यवस्थापनद्धारा वन र कृषि सम्बेदनशील पारिस्थितिकीय प्रणाली पुनर्स्थापना गराई वन र कृषि उत्पादनमा बृद्धि गराउनका लागि आवश्यक मेशिन तथा सामग्री खरिद तथा वितरण गर्ने क्रियाकलाप प्रस्ताव गरिएको छ ।

उद्देश्य

- सम्बेदनशील वन पारिस्थितिकीय प्रणालीको जलवायु उत्थानशील प्राकृतिक श्रोतको दिगो व्यवस्थापन माध्यमद्धरा पुनर्स्थापना गराई दिगो वन ब्यवस्थापनका लागि आवश्यक मेशिन तथा सामग्रीहरु खरिद गरी डिभिजन वन कार्यालयहरु मार्फत वन उपभोक्ता समुहहरुलाई वितरण गर्ने ।
- प्राकृतिक श्रोत व्यवस्थापन पाठशालासमुहमा आवद्ध कृषकहरुलाई जलवायु उत्थानशिल कृषि प्रवर्धन सम्बन्धि सामाग्रीहरु खरिद गरी कृषकहरुलाई वितरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- डिभिजन वन कार्यालयहरु र वन उपभोक्ता समुहहरुबाट दिगो वन व्यवस्थापनसंग सम्बन्धित सामाग्रीहरुको माग संकलन गर्ने ।
- माग भै आएका सामाग्रीहरु खरिद गर्न लागत अनुमान तयार र स्वीकृत गरी सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद प्रक्रिया अगाडी बढाई नियमानुसार सेवा प्रदायक छनौट गरि सामग्री खरिद गर्ने
- खरिद गरिएका दिगो वन व्यवस्थापनसंग सम्बन्धित औजारहरु प्रदेश आयोजना व्यवस्थापन इकाई र डिभिजन वन कार्यालयहरुको समन्वयमा यस आयोजनाको वन व्यवस्थापनका कार्यहरु संचालनमा रहेका वन समुहहरुमा वितरण गरिने छ।
- खरिद गरिएको सामाग्री तथा उपकरणहरु सम्बन्धित डिभिजन वन कार्यालयहरु तथा प्रदेश स्थित कार्यक्रम संचालन गर्ने निकायहरु/ र कार्यालयहरुको समन्वय र रोहवरमा वन उपभोक्ता समूहहरु हस्तान्तरण गरिनेछ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- वितरण गरिने समुहको छनौट गर्दा संस्थागत क्षमता (नियमित बैठक, लेखा परिक्षण, भण्डारण कोठा, कार्यालय व्यवस्थापन आदि) र वन व्यवस्थापनका क्रियाकलापहरु संचालन गरी रहेका समुहहरुलाई प्राथमिकता दिईनेछ
- प्राकृतिक श्रोत कृषक पाठशालाको हकमा पाठशाला संचालन भएका कृषक समुहहरुलाई जलवायु उत्थानशील प्राकृतिक श्रोतको दिगो व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरुको सम्बन्धित विज्ञहरुले पहिचान गरी खरिद गर्नका लागि माग संकलन गर्ने ।
- माग बमोजिमका सामाग्रीहरु खरिद गर्न लागत अनुमान तयार र स्वीकृत गरी सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद प्रक्रिया अगाडी बढाई नियमानुसार सेवा प्रदायक छनौट गरि सामग्री खरिद गर्ने ।
- माग बमोजिमका सामाग्रीहरु प्रथम त्रैमासिक सम्म माग संकलन गरी दोस्रो त्रैमासिक सम्म खरिद कार्य सम्पन्न गरि माघ महिनासम्ममा प्राकृतिक श्रोत कृषक पाठशालामा आबद्ध कृषि समुहमा वितरण गरिनेछ ।
- प्राकृतिक श्रोत कृषक पाठशालाका लागि मुख्य रुपमा समुदाय विउ बैकका लागि आवस्यक प्लाष्टिकका डव्वाहरु, सिडबिन, रयाक आदि, झोलमल तयार तथा प्रयोग गर्न आवस्यक प्लाष्टिक ड्रम, प्रभावकारी सुक्ष्मजिव, स्प्रेयर आदि खरिद गरि पाठशाला मार्फत वितरण गर्ने । .

अपेक्षित उपलब्धी

- वन व्यवस्थापनका उपकरणहरु खरिद भई ति उपकरणहरु फिल्ड स्तरमा उपलब्ध हुँदा सम्बेदनशील वन पारिस्थितिकीय प्रणालीको जलवायु उत्थानशील प्राकृतिक श्रोतको दिगो व्यवस्थापन माध्यमद्धरा पुनर्स्थापना गराई भै वनको उत्पादकत्वमा बृद्धि भएको हुने छ ।
- आवश्यक मेशिन तथा सामग्री खरिद तथा वितरणद्वारा कृषि पारिस्थितिकीय प्रणालीहरुमा सुधार भै कृषि उत्पादनमा बृद्धि हुनेछ ।

जनशक्ति व्यवस्थापन

- आयोजना व्यवस्थापन इकाई (PMU), काठमाण्डु, प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMUs) र FAO-TA अन्तर्गत कार्यरत कर्मचारीहरु साथै वितरणको क्रममा प्रदेश स्थित निकाय तथा डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु र वन उपभोक्ता समूहहरुका समितिहरु र उपभोक्ताहरु, प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला समुहहरु ।

अनुगमन योजना

- वितरण गरिएका सामाग्रीहरुको प्रयोगको बारेमा आयोजना कर्मचारी तथा डिभिजन/ सब डिभिजन वन कार्यालयहरुबाट समय समयमा अनुगमन गरिनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

- यसै गरि प्रदेश स्तरीय समन्वय समितिबाट समेत समय समयमा अनुगमन गरिनेछ ।

जिम्मेवार निकाय

- PMU, PPMU, PCCs, DFOs, वन उपभोक्ता समुहहरु र प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला समुहहरु

## ३.१.२. वन विज्ञानमा स्नातक तह अध्ययनरत विद्यार्थीहरुलाई Intern Support कार्यक्रम

**पृष्ठभूमी/परिचय**

जलवायु उत्थानशील प्राकृतिक श्रोतको दिगो व्यवस्थापन (CR-SNRM) कार्यक्रमहरुको यस आयोजनाको प्रमुख कार्यक्रमको रुपमा रहेको छ । प्राकृतिक स्रोत खासगरी वन श्रोतको जलवायु उत्थानशील दिगो व्यवस्थापनमा विशेष जोड दिईएको छ । अतः यस आयोजनामा वन विज्ञानमा स्नातक तह अध्ययनरत विद्यार्थीहरुलाई स्थलगत अभ्यासका गरी ज्ञान र सीप अभिबृद्धिका लागि Intern Support को कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

यस आयोजना अन्तर्गत संचालित कार्यक्रमहरुमा विद्यार्थीहरुलाई स्थलगत अभ्यासको अवसर मार्फत व्यवहारीक ज्ञान र सीप अभिबृद्धि गराउने ।

**कार्यान्वयन कार्यविधि**

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र काठमाण्डौको वन विज्ञान विधार्थीहरुका लागि ईन्टर्नशीपको ब्यवस्थापन गर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि निर्देशिका २०७६ अनुसार सिफारिस भई आएका विधार्थीहरुलाई ईन्टर्नशीपको रुपमा यस आयोजनामा समावेश गराईनेछ ।
- सिफारिस भई आएका विधार्थीहरुलाई ईन्टर्नशीपको रुपमा आयोजनाको कार्यक्षेत्रमा खटाई नियमित रुपमा सम्बन्धित वन तथा भुसंरक्षण अधिकृतको प्रत्यक्ष सुपारभिजनमा कामकाजमा समावेश गराईनेछ । तहावाट हाजिर प्रमाणित भएपछी शिफारिसको आधारमा ईन्टर्नशीपको रुपमा खटिएका विधार्थीहरुलाई कार्यविधि निर्देशिका २०७६ अनुसार PMU वाट भुक्तानी दिईनेछ ।
-

**अपेक्षित उपलब्धी**

यस आयोजना अन्तर्गत संचालित कार्यक्रमहरुमा विद्यार्थीहरुलाई स्थलगत अभ्यास गरी ब्यवहारीक ज्ञान र सीप अभिबृद्धि भएको हुनेछ।

जनशक्ति व्यवस्थापन

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र काठमाण्डौको सिफारिस भई आएका विधार्थीहरुलाई स्थलगत अभ्यास गरी ब्यवहारीक ज्ञान र सीप अभिबृद्धिका लागि आयोजना अन्तर्गत प्रदेश आयोजना व्यवस्थापन इकाईमा कार्यरत वन तथा भुसंरक्षण अधिकृतको प्रत्यक्ष सुपरभिजन गरिनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना व्यवस्थापन इकाई

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुगमन

- आयोजनामा ईन्टर्नशीपको रुपमा खटिएका विधार्थीहरुकालाई आयोजना आयोजना व्यवस्थापन इकाई (PMU), काठमाण्डौ, प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMUs) र FAO-TA कर्मचारीहरुबाट समय समयमा अनुगमन गरिनेछ ।

जिम्मेवार निकाय

- PMU, PPMU, FAO-TA

## ३.१.३ ANR क्रियाकलापबाट प्राकृतिक पुनरुत्पादन अवस्थाको अध्ययन सहयोग कार्यक्रम

पृष्ठभूमि / परिचय

आयोजनाले बिगत आ. व. हरु देखि कार्यक्षेत्रमा Forest Landscape Restoration अन्तर्गतका बिबिध क्रियाकलापहरू मध्ये प्राकृतिक पुनरुत्पादन सहयोग (ANR) कार्यलाइ प्राथमिकताका साथ संचालन गर्दै आएको छ । उक्त क्रियाकलापहरू कार्यान्वयन गर्दा समुदाय र वन पारिस्थितिकिय प्रणालीमा परेका असर तथा प्रभावहरुलाइ अध्ययन गरि प्राप्त अनुभव, सिकाइ र प्रभावलाइ दस्ताबेजिकरण गर्ने र सो को विश्लेषण गरि आगामी कार्यक्रमहरुलाइ थप प्रभावकारी कार्यान्वयन गर्न यो अध्ययन प्रस्ताव गरिएको छ ।

उद्देश्यहरू

- ANR क्रियाकलापहरू बाट समुदाय र वन पारिस्थितिकिय प्रणालीमा परेका असर तथा प्रभावहरुलाइ अध्ययन गरी दस्ताबेजिकरण गर्ने ।
- प्राकृतिक पुनरुत्पादनको सन्दर्भमा आयोजनाको असल अभ्यास र सिकाइलाई प्रचार प्रसार गरि थप प्रभावकारी कार्यन्वयन गर्ने।

कार्यान्वयन कार्यविधि

- हालसम्म ANR क्रियाकलापहरू संचालन भएका वन उपभोक्ता समुहहरुको सुची तयार गर्ने ।
- अध्ययनका लागि अबधारणा र कार्य सुची सहितको बिस्तृत अध्ययन ढांचा/ तयार गर्ने ।
- अध्ययन कार्य आयोजनाका कर्मचारीहरु र FAO-TA का विज्ञहरु सम्मिलत एउटा अध्ययन टोली गठन गरि परिचालन गरिने छ । आवश्यक परेको अवस्थामा यो कार्य संचालन गर्न सेवा प्रदायक व्यक्ति, संस्थाको समेत सेवा लिन सकिनेछ।
- हालसम्म ANR संचालित वनहरु मध्येबाट प्रत्येक प्रदेश आयोजना ब्यवस्थापन ईकाइको कार्यक्षेत्र प्रतिनिधित्व हुने गरी नमुनाको रुपमा वन समुहहरु छनौट गरी तथ्याङ्क संकलन गरिनेछ ।
- स्वीकृत कार्य सुची र सम्झौता/ कार्यादेश बमोजिम PPMU, डिभिजन वन कार्यालय तथा सम्बन्धित उपभोक्ता समूहहरुको समन्वय र सहकार्यमा तोकिएको समयभित्र अध्ययन सम्पन्न गरि सो को

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुरै उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

draft प्रतिबेदन PMU मा प्रस्तुति गरि प्राप्त सल्लाह सुझाबहरुलाइ समाबेश गरि अन्तिम प्रतिबेदन पेश गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धीहरू**

- ANR क्रियाकलापहरूबाट सनुदाय र वन पारिस्थितिकिय प्रणालीमा परेका असर तथा प्रभावहरु दस्ताबेजिकरण भएको हुनेछ ।
- ANR क्रियाकलापहरूका असल अभ्यास र सिकाइहरुको प्रचार प्रसार सामग्री तयार हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- PMU, FAO-TA र सेवा प्रदायक संस्था वा व्यक्ति

**अनुगमन योजना**

- आयोजना व्यवस्थापन इकाई (PMU), प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU)/ FAO-TA ले अध्ययन प्रक्रिया तथा गुणस्तरको अनुगमन गरिने।

**जिम्मेवार निकाय**

- अध्ययन व्यवस्थापनको जिम्मेवारी PMU को हुने छ ।

## ३.१.४ वन तथा वातावरण मन्त्रालयको GEDSI रणनीति कार्यान्वयनमा सहयोग/तालिम/गोष्ठि

**पृष्ठभूमि/परिचय**

BRCRN आफ्ना सबै क्रियाकलापहरूमा Cross-cutting विषयको रुपमा रहेको साझा GESI मूलप्रवाहीकरण (Mainstreaming) गर्दै आइरहेको सन्दर्भमा आयोजनाले लैङ्गिक कार्ययोजना (Gender Action Plan—GAP), आदिवासी जनजाति योजना (Indigenous Peoples Plan—IPP), वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (Environmental and Social Management Plan—ESMP) र सामाजिक समावेशीकरण व्यवस्थापन योजना (Social Inclusion Management Plan—SIMP) कार्यान्वयन गर्नुका साथै कृषि, वन तथा पर्यावरण मन्त्रालय (MoAFE) का रणनीति कार्यान्वयनमा समेत योगदान पुऱ्याउँदै आएको छ। MoAFE ले २०८२ चैत ३० गते (१३ मार्च २०२६) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) रणनीति, २०८२—२०९१ को औपचारिक शुभारम्भ गर्दै विभिन्न विभागका प्रतिनिधिहरू, लैङ्गिक सम्पर्क व्यक्तिहरू (Gender Focal Persons) तथा प्रमुख सरोकारवालाहरूका लागि रणनीतिमुखी अभिमुखीकरण कार्यक्रम आयोजना गरी प्रभावकारी कार्यान्वयनको आफ्नो मा समायोजन गरेको छ योजना गरेको छ। यसै सिलसिलामा, BRCRN ले पनि मन्त्रालयको GEDSI रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि आफ्नो कार्ययोजनामा समायोजन गरी आयोजना अन्तर्गतका ईकाई तथा प्रदेश अन्तर्गतका GESI focal Point लगायत अन्य कर्मचारीहरुलाई अभिमुखीकरण गर्दै संचालन हुने तथा क्रियाकलापहरुमा लैंगिक

राष्ट्रिय आयोजना निर्देशक

समानता र सामाजिक समावेशीतालाइ मुलाप्रबाहिकरण गरी जलबायुजन्य बिपतबाट प्रभावित क्षेत्रका समुदायमा जनचेतना अभिवृद्धि गर्नुका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

## उद्देश्य

- MoAFE को GEDSI रणनीतिको अभिमुखीकरण र चुरे क्षेत्रमा जलवायु उत्थानशीलताका लागि GEDSI सम्बन्धी मुद्दाहरूमा साझा बुझाइ विकास गर्न

- चुरे क्षेत्रमा जलवायु उत्थानशीलताका लागि GEDSI सम्बन्धी मुद्दाहरू पहिचान गरी त्यसको समाधानका लागि साझा दृष्टिकोण निर्माण गर्ने।

- चुरे क्षेत्रमा जलवायु उत्थानशीलताका लागि पहिचान गरिएको GEDSI सम्बन्धी मुद्दाको समाधान गर्ने GEDS रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने

- संघ, प्रदेश तथा स्थानीय सरकारी निकाय, समुदाय, र सरोकारवाला संस्थाबीच GEDSI रणनीतिको प्रभावकारी कार्यान्वयन को संरचना निर्माण गर्ने

## कार्यान्वयन कार्यविधि

- FMU द्वारा GEDSI रणनीतिको अभिमुखीकरण कार्यक्रमको कन्सेप्ट नोट, कार्ययोजना तयार गर्ने र आवश्यक स्रोत विनियोजन गर्ने।
- संघीय मन्त्रालयहरू सँग समन्वय गरी सहभागिता, सहजीकरण, विषयवस्तु, आ—आफ्नो भूमिका र जिम्मेवारीबारे छलफल गर्ने।
- सहभागी निकायहरू- संघीय तथा प्रदेश मन्त्रालयहरू, निर्देशनालय, डिभिजन वन कार्यालय, भू संरक्षण कार्यालय, FECOFUN, HIMAWANTI, DANAR, आदिवासी जनजाति संस्थाहरू- NEFIN, NIWF र सरोकारवालाहरू लगायत लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई आमन्त्रण गर्ने।
- GEDSI रणनीतिको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी प्राथमिकता, र कार्ययोजना तयार गरी आगामी दिशा तय तथा प्रतिबद्धता गर्ने ।
- आयोजनाको कार्यक्षेत्र अन्तर्गत वन समुहहरुमा वन तथा वातावरण मन्त्रालयको GEDSI रणनीति सम्बन्धी तालिमका लागि विषयसुची तयार गर्ने र तालिम सहभागिको पहिचान गर्ने ।
- यो क्रियाकलाप संचालन गरिने बिस्तृत ढांचा/ अबधारणापत्र बमोजिम ल. इ. तयारी र स्वीकृत गर्ने
- स्वीकृत कार्यक्रम अनुसार यो क्रियाकलापलाई प्याकेजकै रुपमा संचालन गरिने हुदा पांच वटा सम्म अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ
- नदी प्रणाली अन्तर्गतका प्राकृतिक श्रोत व्यबस्थापन पाठशालाका सहभागीहरु/ निजि वन समुहहरु र स्थानीय सरोकारवालाहरुलाइ सहभागी गराई कार्यक्रम संचालन गरिनेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

## अपेक्षित उपलब्धी

-MoAFE को GEDSI रणनीतिको साझा बुझाइको विकास हुने ।

- GEDSI रणनीतिको प्रभावकारी कार्यान्वयन चुनौती र समाधानको उपाय छलफल भई कार्यान्वयनको खाका निर्माण र सामूहिक प्रतिबद्धताको भएको हुनेछ ।

- चुरे क्षेत्रमा जलवायु उत्थानशीलताका लागि GEDSI सम्वन्धी मुद्दाहरू पहिचान GEDSI रणनीतिको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## जनशक्ति व्यवस्थापन

- PMU, PPMU, तथा FAO-TA र आबश्यकता अनुसारको बाह्य श्रोत व्यक्ति

## अनुगमन योजना

- तालिम अवधिभर दैनिक उपस्थिति र सहभागिता ट्र्याक गरिने।
- PMU, PPMU, तथा FAO-TA ले अनुगमन गर्नेछ ।

## जिम्मेवार निकाय

- तालिम संचालन र व्यवस्थापनको जिम्मेवारी PMU को हुनेछ ।

## ३. १. ५. PMU/PPMU का कर्मचारीलाई SNRM सिकाई सम्बन्धी अन्तराष्ट्रिय अवलोकन/तालिम गोष्ठी

## पृष्ठभूमी/परिचय

जलवायु उत्थानशील प्राकृतिक श्रोतको दिगो व्यवस्थापन (CR-SNRM) कार्यक्रम यस आयोजनाको एउटा महत्वपूर्ण कार्यक्रमको रुपमा कार्यान्वयन भै रहेको छ । यस आयोजनामा कार्यरत कर्मचारीहरुको ज्ञान र क्षमता अभिवृद्धिका साथ गुणस्तरीय सेवा प्रदान गर्नमा थप उत्साह र उत्प्रेरणा बढाउने उद्देश्यले समान उद्धेश्य भै कार्यक्रम संचालन गरिरहेका नेपाल बाहिरका देश अन्तर्गतका आयोजनाहरुमा स्थलगत अवलोकन एंव छलफल गरी ज्ञान, सीप र अनुभवको आदान प्रदान गर्नका लागि यो अन्तरास्ट्रिय अवलोकन भ्रमण कार्यक्रम प्रस्ताव गरिएको छ ।

## उद्देश्य

- जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) कार्यहरुको प्रभावकारी कार्यान्वयन अभ्यासहरुमा सिकाइ तथा अनुभव आदान प्रदान गर्ने ।
- आयोजनाहरुमा संचालन भै रहेको जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) सम्बन्धि पद्दतिहरुका बारेमा आयोजनाका कर्मचारीहरुले जानकार भै आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने।

राष्ट्रिय आयोजना निर्देशक

कार्यान्वयन कार्यविधि

- आयोजनाको लक्ष्य बमोजिम CR-SNRM मा उल्लेखनीय कार्यहरु भैरहेका नेपाल वाहिरका अन्य आयोजनाहरुको पहिचान गर्ने ।
- उपयुक्त लागत अनुमान तयार गरि स्वीकृत गर्ने ।
- नेपाल सरकारवाट सहमति लिनका लागि प्रक्रिया अगाडी बढाउने ।
- स्वीकृत लागत अनुमान सहित सहभागी हुने कर्मचारीहरुको नामावली सहित अनुमोदन गर्ने तथा भ्रमण कार्यक्रम संचालनका आवश्यक प्रक्रिया अघि बढाउने ।
- यो कार्यक्रम संचालनका लागि आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाबाट सेवा खरिद पनि गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) कार्यहरुको प्रभावकारी कार्यान्वयन अभ्यासहरुमा सिकाइ तथा अनुभव आदान प्रदान हुनेछ ।
- आयोजनामा कार्यरत कर्मचारीहरुले समान उद्धेश्य रहेका आयोजनाहरुमा स्थलगत अवलोकनद्धरा ज्ञान र सीप अभिबृद्धि भई उत्प्रेरणा बृद्दी भएको हुने ।
- जनशक्ति व्यवस्थापन
- PMU, PPMUs र विज्ञहरु

अनुगमन

- आयोजना व्यवस्थापन इकाई (PMU), प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU)/ FAO-TA ले कार्यक्रमको अनुगमन गर्ने छन्।

जिम्मेवार निकाय

- PMU

## ३.१.६. कर्मचारीहरुको लागि दक्षता अभिवृद्धि तालिम

पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाको समग्र कार्यक्रम व्यवस्थापनको लागि केन्द्रीय स्तरमा आयोजना व्यवस्थापन इकाई रहेको छ । सो इकाईमा नेपाल सरकारका प्रथम श्रेणीका अधिकारी सहसचिवको नेतृत्वमा विभिन्न तहका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु, कार्यालय सञ्चालनका लागि आवश्यक करारका सहायक एवं सहयोगी स्तरका कर्मचारीहरु र परामर्शदाताबाट खटिएका विज्ञहरु कार्यरत रहेका छन् । यसप्रकार आयोजनामा कार्यरत सरकारी कर्मचारीहरुको ज्ञान र सीप अभिवृद्धिका साथै गुणस्तरीय सेवा प्रदान गर्नमा थप उत्साह बढाउने र उत्प्रेरणा जगाउने उद्देश्यले कार्य क्षेत्रमा आ आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह

राष्ट्रिय आयोजना निर्देशक

गर्नका लागि आवश्यक ज्ञान र सीप र जीवनोपयोगी कौशलहरु प्रदान गर्न चरणवद्ध तालिम संचालन गरिने प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- आयोजना व्यविथापन इकाईना कार्यरत कर्मचारीहरुको विद्यमान ज्ञान सीप तथा अनुभव अभिवृद्धि गर्न Driving skill लगायतका सिपमुलक तालिम संचालन गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- आवश्यकता लेखाजोखा अनुसार ज्ञान र सीपयूक्त तालिमको कार्यक्रम निर्धारण गर्ने र सो को लागत अनुमान तयार गरि स्वीकृत गर्ने ।
- स्वीकृत लागत अनुमान सहित सहभागी हुने कर्मचारीहरुको नामावली सहित अनुमोदन गर्ने तथा तालिम कार्यक्रम संचालनका आवश्यक प्रक्रिया अघि बढाउने ।
- यो कार्यक्रम संचालनका लागि आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाबाट सेवा खरिद पनि गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी**

- आयोजनाको लक्ष्य हाँसिल गर्न आवश्यक कार्यहरुको प्रभावकारी कार्यान्वयन अभ्यासहरुमा थप ज्ञान सीप र अनुभव प्राप्त हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- PMU का कर्मचारीहरु

**अनुगमन योजना**

- आयोजना व्यवस्थापन इकाई (PMU)

**जिम्मेवार निकाय**

- PMU

## ३.१.७. सरोकारवालाहरुसंगको संयुक्त अनुगमन र प्रतिवेदन

**पृष्ठभूमी/परिचय**

आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको अवस्था र प्रभावकारिता सम्बन्धमा स्थानीय लाभग्राही समुदायहरुसँग फिल्डमा अन्तरक्रिया गरि कार्यक्रमको लागत, समय, प्रक्रिया, उपलब्धी र प्रभावका वारेमा जानकारी प्राप्त गर्नका लागि आयोजनासंग सरोकार राख्ने सरोकारवाला(सरकारी तथा गैर सरकारी) निकायहरु का प्रतिनिधिहरु संलग्न गरि कार्यक्रमको बारेमा जानकारी दिने उद्देश्य राखी संयुक्त अनुगमनको कार्यक्रम संचालन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

राष्ट्रिय आयोजना निर्देशक

**उद्देश्य**

- सरोकारवाला निकायहरु (सरकारी तथा गैर सरकारी) का प्रतिनिधिहरु संलग्न गरि संयुक्त अनुगमनको कार्यक्रम संचालन गर्ने

**कार्यान्वयन कार्यविधि**

- PMU ले सरोकारवाला निकायहरु पहिचान गरि प्रतिनिधि सहभागीको लागि पत्राचार गर्ने ।
- लागत अनुमान तयार र स्वीकृत गर्ने ।
- PPMUs र FAO-TA को समन्वयमा संयुक्त अनुगमन कार्यक्रम संचालन गर्ने ।
- Output indicator केन्दित अनुगमनको प्रतिवेदन तयार गर्ने ।

**अपेक्षित उपलब्धी**

- संयुक्त अनुगमनले गर्दा आयोजनाको कार्यक्रमको बारेमा सरोकारवाला निकायहरुलाई राम्ररि जानकारी हुने
- सहभागीहरुबाट पृष्ठपोषण प्राप्त भई आयोजनाको आगामी कार्यक्रम को सम्पादनस्तरमा सुधार गर्ने अवसर प्राप्त हुने ।

**जनशक्ति व्यवस्थापन**

- PMU, PPMUs, FAO-TA का कर्मचारीहरु

**जिम्मेवार निकाय**

- PMU

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

## ३.१.८. वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन

**पृष्ठभूमी/परिचय**

आयोजनले गत आ.व. हरुमा प्रस्तावित र सम्पन्न गरेका क्रियाकलापहरु र तिनको अवस्था र खर्च भएको वजेट अथवा आर्थिक तथा प्राबिधिक प्रभावकारिता सहित लाभान्वित जनसंख्याहरुका बारेमा जानकारी समावेश गरि एउटा वार्षिक प्रगति प्रतिवेदन पुस्तिका/क्रियाकलाप पार्श्वचित्र तयारि तथा प्रकाशन गरि वितरण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

**उद्देश्य**

- वार्षिक प्रगति प्रतिवेदन पुस्तिका/क्रियाकलाप पार्श्वचित्र तयारि तथा प्रकाशन गरि वितरण गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- PMU ले PPMUs बाट गत आ.व.हरुका प्रगतिका विवरणहरु संकलन गर्ने ।
- लागत अनुमान तयार र स्वीकृत गर्ने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

- PPMUs र FAO-TA को समन्वयमा संकलित विवरणहरुको अध्ययन गरि अन्तिम रुप दिने ।
- अन्तिम रुप दिएको दस्तावेजलाई प्रकाशन गर्ने । प्रकाशन गर्ने कार्यका लागि सेवा प्रदायक संस्थाबाट सेवा खरिद गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी**

- वार्षिक प्रगति पुस्तिका/क्रियाकलाप पार्श्वचित्र तयारि तथा तयार भई प्रकाशन हुने र आयोजनाका क्रियाकलापहरु र बजेट अनि खर्चका बारेमा पारदर्शी रुपमा जानकारी उपलब्ध हुने ।

**जनशक्ति व्यवस्थापन**

- PMU, PPMUs, FAO-TA का कर्मचारीहरु

**जिम्मेवार निकाय**

- PMU

## ३.१.९. असल अभ्यास/सफलताका कथाहरु लगायत आयोजनाका उपलब्धीहरु समेटिएको दस्तावेज प्रकाशन

**पृष्ठभूमी/परिचय**

आयोजनाले शुरुका वर्ष देखिनै आयोजना लागु हुने क्षेत्रहरुमा पारिस्थितिकीय प्रणालीहरु साथै समुदायलाई जलवायु परिवर्तनसंग अनुकुल बनाउंदै तिनको उत्थान्शिलता बढाउने खालका विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्दै आइरहेको छ । ति कार्यक्रमहरुले स्थानीय समुदायको जलवायु परिवर्तनवाट हुने असरहरुसंग लड्ने क्षमता बढाउनमा धेरै मद्दत पुगेको देखिन्छ । त्यस्ता प्रभावकारी क्रियाकलापहरु र तिनले स्थानीय समुदाय र वातावारणमा पारेको सकारात्मक असरहरुका बारेमा अन्य समुदाय वा वन तथा वातावरण क्षेत्रमा काम गर्ने व्यक्ति र संस्थाहरुलाई पनि जानकारी उपलब्ध भएमा अझ बढी क्षेत्रमा त्यस क्रियाकलापको प्रभाव बढ्ने हुँदा त्यस्ता सफल, असल अनि प्रभावकारी क्रियाकलापहरुको बारेमा जानकारीहरु र स्थानिय अगुवा र विज्ञहरुको भनाइ समावेश गरि एउटा दस्तावेज प्रकाशन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

**उद्देश्य**

- आयोजनाले कार्यान्वयनमा लागेका असल अभ्यासहरु र तिनको प्रभावहरुका बारेमा जानकारी संकलन र दस्तावेजीकरण गरि प्रकाशन गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- यो कार्यको लागि PMU, PPMUs, FAO-TA का कर्मचारीहरु सम्मिलित एउटा टोलि गठन गरिने छ ।

राष्ट्रिय आयोजना निर्देशक

- आयोजनाले कार्यान्वयनमा लगेका असल अभ्यासहरु र तिनको प्रभावहरुका बारेमा जानकारी तथा लेख तयार गरि उपलब्ध गराउन PPMUs, प्रदेश वन मन्त्रालयहरु, DFOs तथा अन्य सरोकारवाला निकायहरुलाई पत्राचार गर्ने ।
- समुदायहरुसंग अन्तरक्रिया गर्न र स्थानको अवलोकन गर्न कार्यक्रम कार्यन्वयन गरेको स्थानको भ्रमण गर्ने ।
- संकलित विवरणहरुलाई राम्ररी अध्ययन गरि अन्तिम रुप दिई प्रकाशन गरि वितरण गरिने छ ।
- प्रकाशनको लागि सेवा खरिद गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी**

- असल अभ्यास तथा सफलताका कथाहरु लगायत आयोजना उपलब्धिहरु समेत समावेश दस्तावेज तयार भै प्रकाशन भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- PMU, PPMUs, FAO-TA का कर्मचारीहरु

**जिम्मेवार निकाय**

- PMU

## ३.१.१० जलबायु उत्थानशील ज्ञान/असल अभ्यास/स्थानीय सिकाई आदान प्रदानको लागि प्रदेशस्तरमा गोष्ठी

### पृष्ठभूमि / परिचय

चुरे उत्थानशील आयोजनाले विगत देखि मध्य तथा पूर्वी नेपालको चुरे क्षेत्रका २६ वटा नदी प्रणालीहरुमा विभिन्न संरक्षणमूलक क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । यसै क्रममा आयोजना व्यवस्थापन इकाई अन्तर्गत कार्यान्वयन हुने गरि आयोजना क्षेत्रमा सञ्चालित असल अभ्यास तथा सफलताका कथाहरुको अभिलेखिकरण (Best Practice Documentation) गर्ने कार्यक्रम रहेको छ । यसका माध्यमबाट आयोजना क्षेत्रमा कार्यान्वयन भएका कार्यक्रमहरुको नतिजामा सुधार ल्याउन प्रोत्साहित गर्ने, आयोजना क्षेत्रमा भएका असल र नतिजामूलक कार्यहरुको प्रचार गरी सिकाईको अवसर श्रृजना गर्ने एवं आगामी दिनमा बजेट कार्यक्रम तर्जुमा र कार्यान्वयनमा पृष्ठपोषण प्राप्त गर्ने उद्देश्य रहेको छ ।

चुरे उत्थानशीलता सम्बन्धी असल अभ्यासहरुको संकलन र प्रमाणीकरणका लागि आयोजना अन्तर्गत प्रदेश स्तरमा सरोकारवालाहरुको गोष्ठी आयोजना गर्ने कार्यक्रम राखिएको छ । यसबाट समग्र उपलब्धीहरु उपर छलफल तथा अभिलेखिकरण भई ज्ञान विस्तारमा समेत महत्वपूर्ण योगदान पुर्याउने छ ।

प्रदेश स्तरमा गोष्ठी आयोजना गर्न प्रदेश आयोजना व्यवस्थापन इकाई र डिभिजन वन कार्यालयहरुको सहभागिता रहनेछ । यसका लागि प्रत्यक प्रदेश स्तरमा २ दिने गोष्ठी आयोजना गरिनेछ । यस

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

कार्यक्रमले सरोकारवाला निकायहरूबीच समन्वय, अनुभव आदानप्रदान र क्षनता अभिवृद्धिमा सहयोग पुऱ्याउनेछ ।

## उद्देश्यहरू

- आयोजनाका सरोकारवालाहरूलाई आयोजनाको सफलतामा यसका उपलब्धी तथा सिकाईहरुको ज्ञान, अनुभव र प्रविधिको आदानप्रदान गर्न सक्षम बनाउनु ।
- आयोजनाका सरोकारवालाहरुमा यस अन्तर्गत भएका असल अभ्यास र सफलताका कथाहरुको संगालो तयारी पार्ने सीप अभिवृद्धि गर्नु ।

## कार्यान्वयन कार्यविधि

- प्रदेश स्थित सरोकारवालाहरुको समन्वयमा सहभागीहरूको पहिचान गर्ने ।
- गोष्ठीको लागि आवश्यक सामग्री तथा श्रोत व्यक्तिहरु PMU ,PPMUs र FAO-TA का विज्ञहरुबाट व्यवस्थापन गरिने छ ।
- अन्य श्रोत व्यक्तिहरु आवश्यक परेमा प्रचलित नियम बमोजिम सेवा खरिद गरिने छ ।
- तालिम संचालनको लागि स्थान छनौट प्रचलित नियम बमोजिम गरिने छ ।
- आवश्यकता हेरी PPMUs र अन्य सरोकारवालाहरुको सहयोग लिईने छ ।

## अपेक्षित उपलब्धीहरू

- प्रदेश स्तरका सरोकारवालाहरुको असल अभ्यास अभिलेखिकरण क्षनता अभिवृद्दी भएको हुनेछ ।
- असल अभ्यास तथा सफलताका कथाहरुको संगालो तयारी र प्रकाशनका लागि आधार तयार भएको हुनेछ ।

## जनशक्ति व्यवस्थापन

- गोष्ठी संचालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन PMU ,PPMUs र FAO-TA का विज्ञहरुबाट सरोकारवाला संस्थाहरुसंगको समन्वयमा गरिने छ ।

## अनुगमन

- आयोजना व्यवस्थापन इकाई )PMU), र FAO-TA ले गोष्ठीको अनुगमन गर्ने छन् ।
- गोष्ठीको अवधिमा राष्ट्रिय आयोजना निर्देशक तथा अन्य सिनियर अधिकारीहरुको टोलीले अनुगमन गर्न सक्नेछन् ।

## जिम्मेवार निकाय

- PMU

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा वातावरण मन्त्रालय उत्थानशील आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

## ३.१.११. जलवायु उत्थानशील/स्थानीय तथा आदिवासी ज्ञान तथा अभ्यासहरुको संगालो प्रकाशन

पृष्ठभूमी/परिचय

यस आयोजनाको कार्य क्षेत्रमा बसोबास गर्दै आइरहेको समुदायहरुमा जलवायु उत्थानशील दीगो प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धि स्थानियस्तरमा पराम्परागत एंव रैथाने ज्ञान र सीप अभ्यासात्मक रुपमा मौज्दात रहेका छन । यी स्थानिय पराम्परागत एंव रैथाने ज्ञान र सीपको अवलम्बन गरी प्राकृतिक स्रोतहरुको व्यवस्थापन कार्य भैरहेको छ। आयोजनाले अध्ययन गरी संकलन गरिएको स्थानिय पराम्परागत एंव रैथाने ज्ञान र सीपहरुको अभिलेखिकरण र प्रकाशन गरिनेछ ।

उद्देश्य

- स्थानिय पराम्परागत एंव रैथाने ज्ञान र सीपको अभिलेखिकरण र प्रकाशन गर्ने ।
- स्थानिय पराम्परागत एंव रैथाने ज्ञान र सीपको स्थानियस्तरमा प्रचार प्रसार गरी जलवायु उत्थानशील क्षमता अभिबृद्धी गरी जलवायु परिवर्तन जोखिम न्युनिकरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- गत आ.व. को अध्ययनवाट दस्तावेजीकरण गरिएको अभ्यासहरुको पुस्तिकालाई प्रकाशन गर्ने ।

अपेक्षित उपलब्धी

- स्थानिय पराम्परागत एंव रैथाने ज्ञान र सीपको अभिलेखिकरण र प्रकाशन भई प्रचार प्रसार समेत भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- PMU ,PPMUs र FAO-TA

अनुगमन

- NPD, NPM and PPMU

जिम्मेवार निकाय

- PMU

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
चुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

## ३.१.१२ चुरे सम्बाद गोष्ठी

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको संरक्षणमा हालसम्म भएका कार्यहरुको प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने हेतु नेपाल सरकारले मनाउदै आएको चुरे संरक्षण दिवसको अवसरमा राष्ट्रिय स्तरमा विभिन्न सरोकारवालाहरुको सहभागितामा चुरे सम्वाद गोष्ठीको आयोजना गर्ने कार्यक्रम प्रस्ताव गरिएको रहेको छ । यसका लागि बिभिन्न सरोकारवालाहरुसंगको

राष्ट्रिय आयोजना निर्देशक

सहभागितामा नेपाल सरकार, दातृ निकाय र अनुसन्धानमूलक संस्थाहरुले नीतिगत एवं अनुसन्धानमुखी कार्यपत्रहरु पेश गर्ने र छलफल पश्चात प्रकाशन कार्य हुनेछ ।

## उद्देश्य

- राष्ट्रिय स्तरमा नीति निर्माता, पेशागत विज्ञ, प्राज्ञिक अनुसन्धानकर्ताहरु र समुदायिक अभियन्ताहरु लगायतका सरोकारकोवालाहरुलाइ चुरे क्षेत्रमा भइरहेका संरक्षणमूलक कार्यहरु र अनुसन्धानका निश्कर्षहरु आदान प्रदान गरि आगामी दिनका लागि नितिगत मार्गदर्शन तय गर्ने ।

## कार्यान्वयन कार्यविधि

- चुरे संरक्षणको क्षेत्रमा कार्यरत सरोकारवाला, निति निर्माता, विज्ञ तथा स्थानीय/ सामुदायिक अभियन्ताहरुको प्रतिनिधित्व पहिचान गर्ने ।
- FAO-TA का तर्फबाट सम्बन्धित बिज्ञको सहयोगमा गोष्ठी संचालनका लागि आवश्यक लागत इष्टिमेट तयार गरि छलफलका बिषयबस्तु सहित तयारी गरी सम्बाद तथा कार्यशाला गोष्ठीको आयोजना गर्ने ।
- आवश्यकतानुसार विज्ञ वा सेवा प्रदायक संस्थाहरुबाट प्रचलित कानून बमोजिम विज्ञ लगात सेवा खरिद गरि गोष्ठिमा परिचालन गर्न सकिने ।

## अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा रहेका संरक्षणका प्रयासहरु बारे प्रचारप्रसार गर्नुका साथै निति निर्माता, विज्ञ र समुदायमा आधारित समूह लगायतका संस्थाहरुले आगामी मार्गदर्शन तय भएको हुने ।

## जनशक्ति व्यवस्थापन

- आयोजनामा कार्यरत FAO-TA र विषयगत विज्ञहरु र स्थानीय श्रोतव्यक्तिहरुले कार्यक्रमको आवश्यक तयारी गर्नेछन् ।

## अनुगमन

- यस कार्यविधिमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी आयोजना व्यवस्थापन इकाई (PMU) को समन्वयमा PMUले प्रतिबेदन तयार गर्नेछ ।

## जिम्मेवार निकाय

- यस क्रियाकलापको हकमा सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय आयोजना व्यवस्थापन इकाई (PMU) नै हो, आवश्यक प्राबिधिक तथा नीतिगत सहयोग, सहजीकरण र समन्वय का लागि FAO-TA तथा PMU का विज्ञहरु जिम्मेवार हुनेछन् ।
-

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

## ३.१.१३. लैंगिक फोकल पोइन्टहरू (जीएफपी (नियमित बैठक र अन्तरक्रिया)

**पृष्ठभूमी/परिचय**

आयोजना कार्यान्वयनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण एउटा महत्वपुर्ण पक्ष् भएकोले यसको मूलप्रहिकारण अत्यन्त जरुरि हुन्छ । कृषि, वन तथा वातावरण मन्त्रालयको लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीति तथा आयोजनाको Gender Action Plan (GAP) लाइ प्रभावकारी कार्यान्वयन गर्नका लागि संस्थागत तहमा आयोजना कार्यान्वयन इकाइहरूमा Gender Focal Points को व्यवस्था गरिएको छ। GAP अनुसार Gender Focal Points ले प्राविधिक सहयोग, प्रगतिको tracking, चुनौती र सिकाइहरूको समिक्षा, र महिलाहरू तथा सीमान्तकृत समूहहरूलाई लक्षित गरी परिवर्तन प्रक्रिया प्रभावकारी पार्ने राम्रो अभ्यासहरूको विस्तार गर्न र साझा रणनीति विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । आयोजना कार्यान्वयन्को सघनता बढेसँगै Gender Focal Point हरुलाइ सुसुचित गर्न, कार्यहरुको पुनरावलोकन गर्न तथा सोहि बमोजीम परिचालन गर्न नियमित बैठक तथा छलफलहरुको आवश्यकतालाइ सम्बोधन गर्न यो क्रियाकलाप संचालन गरिनेछ ।

**उद्देश्य**

- GESI mainstreaming का प्रयास तथा सिकाइ र प्रगतिको नियमित समीक्षा गरि कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।
- Gender Focal Point लाई आवश्यक पर्ने क्षेत्रमा प्राविधिक सहयोग (backstopping) प्रदान गर्ने

**कार्यान्वयन कार्यविधि**

- आयोजना व्यवस्थापन इकाइहरूमा Gender Focal Point को सुनिस्चितता गर्न सहजीकरण गर्ने ।
- MoFE लैङ्गिक इकाईसँगको सहकार्यमा Gender Focal Point बैठक आयोजना गर्ने ।
- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

**अपेक्षित उपलब्धी**

- GESI mainstreaming का प्रयास तथा सिकाइ र प्रगतिको नियमित समीक्षा भै कार्यक्रममा थप प्रभावकारीता आएको हुनेछ ।
- संचालित क्रियाकलापहरु GESI mainstreaming को लागि नियमित समिक्षा बैठक भई पृष्ठपोषण प्राप्त हुने र आवश्यक सुधारको खाका तयार हुने ।
- Gender Focal Point लाई आवश्यक पर्ने क्षेत्रमा प्राविधिक सहयोग ( backstopping) पुग्नेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञहरु तथा आवश्यक बाह्य श्रोत व्यक्तिहरु

अनुगमन योजना

- PMU, PPMUs र FAO-TA ले अन्तरक्रिया र यसको प्रभावकारिता अनुगमन गर्ने छन्।

जिम्मेवार निकाय PMU

## ३.१.१४ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठी (BN: १६८)

पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाका केन्द्रिय र प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्न र चालु आ.व. का कार्यक्रमहरु संचालन गर्दै गर्दा नियमानुसार गर्नु पर्ने प्रगति समिक्षा गोष्ठीहरु र समय समयमा सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र आयोजानको काम र क्रियाकलापहरुमा पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु संचालन गरीने छ।

उद्देश्य

- चुरे उत्थानशील आयोजनाका केन्द्रिय र प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्ने ।
- आवधिक रुपमा चालु आ.व. का कार्यक्रमहरुको प्रगति समिक्षा गर्ने । समिक्षा गर्दा output र outcome indicators अनुसार प्रगति समिक्षा गर्ने ।
- सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु गर्ने ।

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- संचालित क्रियाकलापहरुको समिक्षा समयमै भई पृष्ठपोषण प्राप्त हुने र आवश्यक सुधार गर्न सकिने ।
- नियमित समिक्षा हुँदा तथ्यांक व्यवस्थापन प्रभावकारी हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञहरु

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

**जिम्मेवार निकाय**

- PMU

## ३.१.१५ प्रदेश मन्त्रालय लगायत सरोकारवालासंग समन्वय, सहकार्य गर्ने व्यबस्थापन खर्च (BN:२२०-२२२)

**पृष्ठभूमी/परिचय**

यस आयोजनाका क्रियाकलापहरु संचालन हुने प्रदेशहरुना आवश्यक समन्वय र सहकार्यको लागि वन तथा वातावरणसग सम्बन्धित मन्त्रालयहरु, स्थानीय संघसस्थाहरु, उपभोक्ता संजाल, संचारकर्मी लगाएत सरोकारवालाहरुसँग छलफल तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउने उद्देश्यले समन्वय गोष्ठीहरु संचालन गरिने छ ।

**उद्देश्य**

- सरोकार्वालाहरुसंग नियमित समन्वय र सहकार्यलाइ प्रवर्धन गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

**अपेक्षित उपलब्धी**

- सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा सुधार भई कार्यक्रम कर्यान्वयनमा सहजता र प्रभावकारीता बढ्ने ।

**जनशक्ति व्यवस्थापन**

- FMU, PPMUs र FAO-TA

**जिम्मेवार निकाय**

- FMU

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पुरै उत्थानशील आयोजना
आयोजना व्यवस्थापन ईकाई
बबरमहल, काठमाडौं

## ३.१.१६ CR-SNRM बारे जनचेतनाका लागि ज्ञान बिज्ञ सेवा (BN:२३९)

**पृष्ठभूमी/परिचय**

यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम आयोजनाले आफ्नो कार्यक्षेत्रहरुमा Climate Resilient Sustainable Natural Resource Management (CR-SNRM) सम्बन्धि जनचेतना जगाउने खालका क्रियाकलापहरु संचालन गर्न र उपलब्ध भएका तथ्यांक चुस्तदुरुस्त राख्न, ज्ञान उत्पादन तयार गर्नका साथै र अन्य सूचनाका आधारमा अहिले संचालनमा रहेका र भविष्यमा संचालन गरिने संरक्षणका क्रियाकलापहरुको डिजाइन र कार्यान्वयनको खाका तयार गर्न एकजना ज्ञान बिज्ञ नियुक्त भई कामकाजमा खटिएको छ ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

उद्देश्य

- Climate Resilient Sustainable Natural Resource Management (CR-SNRM) सम्बन्धि Data collection, processing and restoring लगायत knowledge management गर्न आयोजानालाई आवश्यक विज्ञ सेवा उपलब्ध गराउनु ।

कार्यान्वयन कार्यविधि

- निज विज्ञको स्वीकृत मासिक तालिका अनुसार कामकाजमा खट्ने र सोहि अनुसार प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तान गरिने छ ।

अपेक्षित उपलब्धी

- प्राकृतिक श्रोत व्यवस्थापन तथा जलवायु अनुकुलनसंग सम्बन्धित project activities, outputs, outcomes लगातय परम्परागत ज्ञान र अभ्यासहरुको संकलन र दस्तावेजीकरण हुने ।
- विज्ञको उपस्थिति र सहयोगले गर्दा आयोजनाले संचालन गर्ने क्रियाकलापहरु परिवर्तित जलवायु हुने गरी कार्ययोजना तयार र कार्यान्वयन गर्नमा मद्दत पुग्ने ।

जिम्मेवार निकाय

- PMU

## ३.१.१७ क्षमता विकास बिज्ञ (परामर्श सेवा) (BN: २६२)

पृष्ठभूमी/परिचय

आयोजानाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु प्राप्ति गर्न आयोजानाले नियुक्ति गरेको LRPs को क्षमता विकास र परिचालन आफ्ना इकाईहरु र सम्बन्धित वन कार्यालयहरुना कार्यरत कर्मचारीहरुलाई के कस्ता विषयहरुमा क्षमता अभिवृद्धि गर्न जरुरी छ, सो कुराको अध्ययन गरि सुझाव दिने र आवश्यक कार्यक्रमहरु विकास गरि कार्यन्वयनमा सहयोग गर्न गत आ.व. देखि एउटा सेवा प्रदायक संस्थासंग सम्झौता गरि एक जना क्षमता विकास विज्ञ नियुक्त गरि कामकाजमा खटाईएको छ ।

उद्देश्य

- आयोजनाको कार्यक्रमहरु विकास र कार्यन्वयनमा भैरहेका कमीकमजोरीहरु पहिचान गर्नु ।
- देखिएका कमीकमजोरी न्यूनीकरणका उपाय पत्ता लगाई सो बमोजिम कार्यक्रम विकास गरि कार्यान्वयनमा सहयोग गर्नु ।
- LRPहरुको क्षमता विकास गरी परिचालन गर्ने ।

कार्यान्वयन कार्यविधि

- निज विज्ञको स्वीकृत मासिक तालिका अनुसार कामकाजमा खट्ने र सोहि अनुसार प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तानी गरिने छ

राष्ट्रिय आयोजना निर्देशक

अपेक्षित उपलब्धी

- विज्ञको उपस्थिति र सहयोगले आयोजनामा विद्यमान कमीकमजोरी समयमै पहिचान भई त्यस्ता कमिहरु हटाउन आवश्यक कार्यक्रमहरु समयमै विकास गरि संचालन गर्न सकिने र आयोजनाले उपलब्ध गराउने सेवाको प्रभावकारिता बढ्ने ।
- L२P को क्षमता अभिबृद्धि भै आयोजननाको उद्देश्य प्राप्ति गर्न सहयोग भएको हुनेछ ।

जिम्मेवार निकाय

- PMU

## ३.१.१८ प्रचार प्रसार सामाग्री उत्पादन/खरिद/वितरण (BN: २३८)

पृष्ठभूमी/परिचय

आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा विभिन्न माध्यमहरु (टेलिभिजन, रेडियो, एफ.एम., पत्रपत्रिकाहरु, किताब, ब्रोस्युअर आदि) बाट स्थानीय व्यक्ति र अन्य सरोकारवालाहरुलाई जानकारी गराउन प्रचारप्रसारका सामाग्रीहरु (स्टिकर, पोष्टर, फ्लायर्स, ब्रोसियर, बुकलेट, क्यालेण्डर, टिसर्ट, क्याप, झोला, डकुमेण्टरी आदि) उत्पादन गरि प्रसारण तथा वितरण गर्न सकिन्छ ।

उद्देश्य

- आम सरोकारवालाहरु विच आयोजनाको बारेमा जानकारी अभिवृद्धि गर्न आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसारका सामाग्रीहरु उत्पादन गरि प्रसारण तथा वितरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आपूर्तिकर्ता, सेवाप्रदायक मार्फत वा अमानतबाट कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुमा आयोजानाको बारेमा जानकारी पुग्ने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

## जिम्मेवार निकाय

- PMU

## ३.१.१९ कार्यक्रम सम्बन्धी बिभिन्न माध्यम मार्फत प्रचार प्रसार (BN: २४९-२५१, २४६-२४८)

### पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य अनुरुप आयोजनाबाट संचालित कार्यक्रम तथा त्यसको प्रभाव बारे जानकारी तथा प्रचारप्रसार गर्न गराउन स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, व अन्य संचार माध्यम मार्फत (जिंगल, रेडियो/टेलिभिजन सम्बाद/छलफल/अन्तरबार्ता, सामाचार, सार्वजनिक सूचना, एस.एम एस., डकुमेण्टरी आदि) प्रसारण गर्न सकिने छ ।

### उद्देश्य

- आयोजनाको बारेमा र आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसार गरि जानकारी गराउने ।

### कार्यान्वयन कार्यविधि

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई. तयार गर्र स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सेवाप्रदायक मार्फत कार्य सञ्चालन गर्न सकिनेछ ।

### अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुमा आयोजानाको बारेमा जानकारी पुग्ने ।

### जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनना PMU र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

### जिम्मेवार निकाय

- PMU

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

## ३.१.२० संरक्षण दिवस समारोह (BN: २३८)

### पृष्ठभूमी/परिचय

संरक्षण सम्बन्धित कार्यहरुको प्रचारप्रसार तथा प्रवर्द्धन हेतु बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु (राष्ट्रिय चुरे दिवस/वन दिवस/वातावरण दिवस/जैविकविविधता दिवस/भू-संरक्षण दिवस आदि) मनाउन सरोकारवालाहरुसंगको

राष्ट्रिय आयोजना निर्देशक

समन्वय तथा सहकार्यमा वृक्षारोपण, छलफल, बहस, सम्बाद, सरसफाई, निबन्ध, हाजिरीजवाफ प्रतियोगिता आदि जस्ता कार्यक्रमहरु आयोजना गरि दिवस समारोहको कार्यक्रम संचालन गर्न सकिने छ ।

**उद्देश्य**

- वन, वातावरण, भू तथा जलाधारसंग सम्बन्धित दिवस समारोहहरुको अवसरमा संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु संचालन गरि जनचेतना जगाउने ।

**कार्यान्वयन कार्यविधि**

- संचालन गरिने कार्यक्रमको प्रकृति हेरी लागत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत लागत अनुमानको आधारमा कार्यक्रम संचालन गरि सम्पन्न गरिने छ ।

**अपेक्षित उपलब्धी**

- वन, वातावरण, भू तथा जलाधार र जैविक विविधता संरक्षणको महत्वको बारेमा आम जनसमुदायमा जानकारी प्रसार हुने ।

**जनशक्ति व्यवस्थापन**

- प्रचार प्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

**जिम्मेवार निकाय**

- PMU

## ३.१.२१ Team Building Workshop (National) (BN: २२७, २२८)

**पृष्ठभूमी/परिचय**

आयोजनाको लक्ष्य हाशिल गर्न बिभिन्न सरोकारवालाहरूसँग मिलेर काम गर्न अपरिहार्य हुन्छ । सोही यथार्थता बमोजिम आयोजनाको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको लागि विशेषत नेपाल सरकारबाट खटाईएका, आवश्यकता बमोजिम नियुक्त गरिएका विज्ञहरु तथा FAO-TA का कर्मचारीहरु आपसमा मिलेर सहकार्य गर्दै काम गरिरहेको छन् । बहुसरोकारवाला निकायहरुको संलग्नताले उत्थानशिलता हाशिल गर्ने लक्ष्यमा सरलता ल्याउछ । तर एकै टिमको रुपमा साझा लक्ष्य प्राप्तिको लागि निकायगत विविधता, संस्थागत मुल्य, मान्यता, कार्य प्रणाली तथा सम्बन्धित व्यक्तिका बिध्यमान दृष्टिकोणले काममा प्रभाव पार्न सक्दछ । यस आयोजना अन्तर्गत कार्यरत कर्मचारीहरुको विचमा साझा अपनत्व बिकास गरि सहकार्यमा थप प्रभावकारिता थप्ने ध्येयका साथ Team Building Workshop को आयोजना गरिनेछ । यस कार्यक्रममा PMU, PPMUs, FAO-TA का जनशक्तिहरुको सहभागिता रहनेछ । Team Building कार्यलाई थप प्रभावकारी वनाउन आयोजनामा कार्यरत कर्मचारीहरुले प्रयोग गर्ने गरी क्याप, T-shirt, Boot, Jacket जस्ता एकरुपता दर्साउने सामाग्री हरु समेत खरिद गरी प्रयोग गर्न सक्नेछ ।

राष्ट्रिय आयोजना निर्देशक

उद्देश्य

- यस आयोजना अन्तर्गत कार्यरत कर्नचारीहरुको विचमा साझा भावना बिकास गरि सहकार्यमा प्रभावकारिता बढाउने ।

कार्यान्वयन कार्यविधि

- Team को आवश्यकता र गोष्ठीमा सहजीकरण गर्ने विषयवस्तु निर्धारण PMU/FAO-TA टोलीले गर्नेछ ।
- निर्धारित विषयवस्तुको आधारमा गोष्ठी संचालन गरिनेछ ।
- गोष्ठीको अन्त्यमा साझा कार्ययोजना तथा सामुहिक प्रतिवद्दता संकलन गरिनेछ ।

अपेक्षित उपलब्धी

- गोष्ठी पश्चात कर्मचारीहरुको विचमा यस आयोजना प्रति साझा अपनत्व बिकास भई सहकार्यमा थप प्रभावकारिता आउने र लक्ष्य प्राप्तिमा सहजता हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने
- Team Building Workshop संचालनमा सहजिकरणका लागि सम्बन्धित विषय विज्ञ, बाह्य स्रोत परिचालन गर्ने वा प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाहरुबाट विज्ञ सेवा खरिद गरिनेछ ।

जिम्मेवार निकाय

- आयोजना व्यवस्थापन इकाई, काठमाडौं

## ३.१.२२ Safeguard and Gender Officer (प्रदेश)

पृष्ठभूमी/परिचय

यस आयोजनाले संचालन गर्ने क्रियाकलापहरु लैंगिक र सामाजिक समावेशीकरण तथा कामदारहरुको सुरक्षाको मामिलामा संवेदनशील हुनुपर्ने र यस आवश्यकतालाई पूर्ति गर्न र कार्यन्वयनमा लान सहजीकरण गर्ने उद्देश्यले यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम यस आयोजनाको प्रदेश आयोजना व्यवस्थापन इकाई कोशी र मधेशमा कार्यस्थान भई कामकाज गर्ने गरि दुईजना Gender and Safeguard Officer हरु नियुक्त भएर कामकाजमा खटिएका छन् ।

उद्देश्य

- आयोजनाले संचालन गर्ने क्रियाकलापहरु लैंगिक र सामाजिक समावेशीकरण तथा कामदारहरुको सुरक्षाको सुनिश्चिता सहित कार्यान्वयन गराउन सहजीकरण गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

### कार्यान्वयन कार्यविधि

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका Gender and Safeguard Officer हरुले दिने सेवा वापतको पारिश्रमिक सम्बन्धित PPMU ले प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई उपलब्ध गराउने ।

### अपेक्षित उपलब्धी

- कार्यान्वयनमा लगिने कार्यक्रमहरु लैंगिक र सामाजिक समावेशीकरण तथा कामदारहरुको सुरक्षाको मामिलामा संवेदनशील भएको हुने ।

### जिम्मेवार निकाय

- PMU

## ३.१.२३ वन विज्ञ सेवा तथा परामर्श (BN: ८२, १३०, १०४, १५३)

### पृष्ठभूमी/परिचय

आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम यस आयोजनाबाट संचालन गरिने वन श्रोत व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनमा लान र सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य स्थापना गर्नमा आवश्यक सहयोग र सेवा उप्लब्ध गराउन प्रदेश आयोजना व्यवस्थापन इकाईहरु, कोशी (इटहरी) र मधेश (बर्दिबास) कार्यस्थान भई प्रदेश आयोजना व्यवस्थापन इकाई, वागमती (सिन्धुली) मा समेत सेवा पुर्याउने गरि दुईजना वन विज्ञहरु नियुक्त भई कम्काजमा खटिएका छन् ।

### उद्देश्य

- वन श्रोत व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनमा आवश्यक बिज्ञ सेवा उपलब्ध गराउनु।
- सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य स्थापना गर्न सहयोग र सहजीकरण गर्नु ।

### कार्यान्वयन कार्यविधि

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका वन विज्ञहरुले दिने सेवा वापतको पारिश्रमिक प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तान गरिने छ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

**अपेक्षित उपलब्धी**

- वन क्षेत्र र वन श्रोतको दिगो व्यवस्थापनमा यस आयोजनाले उपलब्ध गराउने सेवामा प्रभावकारिता बढ्ने।
- आयोजनाको लक्ष्य अनुसार वृक्षारोपण गर्न प्राविधिक सहयोग भएको हुनेछ ।

**जिम्मेवार निकाय**

- PMU

## ३.१.२४ दिगो वन व्यवस्थापन (SFM) विज्ञ (BN: ५७)

**पृष्ठभूमी/परिचय**

आयोजानाको निर्दिष्ट गरेका क्रियाकलापहरु मध्ये दिगो वन व्यवस्थापन एउटा मुख्य क्रियाकलाप हो र यस कार्यलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा लानु जरुरी छ । यो कार्यसंग सम्बन्धित प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालयहरु, वन उपभोक्ता समुहहरु, वन व्यवस्थाप्नसंग सम्बन्धित संघसस्थाहरु आदि सबैसंग समन्वय र सहकार्यगरी वन श्रोतको उचित र दिगो व्यवस्थपन गर्न आवश्यक कार्यविधि तयार गर्न, कर्मचारीहरुको दिगो वन व्यवस्थापन कार्यमा क्षमता विकास गर्न के कस्ता तालिम र कार्यक्रम संचालन गर्नु पर्ने छ, सो पहिचान गरी कार्यक्रम विकास गर्न र कार्यान्वयनमा लान सहजीकरण गर्नका लागि गत वर्ष एउटा सेवा प्रदायक संस्थासंग सम्झौता गरि एक जना दिगो वन व्यवस्थापन विज्ञ नियुक्त गरि कानकाजमा खटाईएको छ ।

**उद्देश्य**

- वन श्रोतको उचित र दिगो व्यवस्थापन गर्न आवश्यक कार्यविधि तयार गर्नु ।
- दिगो वन व्यवस्थापनका लागि आवश्यक पर्ने क्षमता अभिबृद्धि सहितका कार्यक्रमहरु पहिचान गरि कार्यान्वयनमा लान सहजीकरण गर्नु।

**कार्यान्वयन कार्यविधि**

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका दिगो वन व्यवस्थापन विज्ञले दिने सेवा बापतको पारिश्रमिक प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तान गरिने छ ।

**अपेक्षित उपलब्धी**

- दिगो वन व्यवस्थापन कार्य संचालन गर्न एउटा कार्यविधि तयार हुने ।
- विज्ञको उपस्थिति र सहयोगले आयोजनाले दिगो वन व्यवस्थापनसंग सम्बन्धित क्षमता अभिबृद्धिका क्षेत्रहरू पहिचान गरि सो बमोजिम तत्काल र दीर्घकालमा संचालन गर्नुपर्ने कार्यक्रमहरु विकास गरि कार्यान्वयनमा लगेको हुने ।

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय दिगो उत्पादनशील आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

### जिम्मेवार निकाय

- PMU

## ३.१.२५ प्राविधिक अधिकृत (वन तथा जलाधार) परामर्श सेवा (BN: ३)

### पृष्ठभूमी/परिचय

आयोजनाले कार्यक्षेत्रमा कार्यन्वयनमा लागेने वन तथा जलाधार व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरुलाई डिजाईन गर्ने र कार्यान्वयनमा सहजीकरण गर्ने गरी यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम यस आयोजनाको प्रदेश आयोजना व्यवस्थापन इकाई कोशी (इटहरी), मधेश (बर्दिबास) र वागमती (सिन्धुली) मा कार्यस्थान बनाई कामकाज गर्न प्राविधिक अधिकृत (वन तथा जलाधार) हरु नियुक्त भई कामकाजमा खटिएका छन्।

### उद्देश्य

- वन तथा जलाधार व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरु योजना, डिजाईन र कार्यान्वयनमा सहजीकरण गर्नु ।

### कार्यान्वयन कार्यविधि

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका प्राविधिक अधिकृत (वन तथा जलाधार) हरुले दिने सेवा वापतको पारिश्रमिक सम्बन्धित PPMU ले प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई उपलब्ध गराउने ।

### अपेक्षित उपलब्धी

- वन तथा जलाधार व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरुको योजना, डिजाईन र कार्यान्वयन प्रकृया सहज र प्रभावकारी हुने ।

### जिम्मेवार निकाय

- PMU

# ३.२. प्रदेश आयोजना व्यवस्थापन इकाई अन्तर्गतका कार्यक्रमहरु

## ३.२.१ ANR कार्यक्रम संचालन/ कार्यान्वयन (BN:१०९-११४)

### पृष्ठभूमी/परिचय

आयोजना क्षेत्रमा रहेका क्षतिग्रस्त वन क्षेत्रहरुलाई पुनरुत्थान गर्ने विविध तरिकाहरुमध्ये प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneration- ANR) एक प्रमुख कार्य हो । प्रदेश वन तथा वातावरण मन्त्रालय अन्तर्गतका डि.व.का.हरुले तोकिएको नदी प्रणालीमा संचालन हुने गरी यो कार्यक्रम

राष्ट्रिय आयोजना निर्देशक

प्रस्ताव गरिएको छ । यो कार्यक्रम कार्यन्वयन गर्दा सर्वप्रथम वनको अवलोकन गरि सो क्षेत्रको पुनरुत्पादन बढाउनका लागि के कस्ता क्रियाकलापहरु संचालन गर्न सकिन्छ? सो को सूची तयार गरि त्यस सूची अनुसार कुन कुन क्रियाकलापहरु संचालन गर्ने हो, सो को निक्यौल गरि प्रचलित ऐन कानुनको अधिनमा नर्मस बमोजिम लागत इष्टिमेट तयार र स्वीकृत गराई कार्यान्वयन गरिनेछ ।

**उद्देश्य**

- क्षतिग्रस्त वन क्षेत्रहरुलाई ANR कार्यक्रम मार्फत प्राकृतिक पुनरुत्पादन गरी वनको पारिस्थिकीय प्रणलीमा सुधार गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- यो क्रियाकलाप कार्यान्वयनका लागि आयोजनले तयार गरेको Critical Ecosystem Restoration Plan (CERP) ले पहिचान गरेका वन क्षेत्र, तथा कार्यान्वयन गर्ने वन उपभोक्ता समूह/समुदाय पहिचान गरी सो को सुची तयार गर्ने ।
- वन क्षेत्रको अबस्था बमोजिम सम्बन्धित प्राविधिकले कम्तिमा दुई वा दुई भन्दा बढी क्रियाकलापहरु एकीकृत रुपमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ। निम्न बमोजिमका एकीकृत कार्यक्रमहरु प्याकेजमै संचालन गर्ने गरि सर्वेक्षण, डिजाइन, तथा ल. इ. तयार र स्वीकृत गरि वन उपभोक्ता समुहसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।
- वन समुहको वन ब्यवस्थापन कार्ययोजनामा उल्लेखित कार्यक्रमहरु खासगरी वनको गुणस्तरमा सुधार ल्याउने प्राकृतिक पुनरुत्पादन सहयोग कार्यक्रमहरुलाई प्रथामिकता दिने ।
- अग्नि नियन्त्रणका लागि अग्नि रेखाहरु निर्माण/मर्मत सम्भार गर्ने
- वन क्षेत्रको वरिपरी आवश्यकता अनुसार नारबार गर्ने
- वन क्षेत्रका पुनर्स्थापना र वन स्वास्थ्यमा सहयोग पुग्ने कार्यहरु गर्ने
- मिचाहा प्रजाती तथा झाडी सरसफाई गर्ने
- क्षतिग्रस्त वन क्षेत्रमा वन प्रजातिका बिउ छरि वनको पुनर्स्थापना गर्ने (बिउ छर्नका लागि Drone को पनि प्रयोग गर्न सकिने छ)
- पुनरुत्पादन नआउनुको कारण माटोमा चिस्यानको कमि प्रमुख कारण भएमा त्यस्ता क्षेत्रहरुमा स-साना सतही पानी/भुमिगत जल पुनर्भरणमा योगदान पुर्याउने खालका संरचनाहरु (ट्रेन्च, पिट होल, कुवा आदि) निर्माण तथा संरक्षणका काम गर्ने
- खाली ठाउँहरुमा आवश्यकतानुसार enrichment plantation गर्ने
- वन संरक्षण/सुरक्षाको लागि आबश्यक प्रबन्ध गर्ने
- कम लागतका भू-संरक्षणका क्रियाकलाप (Brush wood check dam etc) तथा उपायहरु अबलम्बन गरि स-साना संरचनाहरुको निर्माण मार्फत वनको पुनर्स्थापना गर्ने

राष्ट्रिय आयोजना निर्देशक

साथै AN२ कार्य सन्चालन गर्न/गराउन लाग्ने सबै किसिमका ज्यामी/मिस्त्री, निर्माण सामग्री लगायतका कार्यमा खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्र्याक्टर आदि जस्ता मेशिनको प्रयोग गरि soil work गर्नु पर्ने भएमा सो को भाडा/खर्च स्मेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ

**अपेक्षित उपलब्धी**

- क्षतिग्रस्त वन क्षेत्रको प्राकृतिक पुनरुत्पादन मार्फत वनको पारिस्थिकीय प्रणलीमा सुधार भएको हुनेछ ।
- क्षतिग्रस्त वन क्षेत्रहरुमा प्राकृतिक पुनरुत्पादन पुनर्स्थापना भै पर्यावरणीय सेवामा बृद्धि तथा समुदायमा आधारित वन उपभोक्ता समुहहरुको वन ब्यबस्थापनमा सक्रियता बढेको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

- PMU, PPMU, FAO-TA का विज्ञहरु ।
- संलग्न डि.व.का अन्तर्गतका वन कर्मचारीहरु ।

**अनुगमन**

- PMU, PPMU, FAO-TA, ले आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्बन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजनाको आधारमा अनुगमन कार्यक्रम संचालन गर्नेछ । डि.व.का. ले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही स्म्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

**जिम्मेवार निकाय**

- PPMU, वन उपभोक्ता समूह

## ३.२.२. निजि वन प्रवर्धन कार्यक्रम (बिरुवा खरिद, ढुवानी तथा अन्य सहयोग) (BN: १२७-१२९)

**पृष्ठभूमी/परिचय**

चुरेको वन क्षेत्रमा परिरहेको काठ दाउराको चापलाइ कम गर्ने र वन कम भएका बिशेष गरि नदी प्रणालीको तल्लो तटीय क्षेत्रका समुदायहरुलाई काठ दाउराको आपूर्ति सगै आय आर्जनमा समेत टेवा पुर्याउदै चुरेको क्षेत्र र यसमा बसोबास गर्ने समुदायहरूलाई जल्बायु उत्थानशील बनाउने आयोजनाको लक्ष्य बमोजिम निजि वन प्रवर्धन कार्यक्रम राखिएको छ ।

**उद्देश्य**

चुरे क्षेत्रमा रहेका वनमा परिरहेको काठ दाउराको चापलाइ कम गर्नका लागी स्थानीय कृषकहरुको काठ दाउराको आपूर्ति सुनिश्चितता गरि आय आर्जनमा समेत सघाउ पुरयाउने ।



राष्ट्रिय आयोजना निर्देशक

## कार्यान्वयन कार्यविधि

- PIM मा उल्लेखित प्रकृया तथा स्थानीय जनता/कृषक/समूहको मांग बमोजिम आवश्यक वनजन्य तथा फलफुल बिरुवाहरु (स्थानीय कृषकहरुको काठ दाउराको आपूर्ति सुनिश्चितता गरि आय आर्जनमा समेत सघाउ पुग्ने गरी  वन क्षेत्रमा चाप घटाउने सक्ने प्रजातिहरु) को सूची एवं संख्या निर्धारण गरी नर्सरीमा उत्पादन गरिएको बिरुवाको हकम नजिकको नर्सरीबाट साथै बजारबाट खरिद गर्नु पर्ने प्रजातिको हकमा नजिकको निजि/सामुदायिक/सरकारी नर्सरीबाट बहुबर्षीय गुणस्तरिय विरुवाहरु खरिद गरी बृक्षारोपण गरी हुर्काउने ब्यक्ति, समूह, कृषक, तथा संघ संस्थाहरुलाई निशुल्क वितरण गरिनेछ।
- बृक्षारोपणको परिमाण मापन गर्दा लगाएको विरुवाहरुको क्षेत्रफल (हे.) वा रुखसंख्या र विरुवा बीचको दुरीलाई आधार मानी क्षेत्रफलमा परिणत गर्न समेत सकिनेछ।
- आयोजनाले आफ्नो कार्यक्षेत्र भित्रका नदी प्रणालीहरुमा पहिचान गरेका तथा प्रबर्धन गरेका निजि वन समुह/संजाललाई परिचालनमा बिशेष प्राथमिकता दिई निजिवनको माग गर्ने जग्गाधनी तथा गरिने वृक्षारोपणको क्षेत्रफल एकिन गर्न तथा लगाइएको विरुवाहरुको हेरचाह गर्ने जिम्मेवारी दिन सक्नेछ ।

## अपेक्षित उपलब्धी

- स्थानीय कृषकहरुको काठ दाउराको आपूर्ति सुनिश्चितता गरि आय आर्जनमा सहयोग पुगेको तथा चुरे क्षेत्रमा रहेका वनमा परिरहेको काठ दाउराको चापमा कमि हुन गइ रुख बिरुवा प्रबर्धन तथा वन संरक्षण मार्फत कार्बन उत्सर्जन न्यूनीकरणमा समेत टेवा पुगेको हुनेछ ।

## जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त PPMU का वन तथा जलाधार अधिकृतहरु, वन बिज्ञहरु, तथा FAO-TA का वन बिज्ञहरु, सामुदायिक वन तथा निजि वन संजालहरु र स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिनेछ ।

## अनुगमन

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम स्थानीय सरकार तथा वडा कार्यालयहरु उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।
- यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था समेत मिलाइनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

## जिम्मेवार निकाय

- यी क्रियाकलापहरुको सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आवश्यक प्राबिधिक तथा नीतिगत सहजीकरणका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

# ३.२.३. नर्सरी स्थापना/मर्मत/स्तरोन्नति/विस्तार (५० हजार विरुवा उत्पादन क्षमता (६६, ६७, ७३, ७४, ७५, ७९, ८१)

## पृष्ठभूमी/परिचय

आयोजना कार्य क्षेत्रमा स्थानीय समुदायको माग बमोजिम्का गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक वन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम आयोजना का २६ वटा नदी प्रणालीमा नर्सरी स्थापना गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन वन कार्यालय र स्थानीय वन उपभोक्ता समूहहरुको सहकार्य र समन्वयमा नर्सरी स्थापना गर्ने तथा स्थापित नर्सरीहरुको स्तरोन्नति र मर्मत गर्दै यस वर्ष ५० हजार बिरुवा सम्म उत्पादन गर्न सक्ने नर्सरी तयार गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ ।

## उद्देश्य

- स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गर्नका लागि बढीमा ५० हजार बिरुवा उत्पादन क्षमताका नर्सरी स्थापना गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक वन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने ।

## कार्यान्वयन कार्यविधि

- प्रत्येक नदी प्रणालीमा आबश्यकता अनुसार ५"*८" साइजको पोलिव्यागमा उत्पादन हुने क्षेत्रलाई आधारमानेर ५०००० क्षमताका नर्सरीहरु स्थापना गरिनेछ ।
- नर्सरी स्थापना गरिने क्षेत्रको पहिचान र सिफारिस सन्बन्धित डिभिजन वन कार्यालय, सव-डिभिजन वन कार्यालय, स्थानीय वडा कार्यालय र सामुदायिक संस्थाहरुको समन्वयमा Technical Support Officer (Forestry)/ वन बिज्ञले गर्नेछ ।
- क्षेत्र पहिचान भै सिफारिस भएका नर्सरीहरुको अन्तिम स्वीकृति PPMU/DFO ले PIM मा उल्लेखित मापदण्डको आधारमा गर्नेछ।
- यसरी स्विकृति प्राप्त नर्सरीहरुको डिजाईन लेआउट, स्थापना प्रकृया, सञ्चालनमा संलग्न हुने संस्थासँगको सम्झौता र आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरुको विस्तृत लगत इष्टिमेट (ल.ई.) समेतको प्रतिवेदन आयोजना/डिभिजन बन कार्यालयको सम्बन्धित बिषय हेर्ने कर्मचारी/ बिज्ञले तयार गर्नेछ। स्वीकृत लगत इष्टिमेट (ल.ई.) र प्रतिवेदनको आधारमा नर्सरीका लागि आवश्यक सामाग्रीहरु खरिद समेतका लागि माथि उल्लेखित शीर्षकको रकम नियमानुसार प्रयोग गरिनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय प्रेरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

- नर्सरी स्थापना तथा संचालन गर्दा नर्सरी रजिष्टर व्यवस्थापन गर्नु पर्ने छ ।

**अपेक्षित उपलब्धी**

- आयोजनाका २६ वटा नदी प्रणालीमा ५० हजार बहु बर्षीय वन बिरुवा उत्पादन क्षमताका नर्सरी स्थापना भएका हुनेछन ।

**जनशक्ति व्यवस्थापन**

- आयोजनाद्वारा नियुक्त PPMU का वन तथा जलाधार अधिकृतहरु, वन बिज्ञहरु, सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यलयका वन अधिकृतहरु तथा FAO-TA वन बिज्ञहरु, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिनेछ ।

**अनुगमन**

- माथि सेक्सन २.३ मा लेखिए बमेजिम प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) को सहजिकरणमा सम्बन्धित डिभिजन वन कार्यालयले संस्थागत अनुगमन बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी PPMU ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूची: ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

**जिम्मेवार निकाय**

- यस क्रियाकलापको हकमा सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय डिभिजन वन कार्यालय र प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो, आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

## ३.२.४. ३ फिट भन्दा अग्लो बिरुवा खरीद (६४-६९,७०-८१)

**पृष्ठभूमी/परिचय**

आयोजनाको कार्यक्षेत्र अन्तर्गत चुरे क्षेत्रको वन क्षेत्र आसपास र नदी उकास सामुदायिक तथा सार्वजानिक जग्गाहरुमा वन क्षेत्रको विकास र विस्तारका लागि बृक्षारोपण कार्यक्रमलाई विशेष जोड दिईएको छ । बृक्षारोपण कार्यक्रमलाई सफतापुर्वक प्रभावकारी रुपमा कार्यान्वयनका लागि विरुवाको कम्तिमा ३ फिट उचाई भएको रैथाने प्रजातिहरुको गुणस्तरीय बहुबर्षे विरुवा खरिद गरी वृक्षारोपण गर्नका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

आयोजनाको कार्यक्षेत्र अन्तर्गत चुरे क्षेत्रको बन क्षेत्र आसपास र नदी उकास सामुदायिक तथा सार्वजानिक जग्गाहरुमा वन क्षेत्रको विकास र विस्तारका लागि बृक्षारोपणका लागि रैथाने प्रजातिहरुको गुणस्तरीय बहुबर्षे विरुवा खरिद गर्ने

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय चुरे अत्यासनशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

## कार्यान्वयन कार्यविधि

- आयोजनाको कार्यक्षेत्र अन्तर्गत चुरे क्षेत्रको वन क्षेत्र आसपास र नदी उकास सामुदायिक तथा सार्वजानिक जग्गाहरुमा वन क्षेत्रको विकास र विस्तारका लागि बृक्षारोपणका लागि रैथाने प्रजातिहरुको पहिचान गर्ने
- बृक्षारोपणका लागि विरुवाको कम्तिमा ३ फिट उचाई भएको गुणस्तरीय बहुवर्षे विरुवा हुनु पर्दछ ।
- चुरे क्षेत्र अन्तर्गत बृक्षारोपण गर्दा स्थान्यि रैथान,बहुमुल्य तथा लोपोन्मुख काठ प्रजातिका गुणस्तरीय (बहुबर्षीय) विरुवाहरुलाई प्रथामिकता देनु पर्नेछ भने बाहिरी प्रजाति पुर्णरुपमा निरुत्साहित गर्नु पर्दछ।
- बृक्षारोपणमा बिशेष गरी, सतिसाल. खयर, सिसौ, सिरिस, असना, कर्मा, खम्हारी, जामुन, टिक, कटहर लगायतका मिश्रित प्रजातिहरुलाइ प्राथमिकता दिई रोपण गर्नु पर्ने छ ।
- बृक्षारोपण गर्न छनौट गरिने विरुवा स्वास्थ बहुबर्षित (सामान्यतयाः ३ फिट उचाई भएका) विरुवा हुनु पर्ने र रैथान, काठ/दाउरा प्रजाति रोपण गर्न हुन र बाह्या प्रजातिमा टीक बाहेकका अन्य प्रजातिका विरुवाहरु रोपणलाई निषेध गर्नु पर्नेछ ।
- कम्तिमा ३ फिट उचाई भएको गुणस्तरीय बहुवर्षे विरुवा नेपाल सरकारको प्रचलित ऐन कानुनको पालन गरी खरिद गर्नु पर्ने छ।

## अपेक्षित उपलब्धी

- आयोजनाको कार्यक्षेत्र अन्तर्गत चुरे क्षेत्रको वन क्षेत्र आसपास र नदी उकास सामुदायिक तथा सार्वजानिक जग्गाहरुमा वन क्षेत्रको विकास र विस्तारका लागि बृक्षारोपणका लागि सकेसम्म रैथाने प्रजातिहरुको खरिद गरी बृक्षारोपण भएको हुनेछ ।

## जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त PPMU का वन तथा जलाधार अधिकृतहरु, वन बिज्ञहरु, तथा FAO-TA का वन बिज्ञहरु, सामुदायिक वन, साझेदारी वन तथा निजि वन संजालहरु र स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिनेछ ।

## अनुगमन

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम स्थानीय सरकार तथा वडा कार्यालयहरु उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थाप्न इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

- यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था समेत मिलाइनेछ ।

**जिम्मेवार निकाय**

- यी क्रियाकलापहरुको सहजीकरण, आर्थिक परिचालन, कार्यान्बयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथ नीतिगत सहजीकरणका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

## ३.२.५. बृक्षारोपण क्षेत्र पहिचान सर्भेक्षण नाप नक्सा स्थान छनोट समूहसँग छलफल क्षमता विकास र सम्झौता

**पृष्ठभूमी/परिचय**

आयोजनाको कार्य क्षेत्र अन्तर्गत बृक्षारोपण कार्यक्रम एक प्रमुख कार्यक्रमको रुपमा रहेको छ। बृक्षारोपण कार्य अगावै संचालन गरिने बृक्षारोपण क्षेत्र पहिचान सर्भेक्षण, नापनक्सा, स्थान छनोट, समूहसँग छलफल क्षमता विकास र सम्झौता आदी कार्यक्रमहरुको चरणबद्ध रुपमा कार्यान्वयन गर्नका लागि कार्ययोजना तयार गरी बृक्षारोपण कार्यक्रमलाई ब्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयनका यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- बृक्षारोपण कार्यक्रमलाई ब्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयनका गर्ने ।

**कार्यान्वयन कार्यविधि**

यसको लागि तपसिलमा उल्लेख भए बमोजिम गरिने छः

- आयोजना अन्तर्गत बृक्षारोपण कार्यक्रमहरु प्रथम चौमासिक देखि नै बृक्षारोपण क्षेत्रको स्थानिय समुदायको सहभागितामा पहिचान गर्ने ।
- बृक्षारोपण क्षेत्रको सामाजिक र वातावरण पक्षमा स्थानिय वन समुहहरुमा विस्तृत रुपमा विभिन्न चरणहरुमा छलफल गरी सहमति लिनु पर्दछ ।
- उक्त बृक्षारोपण क्षेत्रमा आदीवासी जनजाती समुदायहरुको बसोबास रहेको छ भनि उक्त स्रोत माथि स्थानिय आदीवासी जनजाती समुदायहरुको अधिकारलाई सुनिश्चित हुने गरी पुर्व सहमित (FPIC) लिई कार्यक्रम संचालन गर्नु पर्दछ ।
- साथै उक्त क्षेत्रमा दलित एंव सामाजिक रुपमा पछाडि पारिएको समुदायहरुको बसोबास रहेको छ र उक्त समुदाय श्रोत माथि आश्रित रहेको छ भने उक्त समुदायको पनि अनिवार्य सहमित लिनु पर्दछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- बृक्षारोपण क्षेत्रमा सामाजिक र वातावरणीय पक्षहरुको सहम्ति पश्चायत वन प्राविधिकको सहयोगमा स्थानिय समुदायको सहभागितामा स्थान छनौट, सर्भेक्षणा गरी नापनक्सा तयार गर्नु पर्दछ ।
- स्थानिय वन समूहहरुसंग सामाजिक र वातावरणीय पक्षहरुको सहमित पश्चायत बृक्षारोपण क्षेत्र स्थान छनौट, नापनक्सा तयार गरि सो सम्बन्धमा स्थानिय समुदायहरुसँग छलफल गरी वन समितिमा पेश गरी निर्णाय गर्ने ।
- स्थानिय वन समूहहरुसंग सामाजिक र वातावरणीय पक्षहरुको सहमित, बृक्षारोपण क्षेत्र स्थान छनोट, नापनक्सा तयार गरी सो सम्बन्धमा स्थानिय समुदायहरुलाई जानकारी र सहमित पश्चायत सम्झौता गरी बृक्षारोपण कार्यक्रम सम्पन्न गर्नु पर्दछ ।
- उल्लेखित सवै शिर्षकका लागि प्रचलित नर्मश र सार्वजानिक खरिद ऐन नियमावलीको प्रकृया बमोजिम लागत अनुमान गरी कार्यालय र उपभोक्ता समिति बीच कार्यक्रमहरु विभाजन गरी वेनियोजित रकमबाट खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धी**

- बृक्षारोपण कार्यक्रमलाई ब्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- बृक्षारोपण क्षेत्र पहिचान सर्भेक्षण, नाप्नक्सा, स्थान छनोट, समूहसँग छलफल क्षमता विकास र सम्झौता आदी कार्यक्रमहरुको कार्य तालिका तयार गरी कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति डि.व.का., PPMU र स्थानिय वन समुह र स्थानीय वन उपभोक्तासमूहहरुले ब्यवस्थापन गर्नु पर्दछ ।

**अनुगमन/ प्रतिबेदन योजना**

- प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डि.व.का.का साथै PMU/PPMU, FAO-TA, का विज्ञहरुले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार अनुगमन योजनाका साथ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

**जिम्मेवार निकाय**

- PPMU, उपभोक्ता समूहहरु, र निजि जग्गा धनीहरू, निजि वन सन्जाल ।

राष्ट्रिय आयोजना निर्देशक

## ३.२.६. नमूना वृक्षारोपण (तारबार सहित) (BN:१०१-१०३)

**पृष्ठभूमी/परिचय**

नमुना वृक्षारोपणको माध्यमबाट चुरे क्षेत्रको संरक्षण सम्बर्धन गर्ने र स्थानीय समुदायका मागलाई समेत सम्बोधन गर्ने हेतुले बहुमुल्य तथा लोप हुन लागेका काठ प्रजातिका गुणस्तरीय (बहुबर्षीय) विरुवाहरु- टिक, सतिसाल, खयर, सिसौ, सिरिस, असना, कर्मा, खम्हारी, जामुन, कटहर लगायतका मिश्रित वन प्रजातिहरुलाइ प्राथमिकता दिई रोपण गरिनेछ र रोपण तथा ब्यबस्थापन प्रक्रियालाई नमुना को रुपमा अगाडी बढाइने छ ।व्यक्तिको निजि जग्गाको हकमा कम्तिमा ०.५ हे पांच हेक्टरको क्लष्टर (एकै जनाको वा धेरै जनाको) भएको क्षेत्रलाइ मात्र यस्तो नमुना बृक्षारोपण क्षेत्रको रुपमा स्थापना गराई बिकास गरिनेछ ।

**उद्देश्य**

- वृक्षारोपण गरिएको क्षेत्रलाई एउटा नमुना वृक्षारोपणको स्थापना गर्ने ।
- वृक्षारोपण र सोको ब्यबस्थापन सम्बन्धि क्षमता तथा जनचेतना अभिवृद्धि गर्ने ।

**कार्यान्वयन कार्यविधि**

यसको लागि तपसिलमा उल्लेख भए बमोजिम गरिने छः

- डिभिजन वन/स्थानीय सरकार/वडा/CBOs/निजि वन संजाल संगको समन्वय सहकार्यमा संरक्षणको प्रत्याभूति सुनिश्चित गरी रोपण गर्नका लागि नेपाल सरकारको स्वामित्व वा निजि स्वामित्व भए कम्तिमा ०.५ हेक्टर भित्रको विना विवादको जमिन (स्थान) पहिचान गरिनेछ।
- स्थान पहिचान गर्दा नदी प्रणालीको हकमा कम्तिमा ०.५ देखि बढीमा १०० हे. क्षेत्रफल सम्मको क्षेत्र पहिचान र नक्सांकन गरिनेछ । यदी यस्तो क्षेत्र उपलब्ध नभएको खण्डमा DFO ले PMU संगको छलफलबाट ५ हे. भन्दा कम क्षेत्रफलको वैकल्पिक क्षेत्र प्रस्ताव गर्न सकिनेछ ।
- नमुना वृक्षारोपणका लागि स्थान छनोट भैसकेपछि उक्त स्थानको तयारिका लागि सम्बन्धित डिभिजन वन कार्यालय, स्थानीय सरकार, समुदाय तथा निजि जग्गाधनिहरुसंग बसेर कार्ययोजना बनाइनेछ ।
- पहिचान भएको क्षेत्र र सो को वृक्षारोपण कार्ययोजना सम्बन्धित कार्यालय प्रमुखलाइ कार्यादेश प्राप्त प्राविधिकले बुझाउनुपर्नेछ । सम्बन्धित क्षेत्रका वन प्राबिधिकहरुलाई सहजीकरण, तालिम, प्रदर्शन लगायत् स्थान सरसफाई, खाडल खन्ने तथा मलजलको ब्यबस्थापन लगायतका कार्यक्रमहरुबारे स्पष्ट रुपमा तालिका बनाई समयमै कार्यान्वयन गरिसक्नुपर्ने कुरा उल्लेख गरिनेछ ।
- बृक्षारोपणका लागि विरुवाको कम्तिमा ३ फिट उचाई भएको गुणस्तरीय बहुबर्षे विरुवा हुनु पर्दछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा वातावरण मन्त्रालय राष्ट्रपति चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा वातावरण मन्त्रालय काठमाडौं

- बृक्षारोपणमा प्रारम्भ गर्नु अघि बृक्षारोपन सुरक्षा लागि आवश्यक पर्ने तारवार बारबन्देज लगाई सक्ने प्रवन्ध मिलाउनु हुनेछ । साथै बृक्षारोपण हेरचाह गर्न आवश्यक पर्ने हेरालु/चौकीदार समुहसंगको समन्वयमा छनौट गरी कामकाज लगाउनु हुन ।
- वृक्षारोपण कार्य संचालन गर्दा site quality, succession र उपभोक्तका चाहानका रुख प्रजातिहरु छनौट गर्नुहुन
- बृक्षारोपणमा विनियोजित रकम खर्च गर्ने आशयले बृक्षारोपण क्षेत्रमा आवश्यक संरचना (हेरालु/पालेघर, पोखरी, पर्याटकीय पुर्वाधार आदी) निर्माण गर्नुका सट्टा बृक्षारोपण गर्दा नै मल, जल, पानी आदीको प्रबन्ध गर्नुपर्ने भए सो गरी बृक्षारोपण सफल बनाउने कार्य गर्नु हुनेछ ।
- निजि जग्गा धनिहरुको हकमा नमुना बृक्षारोपण क्षेत्र स्थापना र विकास गर्नका सहमत रहेको स्वीकारोक्ति सहितको विवरण सहित सम्झौता पत्र तयार गरि सम्झौता गरिनेछ ।
- डि.व.का.हरुको समन्वय र सहकार्यमा सम्बन्धित स्थानीय सरकार र समुदायसँग समन्वय गरि वृक्षारोपणको कार्य अगाडी बढाउनु पर्नेछ।
- प्रजाति अनुसारको निर्धारित दुरी तथा खाडलको साइज कायम गरी रोपण गरिनेछ ।
- निजि जग्गा धनिहरुले आवश्यकता अनुसार कृषि वन प्रणली अवलम्वन गर्न सक्ने छन ।
- रोपण पश्चात वृक्षारोपण क्षेत्रको संरक्षण हेरचाहको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै सरकारी जमिनको हकमा डि.व.का. ले कार्ययोजना बनाई लागत अनुमानमा समेत समावेश गरी व्यबस्था मिलाउनु पर्नेछ भने निजि जमिनको हकमा जग्गाधनी आफैले संरक्षण हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी**

- वृक्षारोपण गरिएको क्षेत्रलाई एउटा नमुना वृक्षारोपणको स्थापना भएको हुनेछ ।
- वृक्षारोपण र सोको ब्यबस्थापन सम्बन्धि क्षमता तथा जनचेतना अभिवृद्धि भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- नमुना बृक्षारोपण र वृक्षारोपण पश्चात सो स्थानको र रोपण गरिएका विरुवाहरुको व्यवस्थापनको लागि आवश्यक पर्ने जनशक्ति डि.व.का., सामुदायिक वन र स्थानीय उपभोक्तासमूहहरु तथा निजी जग्गा धनीहरु परिचालन गरिनेछ ।
- अनुगमन/ प्रतिबेदन योजना

**अनुगमन/ प्रतिबेदन योजना**

- प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डि.व.का. ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- PMU, FAO-TA ले आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्नेछ ।

राष्ट्रिय आयोजना निर्देशक

#### जिम्मेवार निकाय

- PPMU, वन उपभोक्ता समुहहरु, र निजि जग्गा धनीहरू, निजि वन सन्जाल ।

## ३.२.७ खोल्सी तथा तटीय बृक्षारोपण (वास अम्रिसो बृक्षारोपण)

#### पृष्ठभूमी/परिचय

आयोजनाको लक्ष्य बमोजिम चुरे क्षेत्र पुनर्स्थापना मार्फत समुदायहरुको जलवायु उत्थानशीलता वृद्धि गर्न खोल्सी तथा तटीय क्षेत्रमा उपलब्ध भएका खाली भू-भागहरुमा बृक्षारोपण गर्ने कार्यक्रम अनुसार स्थानीय जातको बाँस तथा अम्रिसो प्रजाति वृक्षारोपण गर्ने क्रियाकलाप प्रस्ताब गरिएको छ ।

#### उद्देश्य

- चुरे क्षेत्रको पुनर्स्थापना गर्नका लागि नदी उकास क्षेत्र, क्षतिग्रस्त खोल्सीहरुमा बृक्षारोपण मार्फत वनको पुनर्स्थापनका साथै उपभोक्ताहरुलाई आय आर्जन बृद्धिमा टेवा पुर्याउने।
- खालि जग्गाहरुमा वनजन्य बिरुवा प्रबर्धन मार्फत कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने ।

#### कार्यान्वयन कार्यविधि

यसको लागि तपसिलमा उल्लेख भए बमोजिम गर्न सकिनेछ:

१. खोलाको किनार/बफर स्ट्रिप/ग्रीन बेल्ट/सेल्टरबेल्टमा रुपान्तरण गर्न सकिने स्थलको पहिचान तथा नक्सांकन गरी क्षेत्रफल एकिन गर्ने यो कार्यका लागि वन तथा भू संरक्षण प्राबिधिकहरुले वन उपभोक्ता समूह तथा अन्य समुह , स्थानीय सरकार (मुख्यतः वडा कार्यालय), सम्बन्धित भू तथा जलाधार कार्यालयको सहकार्यमा वन कार्य योजना तथा CERP लाइ आधार मान्दै सम्भावित स्थान पहिचान गर्नेछन् ।यस क्रममा प्राबिधिकहरूले वृक्षारोपण पश्चातको हेरविचार र बिरुवा हुर्काउने कार्यलाइ कसरि प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा पनि सरोकारवाला समुदायहरुसंग छलफल गरि उनीहरुको भूमिका र सम्बेदनशिलतालाइ सुनिस्चित गर्नु पर्नेछ ।यस्तो स्थान एकिन गर्दा एउटा किनाराको मात्र क्षेत्रलाइ लिनुभन्दा सकेसम्म खोला तथा खोल्सीको वारिपारी दुवै किनारामा त्यस्तो क्षेत्र छ भने समेट्ने गरि छनोट गर्नु पर्दछ ।यस कार्यक्रम अन्तगर्त बृक्षारोपण खोल्सा तथा खोल्सीको दुवै तर्फ निजि जग्गामा पनि गर्न सकिन्छ ।

२. Block plantation को लागि उपयुक्त स्थान नभेटिएको खण्डमा उपयुक्त फरकफरक क्षेत्रमा रोपण गरी बिरुवा संख्या/दुरीको आधारमा क्षेत्रफल एकिन गर्न सकिनेछ ।

३. बाँस रोपणको लागि दुई बर्षे बाँसको कटिंग/बाँसको राइजोम (२ बर्षे)/बिउबाट उमारिएको बाँसको हकमा कम्तिमा ३ बर्षको बिरुवा रोपण गरिनेछ

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

४. दुई बर्षे बाँसको कटिंग/बाँसको राइजोमबाट उमारिएको बाँसको बिरुवा उपलब्ध हुन नसकेमा बाँसको Rhizome खरीद संकलन तथा रोपण गर्न सक्नेछ ।

५. खोला किनार/चुरे क्षेत्रमा बाँस रोपण गर्दा ७५ से.मि.* ७५ से.मि.* ७५ से.मि. साईजको खाडल खनेर मलको व्यबस्था सहित रोपण गर्नु पर्नेछ ।

६. बाँस रोपण तथा वृक्षारोपणका लागि स्थान छनोट भैसकेपछि उक्त स्थानको तयारिका लागि स्थानीय सरकार तथा समुदायसंग बसेर कार्य योजना बनाइनेछ जसमा स्थान, सरसफाई, खाडल खन्ने तथा मल जलको ब्यबस्था चैत्र महिना सम्नमा स्पष्ट रुपमा गरिसक्नुपर्ने कुरा उल्लेख गरिनेछ । पहिचान भएको क्षेत्र र सो को वृक्षारोपण कार्ययोजना सम्बन्धित कार्यालय प्रमुखलाइ पेश गर्नुपर्नेछ ।

७. अम्रिसोको राइजोम (३ वटा टुसा सहितको सेट) को व्यबस्था (यथाशक्य स्थानीय स्तरबाट नै) गरी प्वाकल २० से.मि.* २० से.मि.* २८ से.मि साइजको खनेर ८० से.मि.* ८० से.मि. को दुरीमा समोच्च रेखा (contour line) रोपण गरिनेछ ।

८. रोपण पश्चात संरक्षण र रेखदेखको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै आवश्यक घेरावेरा, हेरालु लगायत व्यबस्था मिलाउनु पर्नेछ ।

९. गत आ. ब. हरुमा सम्पन्न गरिएका वृक्षारोपण कार्यको दिगोपनाका लागि पुनरोपण, हेरचाह, रेखदेख लगायत आबश्यक अन्य कार्यहरु पनि यस बजेट शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ।

**अपेक्षित उपलब्धी**

- आयोजना क्षेत्रका खोल्सा खोल्सीहरुको पुनर्स्थापना एंव संरक्षण भै स्थानीय उपभोक्ताहरुको आयआर्जनमा थप वृद्धि भएको हुनेछ
- कार्वन उत्सर्जन न्युनिकरणमा योगदान पुगेको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- PMU, FAO-TA, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

**अनुगमन**

- PMU, FAO-TA ले आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- प्रदेश वन निर्देशनालय अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

**जिम्मेवार निकाय**

- PPMU, वन उपभोक्ता समुहहरु, र निजि जग्गा धनीहरू, निजि वन सन्जाल ।

## ३.२.८. सामुदायिक तथा सार्वजानिक क्षेत्रमा वृक्षारोपण (BN:८३-९७)

**पृष्ठभूमी/परिचय**

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुनरुत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

आयोजनाको लक्ष्य बमोजिम चुरे क्षेत्रको पुनर्स्थापना मार्फत समुदायहरुको जलवायु उत्थानशीलता वृद्धि गर्न समुदायस्तरमा उपलब्ध भएका र वनको रुपमा स्थापना गर्न सकिने खाली भू भागहरुमा वृक्षारोपण गर्न आयोजनाले सहयोग गर्दछ । आयोजना अबधिभर २६ वटा नदी प्रणालीभित्र ५,००० हेक्टर वृक्षारोपण तथा सो को संरक्षण गर्ने कार्यक्रम रहे बमोजिम संकटासन्न परिबारहरुको सहभागितामा अन्य सरोकारवालाहरुको संलग्नतामा वृक्षारोपण कार्यक्रम सन्चालन गरि कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान दिन यो कार्यक्रम प्रस्ताव गरिएको छ।

## उद्देश्य

- चुरे क्षेत्रको पुनर्स्थापनाका लागि सामुदायिक वनक्षेत्रमा उपयुक्त प्रजातिका विरुवाहरु रोपण मार्फत वनको रुपमा विकास र विस्तार गरि कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने ।

## कार्यान्वयन कार्यविधि

चुरे क्षेत्रमा पाइने स्थानीय/रैथाने प्रजातिहरूलाई पुनर्स्थापित गरी चुरे क्षेत्रको संरक्षण गर्न स्थानीय समुदायका मागलाई सम्बोधन गर्ने गरी बहूउद्देशीय मिश्रित प्रजातिहरुका बहुबर्षीय विरुवाहरु रोपण गरिनेछ । यो कार्य सम्बन्धित वन समुह मार्फत तपसिलमा उल्लेख भए बमोजिन गरिनेछ :

- स्थानीय तह/वडा/स्थानीय CBOs संगको समन्वय र सहकार्यमा संरक्षणको प्रत्याभूति सुनिश्चित हुने गरी CERP लाई आधार मानी रोपण स्थलको पहिचान गर्नु पर्नेछ । वृक्षारोपण पश्चात हेरविचार र बिरुवा हुर्काउने कार्यलाइ कसरी प्रभावकारी बनाउन सकिन्छ सो पनि समुदायहरुसंग छलफल गरि उनीहरुको भूमिका सुनिश्चित गर्नु पर्नेछ
- कार्यान्वयनमा सहजता ल्याउनका लागि यस्ता स्थानहरु कम्तिमा पनि ०.५ हे. भएको हुनुपर्नेछ ।
- कार्यादेश प्राप्त वन प्राबिधिकले पहिचान गरीएको क्षेत्रको नक्सांकन गरी क्षेत्रफल एकिन गर्नु पर्नेछ ।
- वृक्षारोपणका लागि स्थान छनोट भैसके पछी उक्त स्थानको तयारिका लागि समुदायसंग बसेर कार्य योजना बनाइनेछ जसमा स्थान, सरसफाई, खाडल खन्ने तथा मल जलको ब्यबस्था स्पष्ट रुपमा कार्य तालिका बनाइ कार्यान्वयन गरिसक्नुपर्ने कुरा उल्लेख गरिनेछ ।
- वृक्षारोपणका लागि हावापानी सुहाउदो र माग भएको प्रजातिको विरुवाहरुको उपलब्धता कुन नर्सरीमा कति परिमाणमा उपलब्ध हुन् सक्छन् सो को एकिन गर्नु पर्नेछ ।
- बृक्षारोपणका लागि विरुवाको कम्तिमा ३ फिट उचाई भएको गुणस्तरीय बहुबर्षे विरुवा हुनु पर्दछ । बृक्षारोपणमा प्रारम्भ गर्नु अघि बृक्षारोपण सुरक्षा लागि आवश्यक पर्ने तारवार बारबन्देज लगाई सक्ने प्रवन्ध मिलाउनु हुनेछ । साथै बृक्षारोपण हेरचाह गर्न आवश्यक पर्ने हेरालु/चौकीदार समुहसंगको समन्वयमा छनौट गरी कामकाज लगाउनु हुन
- वृक्षारोपण कार्य संचालन गर्दा site quality, succession र उपभोक्तका चाहानका रुख प्रजातिहरु छनौट गर्नुहुन

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- बृक्षारोपणमा विनियोजित रकम खर्च गर्ने आशयले बृक्षारोपण क्षेत्रमा आवश्यक संरचना (हेरालु/पालेघर, पोखरी, पर्याटकीय पुर्वाधार आदी) निर्माण गर्नुका सट्टा बृक्षारोपण गर्दा नै मल, जल, पानी आदीको प्रबन्ध गर्नुपर्ने भए सो गरी बृक्षारोपण सफल बनाउने कार्य गर्नु हुनेछ ।
- बृक्षारोपण पश्चात संरक्षण र रेखदेखको निन्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै उचित घेराबेरा, हेरालु लगायतको व्यवस्था मिलाउनु पर्नेछ ।

अपेक्षित उपलब्धी

- खालि रहेका भू-भागहरुमा बृक्ष रोपण भई हरियालीमा वृद्धि तथा पारिस्थितिकीय प्रणाली पुनर्स्थापनाका साथसाथै वन पैदावारको उपयोग र बिक्री वितरणवाट समुदायको जीविकोपार्जनमा योगदान पुगेको हुनेछ
- कार्वन उत्सर्जन न्युनिकरणमा योगदान पुगेको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- डि.व.का मा उपलब्ध कर्मचारीहरु तथा सामुदायिक तथा साझेदारी वन संजाल र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन

- PMU, FAO-TA ले आबश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMU, सम्वन्धित उपभोक्ता समुहहरु

## ३.२.९. विउ खरिद तथा छरेर पुनरुत्पादन गर्ने (बाँस, सिसौ, खयर र सिमल)

पृष्ठभूमी/परिचय

आयोजनाको चुरे क्षेत्रको वन पुनर्स्थापना मार्फत समुदायहरुको जलवायु उत्थानशीलता वृद्धि गर्न लक्ष्य रहेको छ । चुरे क्षेत्र अन्तर्गत स्थानियस्तरका वन क्षेत्रमा रहेको खाली भू भागहरुमा वृक्षारोपण गर्न उपयुक्त नभएका २६ वटा नदी प्रणालीभित्र क्षेत्रहरु समुहमा आधारित वन, नदी उकास क्षेत्र वा चुरे क्षेत्रमा रहेको खाली क्षेत्रहरुमा वनको विकास र विस्तारका लागि वृक्षारोपणका लागि विउ खरिद तथा छरेर पुनरुत्थान गर्ने (बाँस, सिसौ, खयर र सिमल आदी प्रजातिहरु) कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

उद्देश्य

चुरे क्षेत्रको पुनर्स्थापनाका लगि समुहमा आधारित वनक्षेत्रमा वृक्षारोपणका लागि विउ खरिद तथा छरेर वनको विकास र विस्तारका गरी पुनरुत्थान गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

## कार्यान्वयन कार्यविधि

चुरे क्षेत्रमा पाइने स्थानीय/रैथाने प्रजातिहरूलाई पुनर्स्थापित गरी चुरे क्षेत्रको संरक्षण गर्न स्थानीय समुदायका मागलाई सम्बोधन गर्ने गरी बहूउद्देशीय मिश्रित प्रजातिहरुका बहुबर्षीय बिरुवाहरुको विउ खरिद तथा छरेर वनको पुर्नस्थापना गरिनेछ । यो कार्य सम्बन्धित वन समुह मार्फत तपसिलमा उल्लेख भए बमोजिम गरिनेछ :

- स्थानीय तह/वडा/स्थानीय CBOs संगको समन्वय र सहकार्यमा संरक्षणको प्रत्याभूति सुनिश्चित हुने गरी CERP लाई आधार मानी विउ खरिद तथा छरेर वनको पुर्नस्थापना गर्ने स्थलको पहिचान गर्नु पर्नेछ ।
- विउ खरिद तथा छरेर वनको पुर्नस्थापनाका लागि स्थान छनोट भैसके पछी उक्त स्थानको तयारी लागि स्थानिय वन समुदायसंग बसेर कार्य तालिका तयार गरी स्थान सरसफाई, आवश्यकता अनुसार खनजोत गरी जमिनको तयारी गरिनेछ ।
- विउ खरिद तथा छरेर वनको पुर्नस्थापना कार्यक्रमको लागि हावापानी सुहाउदो र माग भएको प्रजातिको विउ कति परिमाण आवश्यक हो सो को एकिन गर्नु पर्नेछ ।
- वृक्षारोपण कार्य संचालन गर्दा site quality, succession र उपभोक्तका चाहानका रुख प्रजातिहरुका वीउ छनौट गर्नुहुन ।
- स्थानिय वन समूहहरुसंग सामाजिक र वातावरणीय पक्षहरुको सहमित, विउ खरिद तथा छरेर वनको पुर्नस्थापना कार्यक्रमको क्षेत्र स्थान छनोट, नापनक्सा तयार गरी सो सम्बन्धमा स्थानिय समुदायहरुलाई जानकारी र सहमित पश्चायत सम्झौता गरी बीउ छर्ने कार्यक्रम सम्पन्न गर्नु पर्दछ ।
- विउ खरिद तथा छरेर वनको पुर्नस्थापना कार्यक्रम पश्चात हेरविचार र बिरुवा हुर्काउने कार्यलाइ कसरी प्रभावकारी बनाउन सकिन्छ सो पनि समुदायहरुसंग छलफल गरि उनीहरुको भूमिका सुनिश्चित गर्नु पर्नेछ
- विउ खरिद तथा छरेर वनको पुर्नस्थापना कार्यक्रम पश्चात संरक्षण र रेखदेखको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै उचित घेरवेरा, हेरालु लगायतको व्यबस्था मिलाउनु पर्नेछ ।

## अपेक्षित उपलब्धी

- चुरे क्षेत्र अन्तर्गत खालि रहेका भू-भागहरुमा आवश्यकता अनुसार बीउ छरी वनको पुर्नस्थापना भई हरियालीमा वृद्धि तथा पारिस्थितिकीय प्रणाली पुनर्स्थापनाका साथसाथै वन पैदावारको उपयोग र बिक्री वितरणवाट समुदायको जीविकोपार्जनमा योगदान पुगेको हुनेछ
- कार्वन उत्सर्जन न्युनिकरणमा योगदान पुगेको हुनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय राष्ट्रपति चुरे तराई मधेश संरक्षण... आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

### जनशक्ति व्यवस्थापन

- बीउ छरी वनको पुर्नस्थापनाका लागि क्षेत्र पहिचान सर्भेक्षण, नापनक्सा, स्थान छनोट, समूहसँग छलफल क्षमता विकास र सन्झौता आदी कार्यक्रमहरुको कार्य तालिका तयार गरी कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति PPMU र स्थानिय वन समुह र स्थानीय वन उपभोक्ता समूहहरुले व्यवस्थापन गर्नु पर्दछ ।

### अनुगमन/ प्रतिबेदन

- PMU/PPMU, FAO-TA, का विज्ञहरुले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

### जिम्मेवार निकाय

- PPMU, वन उपभोक्ता समुहहरु, र निजि जग्गा धनीहरू, निजि वन सन्जाल ।

## ३.२.१०. विरुवा उत्पादन/खरिद वितरण (BN: ६६, ६७, ७३, ७५, ७९, ८१)

### पृष्ठभूमी/परिचय

आयोजना कार्य क्षेत्रमा स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक वन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम आयोजनाका २६ वटा नदी प्रणाली अन्तर्गतका कार्य क्षेत्रमा स्थापना भएका नर्सरीहरुबाट गुणस्तरीय बहुबर्षीय विरुवाहरु उत्पादन गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन वन कार्यालय र स्थानीय वन उपभोक्ता समूहहरुको सहकार्य र सम्न्वयमा गुणस्तरीय बिरुवाहरु उत्पादन गर्ने तथा समुदायको माग बमोजिम उत्पादनले अपुग भएमा खरिद गरि बितरण गर्ने कार्यक्रम समेत रहेको छ ।

### उद्देश्य

- स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन तथा खरिद गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक वन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने ।

### कार्यान्वयन कार्यविधि

- PPMU, डि.व.का. र वन उप्भोक्ता समुहहरुसंगको समन्वयमा भैरहेका नर्सरीहरुको अबस्था तथा उत्पादन क्षमताको बारेमा एकिन पहिचान गरी अभिलेखिकरण गर्ने ।
- स्थानीय समुदायबाट विरुवाको माग (प्रजाति सहित) संकलन गर्ने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

- तत्पश्चात स्वीकृत बार्षिक कार्यक्रम अनुसार कुन कुन क्षेत्रमा वृक्षारोपण गर्ने हो, कुन कुन बिरुवाको माग भै आएको छ भन्ने कुराहरुलाई विचार गर्दै, कुन नर्सरी मा कति बिरुवा उत्पादन गरिने हो सो निक्यौल गर्ने
- यदि थप नर्सरी स्थापना गरि विरुवा उत्पादन गर्नु पर्ने भए कति वोटा र कहाँ गर्ने हो सो समेत निक्यौल गर्ने ।
- नयाँ नर्सरी स्थापना गर्नु पर्ने भएमा डि.व.का. र समूहसंग छलफल गरी उपयुक्त स्थान छनौट गरि नर्सरी निर्माण कार्य गर्ने ।
- समुदायको माग तथा आयोजनाको उद्देश्य अनुरुप तपशिलमा उल्लेखित प्रजातिका विरुवा उत्पादन गर्न लागत अनुमान तयार र स्वीकृत गरि कार्यान्वियनमा लाने ।
- माथि उल्लेखित ३.३.८ नर्सरीहरुमा आवश्यकता पहिचान गरिएका गुणस्तरीय विरुवाहरु कम्तिमा ४"* ७" (बहुबर्षीय बिरुवाको हकमा ५"*८" साइजमा प्राथमिकता दिनेगरी) को पोलीव्यागमा गरी CERP ले निर्देशित गरेका स्थानहरुमा वृक्षारोपण, पुनःरोपण तथा वितरण कार्य गरिनेछ ।
- माथि उल्लेखित नर्सरी स्थापना/मर्मत/स्तरोन्नतीको कार्य नभएमा/ हुन नसकेमा निजि नर्सरी संचालकहरुसंग खरिद सम्झौता गरि (आवश्यक प्रजाति, संख्या, गुणस्तर आदि खुलाई) यस शिर्षकमा बिनियोजन भएको बजेटबाट नियमानुसार खरिद आपूर्ति गरि तोकिएको स्थानमा वृक्षारोपण, पुनःरोपण तथा वितरण कार्यमा प्रयोग गरिनेछ ।

**तपसिलः**

१. १. एक बर्षे बिरुवा (३"*७" साइजको पोलीव्यागमा उत्पादन गरिने): मसला, सिरिस, बकाइनो, कदम, खयर, खन्यु, खमारी, टाँकि, कोइरालो आदि जस्ता छिटो बढ्ने प्रजातिहरू२. बहु बर्षे बिरुवा (५"*८" साइजको पोलीव्यागमा उत्पादन गरिने): टिकको कटिंग, जामुन, च्युरी, साल, अनार, अम्बा, तेजपात, अशोक, निम, हर्रो, बर्रो, अमला, चाँप, श्रीखण्ड, कर्मा, असना, बिउ बाँस, कपुर, कल्की फुल, रुद्राक्ष, रक्तचन्दन, सतिसाल, निमारो, राजवृक्ष आदि

**अपेक्षित उपलब्धी**

- आयोजना क्षेत्रमा रोपण गर्नको लागि गुणस्तरीय विरुवाहरु उत्पादन तथा खरिद गरि वितरण र रोपण हुने
- कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुग्ने ।

**जनशक्ति व्यवस्थापन**

- PPMUs, PMU, FAO-TA, डि.व.का., बन उपभोक्ता समुहहरु ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुनर्उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

**अनुगमन**

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र डि.व.का. ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।
- यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था सनेत मिलाइनेछ ।

**जिम्मेवार निकाय**

- PPMU, वन उपभोक्ता समुहहरु ।

## ३.२.११. वन कार्ययोजना कार्यान्वयन (सम्बन्धित समुह मार्फत (BN: ५०-५२))

**पृष्ठभूमी/परिचय**

चुरे उत्थानशील आयोजनाको उद्देश्य अनुरुप समुदायमा आधारेत वन समुहहरूको कार्ययोजनामा उल्लेखित समूह ब्यबस्थापन, वन व्यवस्थापन, वन व्यवस्थापन कार्ययोजना अनुरुपका वन पैदावार सदुपयोग र वन उद्यम (पर्यापर्यटन बाहेक) सम्बन्धित तपशिल बमोजिमका विभिन्न क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्नको लागि सहयोग उपलब्ध गराउन यो कार्यक्रम प्रस्ताव गरिएको छ

**उद्देश्य**

- वन समुहहरुको कार्ययोजनामा उल्लेखित समूह ब्यबस्थापन, वन व्यवस्थापन, जिविकोपार्जनमा टेवा पुर्याउने क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्न वन उपभोक्ता समूहहरुलाई सहयोग उपलब्ध गराउनु ।

**संचालन गरिने क्रियाकलापहरु:**

समुदायमा आधारित वन उपभोक्ता समुहहरुको कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुका साथै जलवायु उत्थानसील कार्यक्रमहरुलाई मध्येनजर गरी देहायका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

- बन उपभोक्ता समिति मार्फत समुह परिचालन तथा सशक्तिकरणका कार्यहरु गर्ने
- जलवायु उत्थानशील दिगो वन ब्यवस्थपन कार्यक्रमलाई समेत समावेश गरि कार्यान्वयन गर्ने ।
- आगलागी नियन्त्रणका लागि आवश्यक कार्यहरु गर्ने जस्तैः अग्नि रेखा निर्माण
- वन उपभोक्ता समिति मार्फत समुह परिचालन तथा सशक्तिकरणका कार्यहरु गर्ने
- चरिचरण व्यावस्थापन
- वन क्षेत्र मार्फत समुदायको आम्दानि अभिवृद्धि तथा जीविकोपार्जनमा सहयोग पुग्ने क्रियाकलापहरू
- वन सम्बर्धन (सिल्विकल्चरल ओपरेशन) का कार्यहरु
- वन संरक्षण व्यवस्थाहरु गर्ने (चुरेको संबेदनशील क्षेत्रहरु वरिपरी आवश्यकता अनुसार तारपालेको ब्यबस्था सहित तारवार गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

- क्षतिग्रस्त वन क्षेत्रमा वन प्रजातिहरुका बिउ छरि वनको पुनर्स्थापना गर्ने (Drone प्रयोग गर्न सकिनेछ)
- वन पुनरुत्पादनका लागि Cultural and Tending operation गर्ने ।
- भू-संरक्षणका बिभिन्न उपायहरु तथा स-साना संरचनाहरुको निर्माण गरि वनको पुनर्स्थापना गर्ने
- लगायत अन्य यस्तै वन क्षेत्रका पुनर्स्थापना र वनको हैसियत अभिबृधि गर्ने कार्यहरु

**<u>सहयोग नगरिने क्रियाकलापहरुः</u>**

- कार्ययोजनामा उल्लेख भए पनि वन क्षेत्रभित्र पर्यपर्यटनका नाममा कंक्रिट संरचना निर्माण गर्न
- रुख कटान, मुछान तथा घाटगद्दी लाइ गरिने नगद सहयोग
- वनको पारिस्थितिकिय प्रणालीलाइ सुधार गर्ने भन्दा त्यसलाई नकारात्मक असर गर्न सक्ने कुनै पनि क्रियाकलापहरु
- पर्यपर्यटनसंग सम्बन्धित कार्यक्रमहरु संचालन

**<u>कार्यान्वयन कार्यविधि</u>**

- डि.व.का. संगको समन्वयमा यस आयोजनाको कार्यक्षेत्र भित्र रहेका स्वीकृत कार्ययोजनाको अवधि समाप्त बहाल रहेका वन उपभोक्ता समुहहरुको सूची तयार गर्ने ।यो कार्य स्थानीय श्रोत व्यक्ति, वन प्राविधिक, वन उपभोक्ताका स्थानीय महासंघ नेतृत्व तथा सामुदायिक वन उपभोक्ता समितिको सहकार्यमा पहिलो त्रैमासिक महिना भित्र तयार पार्नु पर्नेछ ।
- डि.व.का. र समूहसंग छलफल गरी वनको प्रकृति, आयोजनाको लक्ष्य तथा उद्धेश्य र समुहको चाहना बमोजिम कुन क्रियाकलाप संचालन गर्नु उपयुक्त हुन्छ सहजकर्ता तथा वन बिज्ञ/अधिकृतहरुले छलफल तथा सहजीकरण गर्ने , र त्यो क्रियाकलाप निश्चित गर्ने ।
- यसरि गरिएको तयारीमा कुन सा ब को कुन ब्लकमा के के कार्यहरु गर्ने हो सो को विवरण, आयोजनाबाट गरिनुपर्ने समुदायसंगको अन्तरक्रिया, आबश्यक FPIC को कागजातहरु तथा गरिने कार्यको दिगोपनको लागि समुदायको प्रतिबद्दता (बैठक निर्णय) समेत राख्नु पर्दछ ।
- यस पश्चात कार्यादेश प्राप्त वन प्राविधिकले लागत अनुमान तयार र स्वीकृत गरि उपभोक्ता समूहहरु मार्फत कार्यान्वयनमा लैजानु पर्ने छ ।
- निश्चित गरिएका कार्यहरु संचालन गर्न गराउन लाग्ने सबै किसिमका ज्यामी/ मिस्त्री, निर्माण सामग्री लगायतका खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्र्याक्टर जस्ता मेशिनको प्रयोग गर्नै पर्ने भएमा सो को भाडा/खर्च समेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

### अपेक्षित उपलब्धी

- स्वीकृत कार्ययोजनामा समावेश भए बमोजिमका क्रियाकलापहरु कार्यान्वयन भई वन तथा वन क्षेत्रको पारिस्थितिकिय प्रणाली को राम्रो व्यवस्थापन भएको हुनेछ ।

### जनशक्ति व्यवस्थापन

- PPMUs, FOA-TA वन उपभोक्ता समुहहरु ।

### अनुगमन

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र डि.व.का. ले अनुगमन बनाइ सरोकारवालाहरुको स्लग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था स्मेत मिलाइनेछ ।

### जिम्मेवार निकाय

- PPMU, वन उपभोक्ता समुहहरु ।

## ३.२.१२. कृषि वन नर्सरीमा विरुवा उत्पादन/ वितरण) BN:२३) (प्रति नर्सरी १० हजार बिरुवा))

### पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य अनुसार दिगो प्रकृतिक स्रोत व्यवस्थापन गर्न कृषक स्तरमा १२० वटा साना कृषिवन नर्सरी स्थापना गर्ने र उत्पादित डालेघाँसका बिरुवाहरु कृषकको खेतबारी परिसरमा नै खेति गर्न लगाई डालेघाँस उत्पादन गरी पशु आहारमा आत्मनिर्भर बन्दै वन क्षेत्रमा पर्ने दबाव कम गर्न कृषि वन नर्सरी स्थापना गरि विरुवा उत्पान्दन गर्ने र उत्पादन गर्न नसकेको तर उपभोक्ताको माग बढी भएका विरुवाहरु खरिद गरी उपलब्ध गराउन यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

कृषिवन नर्सरीमा उत्पादन गरिएका डालेघाँसका विरुवाहरु उत्पादन स्थल देखि ढुवानी गरि टाढा लैजानु परेमा प्रदेश आयोजन व्यवस्थापन इकाईबाट स्थानिय दरभाउ अनुसार संबन्धित स्थान सम्म ढुवानीको व्यवस्था गरि दिनुपर्नेछ

### उद्देश्य

- कृषि वन साना नर्सरी मार्फत प्रत्येक नदी प्रणाली अन्तर्गत स्थानीय कृषकहरुको माग अनुसार कृषक स्तरमा लोकप्रीय बिभिन्न डालेघाँसका बिरुवा उत्पादन गरी निशुल्क बितरण गर्ने र कृषकहरुलाई आबश्यक पर्ने डालेघाँस कृषकले आफ्नै जमीनमा उत्पादन गरी चुरेमा पर्ने दबाबलाई न्यूनिकरण गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

## कार्यान्वयन कार्यविधि

- साना कृषि वन नर्सरी स्थापना तथा संचालनका लागि आवश्यक पर्ने उत्पादन सामाग्री प्रदेश आयोजना व्यवस्थापन ईकाइबाट नर्सरीको लागत अनुमान तयार गरी सो अनुसार नर्सरी संचालन तथा व्यवस्थापन गर्न कृषि वन नर्सरी तालिम प्राप्त कृषक तथा नर्सरी व्यवसायीक कृषकहरुसँग अनुसूची २ अनुसार निबेदन माग गर्ने ।
- कृषि वन नर्सरी संचालन गर्ने आशय साथ निबेदन दिएका कृषकहरुलाई दिगोरुपमा साना कृषिवन नर्सरी संचालन गर्न अनुसूची ४ को आधार मा सम्झौता गर्ने ।
- सम्झौतामा उल्लेखित परिमाण अनुसार डालेघाँसका बिरुवा उत्पादन गर्न सम्झौता अनुसार उत्पादन सामाग्री उपलब्ध गराउने ।
- नर्सरी सन्चालकलाई कार्य संचालनका लागि नियमानुसार पेश्की उपलब्ध गराउनु पर्नेछ ।
- कृषिवन नर्सरीमा उत्पादन गरीएका डालेघाँसका बिरुवाहरुको निरिक्षण कृषक पाठशालाका सहजकर्ता, प्राबिधिक सहायक, आयोजना ब्यवस्थापन इकाइ र FAO-TA बाट गर्नु पर्नेछ ।
- सहजकर्ताबाट महिनाको २ पटक, प्राबिधिक सहायकबाट आवश्यकता अनुसार, आयोजना ब्यवस्थापन ईकाइ बाट महिना १ पटक र FAO-TA बाट महिनाको एकपटक अनुगमन गर्नु पर्नेछ ।
- नर्सरीमा उत्पादित डालेघाँसका बिरुवाहरु कृषकहरुलाई बितरण गरी सो को अभिलेख नर्सरी संचालकले आयोजना व्यवस्थापन इकाईमा पेश गर्नु पर्नेछ । बितरणका लागि तयार बिरुवाको डाँठको साईज शिसाकलमको मोटाई अनुसार र उचाई कन्तीमा १.५ फिटको हुनु पर्नेछ ।
- नर्सरी स्थापनाको लागि आयोजनाबाट उपलब्ध गराउने सामाग्रीहरु तथा भुक्तानी हुने ज्याला लगायत लागत अनुमानमा उल्लेखित अन्य पारिश्रमिकको विवरण अनुसूची ३ बमोजिम हुनेछ ।
- यस प्रकृयाबाट कृषि वन नर्सरी स्थापना कार्यक्रम मार्फत कृषकहरुलाई एक पटकको लागि मात्र अनुदान प्रदान गरीने छ र त्यसपछि कृषक स्वयमले कृषि वन नर्सरी संचालन गरी निरन्तरता दिनु पर्नेछ ।
- नर्सरी संचालनका लागि आवश्यक सामाग्री आयोजनाको तर्फबाट उपलब्ध गराउने वा नर्सरी संचालक स्वयंले खरिद गरी भुक्तानीका लागि पेश गर्ने भन्ने विषय सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
- साना कृषिवनको नर्सरीमा उत्पादित बिरुवाहरुको वितरणका लागि आवश्यकता अनुसार ढुवानीको ब्यबस्था मिलाइनेछ ।
- डालेघांस उत्पादन संगै अन्य उपयोगक कृषि वन लगाउन चाहाने कृषकलाई तेजपात मरिच सुपारी लगायतका २० प्रतिशत सम्म विरुवा मिश्रण गरी उत्पादन गर्न र कृषि वन लगाउन प्रोत्साहान गरिनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय ... उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

अपेक्षित उपलब्धी

- कृषिवन बिकसका लागी बिभिन्न प्रजातीका डालेघाँसकाबिरुवाहरु उत्पादन गरि कृषकहरुलाई बितरण गर्ने, कृषकको फार्म परिसरमा वा सनुदयिक्र जग्गामा घाँसरोपण रोपण गर्न लगाई घाँस उत्पादनमा बृद्धि हुने र पशु स्वस्थ्य भई उत्पादन लागतमा कमि आउने ।
- कृषकको फार्म परिसरमा डालेघाँस उत्पादन भै घाँस संकलनका लागि चुरेक्षेत्रमा पर्ने दवाबलाई न्यनिकरण हुने
- चुरेक्षेत्रको प्राकृतिक स्रोत संरक्षण भई कार्वन सिक्विस्ट्रेसनमा बृद्धि हुने ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त PPMU का वन तथा जलाधार अधिकृतहरु, वन बिज्ञहरु, FAO-TA कृषि वन बिज्ञ, निजि नर्सरी गर्ने किसान, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिनेछ ।

अनुगमन

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले FAO-TA कृषि वन बिज्ञ तथा अनुगमन बिज्ञको सहजीकरणमा सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी PPMU ले PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।
- यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था समेत मिलाइनेछ ।

जिम्मेवार निकाय

- PPMU, नर्सरी संचालक

## ३.२.१३. निजी वन प्रवर्धन हेतु गत आ.व. मा उत्पादित विरुवाको ढुवानी तथा सहयोग (BN: ६६, ६७, ६९, ७३, ७४, ७५. ७९, ८०, ८१)

पृष्ठभूमी/परिचय

निजी वन प्रवर्धनको लागि उत्पादित तथा खरिद गरिएका विरुवाहरु नदी प्रणालीहरुमा रहेका विभिन्न समुदायहरुमा पुर्याउनु पर्ने हुँदा सो प्रयोजनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

उद्देश्य

- उत्पादित तथा खरिद गरिएका विरुवाहरु निजी वन प्रवर्धनको लागि इच्छुक समुदायसम्म पुर्याउने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

कार्यान्वयन कार्यविधि

- निजी व्यक्तिबाट रोपण गर्न चाहेका प्रजातिहरुको माग संकलन गर्ने
- निवेदन बमोजिम उपलब्ध श्रोत अनुसार विरुवाहरुको उपलब्धता सुनिश्चित गर्ने ।
- निवेदन बमोजिम ढुवानी गर्नु पर्ने स्थानहरुको क्लस्तरिंग गरि ढुवानीको व्यवस्था गर्ने ।

अपेक्षित उपलब्धी

- व्यक्तिहरुले आफ्नो गाउँस्तरमै गुणस्तरीय विरुवा प्राप्त गरि रोपण गरेका हुनेछन ।

जनशक्ति व्यवस्थापन

- PPMUs, FAO-TA, वन उपभोक्ता समुहहरु. र स्थानीय सरकार ।

अनुगमन

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र सम्वन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था समेत मिलाइनेछ

जिम्मेवार निकाय

- PPMU, वन उपभोक्ता समुहहरु ।

गत आ.व. मा निजी वन प्रवर्धनको लागि उत्पादन गरी नर्सरीमा रहेका विरुवाहरु स्थानीय जनताको माग वमोजिम रोपण गरिने स्थान सम्म पुर्याउन लाग्ने ढुवानी तथा अन्य आवश्यक सहयोगका लागि यस शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

## ३.२.१४ गत आ.व. मा उत्पादित बहुबर्षीय बांसको कलमी बिरुवा प्यांकेजिङ्ग, ढुवानी तथा वितरण सहयोग (हजारमा)

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको मुख्य प्रजातिहरू मध्ये बाँस पनि एक हो । बाँसको माग पनि बढी रहेकोले प्रदेश आयोजना व्यवस्थापन इकाइले नर्सरी स्थापन गरी बाँसको कलमी बेर्ना पनि उत्पादन गर्दै आएको छ । अहिले ति बिरुवाहरु वितरण योग्य भएको र त्यसकोलागी सुरक्षित साथ् ढुवानी गर्न जुटको बोरा लगायत अन्य उपयुक्त सामाग्री परयोग गरि प्याकेजिंग गरि रोपन गर्ने क्षेत्र सम्म लैजान लाग्ने खर्चकोलागि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- बहु बर्षिय बाँस विरुवाहरु रोपन गर्ने स्थानमा लैजान प्याकेजिंग गरि सुरक्षितसाथ ढुवानी गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार काठमाडौं

कार्यान्वयन कार्यविधि

- बाँस रोपन गर्ने स्थान र आवश्यक बाँसको संख्या यकिन गर्ने ।
- नर्सरीमा उपलब्धताको यकिन गर्ने
- आवश्यक प्याकेजिंगको सामाग्रीको व्यवस्थापन गर्ने
- सुरक्षित साथ वेर्ना निकालेर प्याकेजिंग गर्ने
- ढुवानीको लागि आवश्यक साधनको व्यवस्था गर्ने । यसकोलागी आवश्यक प्रक्रिया पुर्याएर ढुवानी सेवा खरिद गर्ने ।
- विरुवाहरुको सुरक्षित साथ रोपण गर्ने स्थानसम्म पुर्याउने ।

अपेक्षित उपलब्धी

- नर्सरीबाट रोपन गर्ने स्थान सम्म बेर्नाहरु सुरक्षित साथ् ढुवानी भएको हुने छ ।

जनशक्ति व्यवस्थापन

- PPMU र वन उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन

- पारेच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) कार्यालयले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ। यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था समेत मिलाइन्छ ।

जिम्मेवार निकाय

- PPMU, वन उपभोक्ता समुहहरु ।

## ३.२.१५ बाँसको कलमी विरुवा उत्पादन तथा वितरण (BN: ६४, ७०, ७६)

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको सम्वेदनशिलतालाई ध्यानमा राखी त्यहाँको पारिस्थितिकय प्रणाली र समुदायको आयआर्जनमा सुधार ल्याउनका लागि आयोजनाले बाँसको प्रवर्धनलाइ प्राथमिकताका साथ अगाडी बढाउन खोजेको छ । यसका लागी गुणस्तरीय बाँसका कलमी विरुवा उत्पादन तथा खरिद गरि नदी प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्नकालागी यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

उद्देश्य

- गुणस्तरीय बाँसका कलमी विरुवा उत्पादन तथा खरिद गरि नदी प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

- खालि रहेका भूमिमा बास प्रबर्धन मार्फत वायुमण्डलिय कार्बन अबशोषणमा सहयोग गर्ने र नदी तटीय क्षेत्रको अनुकुलन क्षमता वृद्धि गर्ने

## कार्यान्वयन कार्यविधि

- प्रदेशगत रुपमा बाँस रोपनको लागि राखिएको समग्र लक्ष्य (आगामी आब मा समेत) तथा यस आ. ब. मा कलमी बिरुवा उत्पादन गर्न राखिएको लक्ष्य र गत आ. व. मा उत्पादन गरिएको भए सो को अवस्था/ उपलब्धता आदि बारे ब्यबस्थापन इकाईस्तरमा छलफल गर्ने र सम्भाब्य क्षेत्र तथा माग र श्रोतको उपलब्धतालाई बिचार गरि उत्पादन गर्न आबश्यक संख्या एकिन गर्ने ।
- सोहि बमोजिम प्राबिधिक टोलिले बाँस रोपणका लागि उपयुक्त स्थानको सम्भाव्यता अध्ययन गरि प्रतिबेदन पेश गर्ने र कार्यालय प्रमुखले कार्यादेश दिएको वन प्राबिधिकले स्थान छनोट र आबश्यक तयारि गर्ने ।
- बाँसको कलमी बिरुवा उत्पादन गर्न पायक पर्ने स्थानमा सार्वजनिक/ निजि जग्गा बार्षिक रुपमा भाडामा लिई कम खर्चिलो तरिकाले घेरा बेरा गरी हेरालुको प्रबन्ध समेत मिलाई उत्पादन गर्न सकिनेछ ।
- कटिंग तयारीको एउटा बाँसको घनाबाट कम्तिमा १० बटा कटिंग तयार हुने गरी १ बर्ष पुरानो बाँसको छनौट गर्नु पर्नेछ ।
- कटिंग बिरुवालाई कम्तिमा २ बर्ष नर्सरीमा राखी मात्र रोपण गरिनेछ यसरी थप अर्को बर्ष नर्सरीमा उक्त कटिंग बिरुवाको हेरचाह तथा संरक्षणको निम्ति आबश्यक खर्च (ल.ई./जिल्ला दररेट अनुसार) को व्यबस्था समेत गरिनेछ ।
- बाँसको कलमी बिरुवा उत्पादन कार्य सम्भव नदेखिएमा नजिकको अनुभवी निजि नर्सरी धनीसंग समेत सम्झौता गरी अग्रिम पेश्की रकम (अधिकत्तम ६०%) उपलब्ध गराई २ बर्षे कटिंग विरुवा उत्पादन गर्न सकिनेछ ।
- सो पनि सम्भव नदेखिएमा निजि वन नर्सरी संग २ बर्षे बाँसको कटिंग बिरुवा खरिद गरी वितरण गरिनेछ २ बर्षे कटिंग विरुवा खरिद गर्दा जिल्ला दररेट को आधारमा खरिद गरिनेछ यसरी २ बर्षे कटिंग विरुवा खरिद गर्दा स्वीकृत कार्यक्रमना तोकिएको संख्या भन्दा कम भएपनि फरक पर्ने छैन ।

## अपेक्षित उपलब्धी

- गुणस्तरीय कलमी बाँसका विरुवा उत्पादन तथा खरिद भई नदी प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण भएको हुने ।
- खालि रहेका भूमिमा बाँस प्रबर्धन मार्फत नदी तटीय क्षेत्रको अनुकुलन क्षमता वृद्धि भएको हुने र वायुमण्डलिय कार्बन अबशोषणमा सहयोग पुगेको हुने ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

### जनशक्ति व्यवस्थापन

- PPMUs, PMU, FAO-TA, वन उपभोक्ता समुहहरु ।

### अनुगमन

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

### जिम्मेवार निकाय

- PPMU, वन उपभोक्ता समुहहरु ।

## ३.२.१६. बहुबर्षिय बांसको नर्सरी स्थापना

### पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको सम्बेदनशिलतालाई ध्यान्मा राखी त्यहाँको पारिस्थितिकीय प्रणाली र समुदायको आयआर्जनमा सुधार ल्याउनका लागि आयोजनाले बाँस्को प्रवर्धन्लाइ प्राथमिकताका साथ अगाडी बढाउन खोजेको छ । यसका लागी गुणस्तरीय बाँसका बिरुवा उत्पादन तथा खरिद गरि नदी प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्नकालागी यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

### उद्देश्य

- गुणस्तरीय बाँसका बिरुवा उत्पादन तथा खरिद गरि नदी प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्ने ।
- खालि रहेका भूमिमा बास प्रबर्धन मार्फत वायुमण्डलिय कार्बन अबशोषणमा सहयोग गर्ने र नदी तटीय क्षेत्रको अनुकुलन क्षम्ता वृद्धि गर्ने ।

### कार्यान्वयन कार्यविधि

- प्रदेशगत रुपमा बाँस रोपणको लागि राखिएको समग्र लक्ष्य (आगामी आब मा समेत) तथा यस आब मा कलमी बिरुवा उत्पादन गर्न राखिएको लक्ष्य र गत आ ब मा उत्पादन गरिएको भए सो को अवस्था/ उपलब्धता आदि बारे ब्यबस्थाप्न इकाईस्तर मा छलफल गर्ने र सम्भाब्य क्षेत्र तथा माग र श्रोतको उपलब्धतालाई बिचार गरि उत्पादन गर्न आबश्यक संख्या एकिन गर्ने ।
- सोहि बमोजिम प्राबिधिक टोलिले बाँस रोपणका लागि उपयुक्त स्थानको सम्भाव्यता अध्ययन गरि प्रतिबेदन पेश गर्ने र कार्यालय प्रमुखले कार्यादेश दिएको वन प्राबिधिकले स्थान छनोट र आबश्यक तयारि गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

- बाँसको कलमी बिरुवा उत्पादन गर्न पायक पर्ने स्थानमा सार्वजनिक/ निजि जग्गा बार्षिक रुपमा भाडामा लिई कम खर्चिलो तरिकाले घेरा बेरा गरी हेरालुको प्रबन्ध समेत मिलाई उत्पादन गर्न सकिनेछ ।
- कटिंग तयारीको एउटा बाँसको घनाबाट कम्तिमा ८० वटा कटिंग तयार हुने गरी १ बर्ष पुरानो बाँसको छनौट गर्नु पर्नेछ ।
- कटिंग बिरुवालाई कम्तिमा २ बर्ष नर्सरीमा राखी मात्र रोपण गरिनेछ यसरी थप अर्को बर्ष नर्सरीमा उक्त कटिंग बिरुवाको हेरचाह तथा संरक्षणको निम्ति आबश्यक खर्च (ल.ई./जिल्ला दररेट अनुसार) को व्यबस्था समेत गरिनेछ
- बाँसको कलमी बिरुवा उत्पादन कार्य सम्भव नदेखिएमा नजिकको अनुभवी निजि नर्सरी धनीसंग समेत समेत सम्झौता गरी अग्रिम पेश्की रकम (अधिकतम ६०%) उपलब्ध गराई २ बर्षे कटिंग विरुवा उत्पादन समेत गर्न सकिनेछ । यसका लागि मंसिर मसान्त अगावै आफ्नो क्षेत्रलाई आबश्यक जम्मा बिरुवा संख्या तथा गुणस्तर एकिन गरि सो को उत्पादनका लागि सम्बन्धित धनि/उत्पादकसंग आबश्यक सम्झौता गरिसक्नु पर्नेछ ।
- सो पनि सम्भव नदेखिएमा निजि वन नर्सरी संग २ बर्षे बाँसको कटिंग बिरुवा खरिद गरी वितरण गरिनेछ २ बर्षे कटिंग विरुवा खरिद गर्दा जिल्ला दररेट को आधारमा खरिद गरिनेछ यसरी २ बर्षे कटिंग विरुवा खरिद गर्दा स्वीकृत कार्यक्रममा तोकिएको संख्या भन्दा कम भएपनि फरक पर्ने छैन ।

**अपेक्षित उपलब्धी**

- गुणस्तरीय बाँसका विरुवा उत्पादन तथा खरिद भई नदी प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण भएको हुने
- खालि रहेका भूमिमा बास प्रबर्धन मार्फत नदी तटीय क्षेत्रको अनुकुलन क्षमता वृद्धि भएको हुने र वायुमण्डलिय कार्बन अबशोषणमा सहयोग पुगेको हुने ।

**जनशक्ति व्यवस्थापन**

- PPMUs, PMU, FAO-TA, वन उपभोक्ता समुहहरु ।

**अनुगमन**

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

**जिम्मेवार निकाय**

- PPMU, वन उपभोक्ता समुहहरु ।

राष्ट्रिय आयोजना निर्देशक

## ३.२.१७ विगत वर्षमा सम्पन्न कार्यको मर्मत सुधार (नर्सरी समेत) (BN: ४१, ४२, ४४, ४६)

पृष्ठभूमी/परिचय

विगत बर्षमा सम्पन्न भएका पूर्वाधारका कार्यहरु कारणवश क्षतिग्रस्त भई सो संरचनाले प्रभावकारी काम गर्न नसक्ने अबस्था भएमा, (वा सम्भावित क्षतिलाई रोकथाम गर्न) उक्त संरचनाको दिगोपनलाई मध्यनजर गरी तिनको मर्मतसम्भार, रेखदेख, हेरचाह सम्बन्धित समुहको एकल प्रयासबाट मात्र सम्भव नदेखिएमा त्यस्ता संरचनाको संरक्षण/मर्मतसम्भारको निम्ति आब्श्यक कार्यहरु गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

उद्देश्य

- विगतका बर्षहरुमा सम्पन्न भएका पूर्वाधारहरुको आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

कार्यान्वयन कार्यविधि

- यस आयोजानाले विगतका वर्षहरुमा निर्माण गरेका पूर्वाधारहरुको अनुगमन गरि अवस्था एकिन गर्ने ।
- स्थानीय उपभोक्तासंगको समन्वयमा पूर्वाधारको मर्मतको लागि गर्नुपर्ने कार्य एकिन गर्ने ।
- लागत अनुमान तयार र स्वीकृत गरि कार्यान्वयनमा लाने।

अपेक्षित उपलब्धी

- मर्मतसम्भारले निर्मित पुर्वाधारहरुको दिगोपना बढ्ने।

जनशक्ति व्यवस्थापन

- PPMUs, PMU, FAO-TA, वन उपभोक्ता समुहहरु ।

अनुगमन

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्बन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

जिम्मेवार निकाय

- PPMUs र उपभोक्ता समुहहरु ।

## ३.२.१८ Field staffs का लागि समिक्षा गोष्ठी

राष्ट्रिय आयोजना निर्देशक

## पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाका प्रदेश स्तरका व्यवस्थापन इकाईहरुमा कार्यरत फिल्डस्तरीय कर्मचारीहरु(LRPs, NRMFS Facilitator) को सहभागितामा संचालित वार्षिक कार्यक्रमको अवस्था, प्रगति र समस्या, समाधानका उपाय, भावी योजना सम्बन्धी बिषयबस्तुमा र नियमानुसार गर्नु पर्ने प्रगति सनिक्षा गोष्ठीहरु र समय समयमा सरोकारवाला निकायहरुसँग बिभिन्न विषयहरुमाथि जानकारी गराउन र आयोजानको काम र क्रियाकलापहरुमा पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि गोष्ठीहरु संचालन गरीने छ।

## उद्देश्य

- चुरे उत्थानशील आयोजनाका प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले चालु आ.व. का कार्यक्रमहरुको प्रगति समिक्षा गर्ने ।
- सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु गर्ने ।

## कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

## अपेक्षित उपलब्धी

- संचालित क्रियाकलापहरुको समिक्षा समयमै भई पृष्ठपोषण प्राप्त हुने र आवश्यक सुधार गर्न सकिने ।
- नियमित समिक्षा हुँदा तथ्यांक व्यवस्थापन प्रभावकारी हुने ।

## जनशक्ति व्यवस्थापन

- PPMUs र FAO-TA का बिज्ञहरु

## जिम्मेवार निकाय

- PPMU

# ३.२.१९ बायोग्यास वा विद्युतीय चुल्होको लागि सहयोग (BN: २९-३१)

## पृष्ठभूमी/परिचय

PIM अनुसार कृषि, वन तथा पशुपालन व्यवस्थापन अभ्यासहरु अनुसरण गराउने क्रममा Biogas स्थापना सम्बन्धी कार्यमा आवश्यक सहयोग एवं सहजिकरणका लागि तालिम सञ्चालन तथा स्थलगत प्रचारप्रसार एवं अनुगमन कार्यमा खटिने सम्बन्धित कर्मचारीहरुको दैनिक भ्रमण भत्ता प्रचलित ऐन नियम अनुसार यस शीर्षक अन्तर्गत भुक्तानी गरिनेछ । कुनै स्थान विशेषमा Biogas स्थापनाको सम्भावना देखिएमा वन क्षेत्र

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

माथिको चाप कम गराउन प्रचलित ऐन नियमको आधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गरी बायोग्यास स्थापनाका लागि सहजिकरण सहयोग कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- आयोजना क्षेत्रमा रहेका समुदायहरुको वन श्रोत माथि रहेको चापलाइ कम गर्ने तथा उनीहरुको दैनिक उर्जाको मागलाई सम्बोधन गर्न बायोग्यास स्थापना तथा विद्युतीय चुल्हो खरिद गरि वितरण गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- बायोग्यास स्थापना तथा विद्युतीय चुल्हो राख्न ईच्छुक घरधुरीको पहिचान गरि सूची तयार गर्ने ।
- लागत अनुमान तयार गरि स्वीकृत गर्ने र बायोग्यास स्थापना गर्न चाहनेको हकमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्र (AEPC) सँग समन्वय गरि आवश्यक सहजीकरण गर्ने ।
- बायोग्यास स्थापना गर्न चाहने घरधुरीको हकमा कार्यालयले सो सेवा उपलब्ध गराउन नसकेको खण्डमा र ति घरधुरीले विद्युतीय चुल्हो राख्न चाहेमा नियमानुसार उपलब्ध गराउन सकिने ।

**अपेक्षित उपलब्धी**

- बायोग्यास स्थापना तथा विद्युतीय चुल्हो सञ्चालन भई आयोजना क्षेत्रमा रहेका समुदायहरुको वन श्रोत माथि रहेको चाप कम भएको हुने ।

**जनशक्ति व्यवस्थापन**

- PPMUs, PMU, FAO-TA, AEPC, LRPs

**अनुगमन**

- Biogas स्थापना क्रममा PMU, FAO-TA, AEPC का प्रतिनिधिहरु सम्मिलित टोलीले समय-समयमा अनुगमन गर्न सकिने छ ।

**जिम्मेवार निकाय**

- PPMUs, FAO-TA, AEPC

## ३.२.२० LRP मार्फत CFUGs हरुलाई CRLU Plan तयारी (BN: २०८, २०९, २१०, २१४, २१५, २१६, २२६)

**पृष्ठभूमी/परिचय**

आयोजनाका क्रियाकलापहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सामुदायिक संस्था परिचालनको महत्वपुर्ण भूमिका हुने हुँदा आयोजनाले नदी प्रणाली स्तरमा स्थानीय श्रोत व्यक्ति (LRP) परिचालन गर्ने

राष्ट्रिय आयोजना निर्देशक

रणनीति लिएको छ । LRP ले समुदायहरुलाई सहजीकरण गर्ने क्रममा संचालन गर्ने विभिन्न तालिम तथा गोष्ठी मध्ये Climate Resilient Land Use Plan (CRLUP) तयारी कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- आयोजना क्षेत्रमा रहेका सनुदायीक वन उपभोक्ता समूह लगायतका संस्थाहरुको जलबायु उत्थान्शिल भू उपायोग योजना निर्माणमा क्षमता अभिबृद्दि गर्ने

**कार्यान्वयन कार्यविधि**

- LRP हरु परिचालन गरि आ-आफ्नो क्षेत्रका CBO हरुका प्रतिनिधिहरु सहभागीका रुपमा पहिचान गर्ने ।
- गोष्ठी संचालनका लागि आबश्यक लागत इष्टिमेट तयार गरि छलफलका बिषयबस्तु सहित तयारी गर्ने ।
- CRLU Planning कार्यशाला गोष्ठी संचालन गर्ने ।
- गोष्ठीको दौरान सम्बन्धित CBO हरुमा Climate Resilient Land Use Plan तयार गर्ने ।

**अपेक्षित उपलब्धी**

- आयोजना क्षेत्रमा रहेका समुदायीक वन उपभोक्ता समूह लगायतका संस्थाहरुको जलबायु उत्थान्शिल भू उपायोग योजना निर्माणमा क्षमता अभिबृद्दि भएको ।

**जनशक्ति व्यवस्थापन**

- आयोजनाद्वारा नियुक्त स्थानीय श्रोत व्यक्तिहरु, PPMU का वन तथा जलाधार अधिकृतहरु, वन बिज्ञहरु, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरु ।

**अनुगमन प्रतिवेदन**

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) को ले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी PPMU ले PMU मा त्रैमासिक रुपमा प्रतिवेदन पठाउनु पर्नेछ ।

**जिम्मेवार निकाय**

- मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU)

## ३.२.२१ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठी (BN: १४६, १४९, १५०, १६८)

राष्ट्रिय आयोजना निर्देशक

## पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाका प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्न र यस चालु आ.व. का कार्यक्रमहरु संचालन गर्दै गर्दा नियमानुसार गर्नु पर्ने प्रगति समिक्षा गोष्ठीहरु र समय समयमा सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र आयोजानको काम र क्रियाकलापहरुमा पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु संचालन गरिनेछ ।

## उद्देश्य

- चुरे उत्थानशील आयोजनाका प्रदेश स्तरका व्यवस्थपन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्ने ।
- आवश्यकताको आधारमा चालु आ.व. का कार्यक्रमहरुको प्रगति समिक्षा गर्ने ।
- सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु गर्ने ।

## कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गर्ने ।
- प्रचलित कानुन वमोजिम वस्तु तथा सेवा खरिद गरि कार्यक्रम संचालन गर्न सकिने ।

## अपेक्षित उपलब्धी

- संचालित क्रियाकलापहरुको समिक्षा सम्पन्न भई पृष्ठपोषण प्राप्त हुने र आवश्यक सुधार गर्न सकिने ।
- नियमित समिक्षा हुँदा तथ्यांक व्यवस्थापन प्रभावकारी हुने ।

## जनशक्ति व्यवस्थापन

- PPMUs र FAO-TA का विज्ञहरु

## जिम्मेवार निकाय

- PPMU

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
चुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन ईकाई
बबरमहल, काठमाडौं

# ३.२.२२ प्रदेश मन्त्रालय लगायत सरोकारवालासंग समन्वय, सहकार्य गर्ने व्यबस्थापन खर्च (BN:२२०-२२२)

## पृष्ठभूमी/परिचय

यस आयोजनाका क्रियाकलापहरु संचालन हुने प्रदेशहरुमा आवश्यक समन्वय र सहकार्यको लागि वन तथा वातावरणसंग सम्बन्धित मन्त्रालयहरु, स्थानीय संघसंस्थाहरु, उपभोक्ता संजाल, संचारकर्मी लगायत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

सरोकारवालाहरुसँग छलफल तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउने उद्देश्यले समन्वय गोष्ठीहरु संचालन गरिने छ ।

उद्देश्य

- सरोकारवालाहरुसंग नियमित समन्वय र सहकार्यलाइ प्रवर्धन गर्ने ।

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा सुधार भई कार्यक्रम कर्यान्वयनमा सहजता र प्रभावकारीता बढ्ने ।

जनशक्ति व्यवस्थापन

- PPMUs र FAO-TA

जिम्मेवार निकाय

- PPMU

## ३.२.२३. ANR कार्यान्वयनमा सहयोगको लागि LRP हरुलाई ANR अभिमुखीकरण /अभ्यासात्मक तालिम

पृष्ठभूमी/परिचय

यस आयोजनाको कार्य क्षेत्रमा गर्दै आइएका ANR सम्बन्धि कियाकलापहरु समग्र बन क्षेत्रको पारिस्थितिकिय प्रणाली सुधार गर्न र समुदायको बन संरक्षण प्रतिको लगावलाई थप सक्रिय पार्न उपयोगी सिद्ध भएको र यसलाई थप प्रभावकारी बनाउन स्थानिय श्रोत व्यक्तिहरुको भूमिका थप शशक्त बनाउनु पर्ने देखिएकोले ANR कार्यान्वयन सहयोगको लागि LRP हरुलाई ANR अभिमुखीकरण /अभ्यासात्मक तालिम प्रस्ताव गरिएको छ ।यसका लागि आयोजना अन्तर्गत कार्यरत सम्पूर्ण स्थानीय स्रोत व्यक्तिहरू (LRP) लाई प्राकृतिक पुनारुत्पादन सहयोग अवधारणा, कार्यान्वयन प्रक्रिया तथा कार्यक्षेत्र अनुरुप कार्यान्वयन गर्ने सीप प्रदान गर्न यो तालिम संचालन गरिनेछ । यसले स्थानीय स्रोत व्यक्तिहरूलाइ समग्र रुपमा जलवायु उत्थानशील भू-उपयोग योजना निर्माण र सहजीकरगमा समेत सहयोग पुग्ने आशा गरिएको छ।

राष्ट्रिय आयोजना निर्देशक

उद्देश्य

- नियुक्त भएका स्थानीय श्रोत व्यक्ति (LRP) हरुलाई आयोजनाको आवश्यकता अनुसार ANR सम्बन्धि क्रियाकलापहरु कार्यान्वयन गराउने क्षमता अभिवृद्धि गर्ने
- स्थानीय स्रोत व्यक्तिहरूलाई जलवायु उत्थानशील भू-उपयोग योजना तयारीका साथै वन ब्यवस्थापन कार्ययोजना कार्यान्वयनमा ANR सम्बन्धि क्रियाकलापहरु कसरि एकीकृत गर्ने भन्ने ज्ञान र सीप प्रदान गर्ने।

कार्यान्वयन कार्यविधि

- नियुक्त भएका स्थानीय श्रोत व्यक्ति( LRP )हरु समावेश गरि आयोजनाको कार्यक्षेत्र समेटिने गरि तोकिएको संख्यामा यो तालिम संचालन गरिने छ ।
- तालिमको लागि आवश्यक श्रोत व्यक्तिहरु PMU ,PPMUs र FAO-TA का विज्ञहरुबाट व्यवस्थापन गरिने छ
- अन्य श्रोत व्यक्तिहरु आवश्यक परेमा प्रचलित नियम बमोजिम सेवा खरिद गरिने छ ।
- तालिमका लागि आयोजनाले सहजकर्ताको लागि तयार गरेका तालिम पुस्तिका लगायतका श्रोत समाग्रीहरु प्रयोग गरिनेछ ।
- तालिम संचालनको लागि स्थान छनौट प्रचलित नियम बमोजिम गरिने छ ।
- आवश्यकता हेरी PPMUs र अन्य सरोकारवालाहरुको सहयोग लिईने छ ।

अपेक्षित उपलब्धी

- नियुक्त भएका स्थानीय श्रोत व्यक्ति (LRP) हरुमा आयोजनाको आवश्यकता अनुसार ANR सम्बन्धि क्रियाकलापहरु कार्यान्वयन गराउने क्षमता अभिवृद्धि भएको हुनेछ।
- स्थानीय स्रोत व्यक्तिहरूमा जलवायु उत्थानशील भू-उपयोग योजना तयारीका साथै वन ब्यवस्थापन कार्ययोजना कार्यान्वयनमा ANR सम्बन्धि क्रियाकलापहरु कसरि एकीकृत गर्ने भन्ने ज्ञान र सीप अभिवृद्धि भै कार्यक्रम कार्यान्वयनमा प्रभावकारि सहयोग पुग्नेछ ।

जनशक्ति व्यवस्थापन

- तालिम संचालनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन PMU ,PPMUs र FAO-TA का विज्ञहरुबाट सरोकारवाला संस्थाहरुसंगको समन्वयमा गरिने छ ।

अनुगमन योजना

- तालिमको अवधिमा राष्ट्रिय आयोजना निर्देशक तथा राष्ट्रिय आयोजना व्यवस्थापकहरुको टोलीले अनुगमन गर्न सक्नेछ । तालिम पश्चात LRP हरूले सञ्चालन गर्ने कार्यक्रमहरूको अनुगमन।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय जलवायु उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी आयोजना व्यवस्थापन इकाई) PMU), प्रदेश आयोजना व्यवस्थापन इकाई) PPMU)/ FAO-TA ले अनुगमन योजना बनाएर अनुगमन गर्ने छन्।
- नियमित फलो-अप, प्राविधिक सहयोग, र फिडब्याक संकलन।

जिम्मेवार निकाय

- PPMUs

## ३.२.२४ LRP लगायत अन्य समेतको भ्रमण खर्च

पृष्ठभूमी/परिचय

जलवायु उत्थानशील प्राकृतिक श्रोतको दिगो व्यवस्थाप्न (CR-SNRM) कार्यक्रम यस आयोजनाको एउटा महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको छ । यस आयोजनामा कार्यरत स्थानिय स्रोतव्यक्ति लगायत अन्य कर्मचारीहरुको ज्ञान र क्षमता अभिवृद्धिका साथ गुणस्तरीय सेवा प्रदान गर्नमा थप उत्साह बढाउने उद्देश्यले समान उद्धेश्यका कार्यक्रम संचालन गरिरहेका नेपालभित्रका अन्य आयोजनाहरुमा स्थलगत अवलोकन एवं छलफल गरी ज्ञान, सीप र अनुभवको आदानप्रदान गर्नका लागि यो आन्तरिक अवलोकन भ्रमण कार्यक्रम आयोजना गरिने छ ।

उद्देश्य

- जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) मा योगदान गर्ने ।
- कार्यहरुको प्रभावकारी कार्यान्वयन अभ्यासहरुमा सिकाइ तथा अनुभव आदान प्रदान गर्ने ।
- आयोजनाहरुमा संचालन भै रहेको जलवायु उत्थान्शील दिगो प्राकृतिक श्रोत व्यवस्थाप्न (CR-SNRM) सम्बन्धि पद्धतिका बारेमा स्थानिय स्रोत व्यक्तिहरुले जानकारी प्राप्त गरी आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने ।

कार्यान्वयन कार्यविधि

- आयोजनाको लक्ष्य बमोजिम CR-SNRM मा उल्लेखनीय कार्यहरु भैरहेका नेपालभित्रका अन्य आयोजनाहरुको पहिचान गर्ने ।
- उपयुक्त लागत अनुमान तयार गरि स्वीकृत गर्ने ।
- स्वीकृत लागत अनुमान सहित सहभागी हुने स्थानिय स्रोत व्यक्तिहरुको नामावली सहित अनुमोदन गर्ने तथा भ्रमण कार्यक्रम संचालनका आवश्यक प्रक्रिया अघि बढाउने ।

अपेक्षित उपलब्धी

- जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) कार्यहरुको प्रभावकारी कार्यान्वयन अभ्यासहरुमा सिकाइ तथा अनुभव आदान प्रदान हुनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

- आयोजनामा कार्यरत स्थानिय स्रोत व्यक्तिहरुले समान उद्धेश्य रहेका आयोजनाहरुमा स्थलगत अवलोकनद्धरा ज्ञान र सीप अभिबृद्धि भएको हुने ।

**जनशक्ति व्यवस्थापन**

- PPMUs र FAO-TA का विज्ञहरु

**अनुगमन योजना**

- आयोजना व्यवस्थापन इकाई) PMU), र FAO-TA ले कार्यक्रनको अनुगमन गर्ने छन्।

**जिम्मेवार निकाय**

- PPMU

## ३.२.२५. सिप/क्षमता विकास तालिम

**पृष्ठभूमी/परिचय**

आयोजना क्षेत्रका वासिन्दाहरु स्थानियस्तरमा रहेको प्रम्परागत रुपमा प्राकृतिक श्रोतमा आधारित उद्दमहरु संचालन गरी जिविकोपार्जन गर्दै आइरहेका छन ।आयोजनाको कार्यक्षेत्रमा प्राकृतिक श्रोतमा आधारित उद्दमशिलताको विकास र विस्तार गरी स्थानिय समुदायको जिविकोपार्जनमा सुधार ल्याउन सक्ने महत्वपुर्ण अवसर रहेको छ । स्थानिय समुदायहरुलाई उद्दमशिलता सम्बन्धि दीगो विकास र विस्तारका लागि आवश्यक ज्ञान र सीप हस्तान्तरण गर्न यो तालिम संचालन गरिनेछ ।

**उद्देश्य**

- स्थानिय समुदायहरुलाई उद्दमशिलता सम्बन्धि दीगो विकास र विस्तारका लागि आवश्यक ज्ञान र सीप हस्तान्तरण गर्ने ।
- स्थानिय समुदायहरुमा स्थानिय प्राकृतिक स्रोतमा आधारित उद्दम स्थापना मार्फत समुदायको जिविकोपार्जनमा सुधार ल्याउने।

**कार्यान्वयन कार्यविधि**

- आयोजना कार्यक्षेत्र प्राकृतिक श्रोत खासगरी वन र कृषि स्रोतमा आधारित उद्यमहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धताको बिश्लेषण गर्ने ।
- उपलब्ध कच्चा पदार्थको आधारमा स्थानीय समुदायहरुसंग छलफल गरी सम्भाव्य उद्यमहरुको पहिचान गर्ने
- सम्भाव्य उद्दमहरुको आधारमा आवश्यक पर्ने ज्ञान र सीपको पहिचान गर्ने ।
- समुदायहरुसंग छलफल गरी सीप/क्षम्ता विकासका लागि ईच्छुक सहभागिहरुको छनौट गर्ने ।
- उद्दमहरुको आधारमा आवश्यक पर्ने ज्ञान र सीपको हस्तान्तरणका लागि उपयुक्त प्रशिक्षक छनौट गर्ने ।
- उपयुक्त लागत अनुमान तयार गरि स्वीकृत गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

- स्वीकृत लागत अनुमान सहित सहभागी हुने कर्मचारीहरुको नामावली सहित अनुमोदन गर्ने गरी तालिमको कार्यक्रम संचालनका आवश्यक प्रक्रिया अघि बढाउने ।

**अपेक्षित उपलब्धी**

- स्थानिय समुदायहरुलाई उद्दमशिलता सम्बन्धि दीगो विकास र विस्तारका लागि आवश्यक ज्ञान र सीप हस्तान्तरण भएको हुनेछ ।
- स्थानिय समुदायहरुमा स्थानिय प्राकृतिक स्रोतमा आधारित उद्दम स्थापना भै समुदायको जिविकोपार्जनमा सुधार भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- PPMUs र FAO-TA का विज्ञहरु

**अनुगमन योजना**

- प्रदेश आयोजना व्यवस्थापन इकाई) PPMU)/ FAO-TA ले कार्यक्रमको अनुगमन गर्ने छन् ।

**जिम्मेवार निकाय**

- PPMUs

## ३.२.२६. उत्थानशीलता सम्बन्धि अवलोकन भ्रमण

**पृष्ठभूमी/परिचय**

जलवायु उत्थानशील प्राकृतिक श्रोतको दिगो व्यवस्थापन (CR-SNRM) कार्यक्रम यस आयोजनाको महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको छ । यस आयोजनामा कार्यरत कर्मचारीहरुको ज्ञान र क्षमता अभिवृद्धिका साथ गुणस्तरीय सेवा प्रदान गर्नमा थप उत्साह बढाउने उद्देश्यले समान उद्धेश्य भै कार्यक्रम संचालन गरिरहेका नेपालभित्रका अन्य आयोजनाहरुमा स्थलगत अवलोकन एवं छलफल गरी ज्ञान, सीप र अनुभवको आदान प्रदान गर्नका लागि यो आन्तरिक अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

**उद्देश्य**

- जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) कार्यहरुको प्रभावकारी कार्यान्वयन अभ्यासहरुमा सिकाइ तथा अनुभव आदान प्रदान गर्ने ।
- आयोजनाहरुमा संचालन भैरहेको जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) सम्बन्धि पद्दतिहरुका बारेमा आयोजनाका कर्मचारीहरुले जानकार भै आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने।

**कार्यान्वयन कार्यविधि**

- आयोजनाको लक्ष्य बमोजिम CR-SNRM सम्बन्धी कार्यहरु भैरहेका नेपालभित्रका अन्य आयोजनाहरुको पहिचान गर्ने ।
- उपयुक्त लागत अनुमान तयार गरि स्वीकृत गर्ने ।

नायब आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सुदूर उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- स्वीकृत लागत अनुमान सहित सहभागी हुने कर्मचारीहरुको नामावली सहित अनुमोदन गर्ने तथा भ्रमण कार्यक्रम संचालनका आवश्यक प्रक्रिया अघि बढाउने ।

**अपेक्षित उपलब्धी**

- जलवायु उत्थानशील दिगो प्रकृतिक श्रोत व्यवस्थापन (CR-SNRM) कार्यहरुको प्रभावकारी कार्यान्वयन अभ्यासहरुमा सिकाइ तथा अनुभव आदान प्रदान हुनेछ ।
- आयोजनामा कार्यरत कर्मचारीहरुले समान उद्धेश्य रहेका आयोजनाहरुमा स्थलगत अवलोकनद्धरा ज्ञान र सीप अभिबृद्धि भएको हुने ।

**जनशक्ति व्यवस्थापन**

- PMU, PPMUs र FAO-TA का विज्ञहरु

**अनुगमन योजना**

- आयोजना व्यवस्थापन इकाई) PMU), प्रदेश आयोजना व्यवस्थापन इकाई) PPMU)/ FAO-TA ले कार्यक्रमको अनुगमन गर्ने छन्।

**जिम्मेवार निकाय**

- PPMUs

## ३.२.२७ कार्यक्रम सम्बन्धी बिभिन्न माध्यमबाट प्रचार प्रसार (BN: २४६ -२५१)

**पृष्ठभूमी/परिचय**

आयोजनाको उद्देश्य अनुरुप आयोजनाबाट संचालित कार्यक्रम तथा त्यसको प्रभाव बारे जानकारी तथा प्रचारप्रसार गर्न गराउन स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, वा अन्य संचार माध्यम मार्फत (जिंगल, रेडियो/टेलिभिजन सम्बाद/छलफल/अन्तरबार्ता, सामाचार, सार्वजनिक सूचना, एस.एम एस., डकुमेण्टरी आदि) प्रसारण गर्न सकिने छ

**उद्देश्य**

- आयोजनाको बारेमा र आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसार गरि जानकारी गराउने ।

**कार्यान्वयन कार्यविधि**

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिम्ेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिनेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकताको अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सेवाप्रदायक मार्फत कार्य सञ्चालन गर्न सकिनेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय ... उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुना आयोजानाको बारेमा जान्कारी पुग्ने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनना PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PPMUs

## ३.२.२८ संरक्षण दिवस समारोह (BN: २३८, २३९)

पृष्ठभूमी/परिचय

संरक्षण सम्बन्धित् कार्यहरुको प्रचारप्रसार तथा प्रवर्द्वन हेतु विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु (राष्ट्रिय चुरे दिवस/वन दिवस/वातावरण दिवस/जैविक विविधता दिवस/भू-संरक्षण दिवस आदि) मनाउन सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा वृक्षारोपण, छलफल, बहस, सम्बाद, सरसफाई, निबन्ध, हाजिरीजवाफ प्रतियोगिता आदि जस्ता कार्यक्रमहरु आयोजना गरि दिवस समारोहको कार्यक्रम संचालन गर्न सकिने छ ।

उद्देश्य

- वन, वातावरण, भू तथा जलाधारसंग सम्बन्धित दिवस समारोहहरुको अवसरमा संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु संचालन गरि जनचेतना जगाउने

कार्यान्वयन कार्यविधि

- संचालन गरिने कार्यक्रमको प्रकृति हेरी लागत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत लागत अनुमानको आधारमा कार्यक्रम संचालन गरे सम्पन्न गरिने छ ।

अपेक्षित उपलब्धी

- जनता माझ वन, वाताबरण, भू तथा जलाधार र जैविक विविधता संरक्षणको महत्वको बारेमा जानकारी प्रसार हुने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनना PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PMU

राष्ट्रिय आयोजना निर्देशक

## ३.२.२९ LRP लाई तालिम तथा परिचालन (P१-२६, P२-२४, P३-१५ (BN: २६३-२६५))

### पृष्ठभूमी/परिचय

आयोजनाका क्रियाकलापहरुलाई प्रभावकारी ढंगबाट संचालन तथा कार्यन्वयन गर्न प्रक्रियागत सहजीकरणको आवश्यकता पर्ने हुँदा आयोजनाले समुदाय परिचालकका रुपमा काम गर्ने स्थानीय श्रोत व्यक्तिको छनोट तथा परिचालन गर्ने कार्यक्रम राखेको छ । यसका लागि नदी प्रणाली स्तरमा नै बसोबास गर्ने र स्थानीय स्तरमा आयोजनाको कार्यक्रमहरु संचालनमा सहयोग गर्ने गरि नदी प्रणालीको कार्यक्षेत्रको आधारमा आवश्यक संख्यामा स्थानीय श्रोत व्यक्ति (LRP) हरु विकास गरि परिचालन गरिनेछ ।

### उद्देश्य

- आयोजनाको कार्यक्रमहरुमा प्रभावकारिता ल्याउनका लागि स्थानीय श्रोत व्यक्ति (LRP) हरु विकास गरि परिचालन गर्नु ।

### कार्यान्वयन कार्यविधि

- नदि प्रणालीको कार्यक्षेत्रको आधारमा आवश्यक संख्यामा स्थानीय श्रोत व्यक्ति (LRP) हरु PPMU ले उपयुक्तताको आधारमा छनोट गरि अभिमुखीकरण/तालिम पश्चात परिचालन गर्न सकिनेछ ।
- स्थानीय श्रोत व्यक्ति (LRP) को क्षमता अभिबृद्धि गर्न का लागि समय सापेक्ष तालिम तथा पुनरताजगी तालिमहरु संचालन गरिनेछ ।
- स्थानीय श्रोत व्यक्ति (LRP) हरुको न्युनतम योग्यता SEE वा सो सरह हुनुपर्नेछ । जुन योग्यता नेपाल सरकारको रा. प. अनंकित द्वितीय श्रेणी पदको आवश्यक न्युनतम योग्यता भएकोले यस आयोजनामा (LRP को रुपमा छनोट भै परिचालित भएका जनशक्तिलाई सुपरभाइजर (नेपाल सरकारको रा. प. अनंकित द्वितीय श्रेणी) पद ले पाउने न्युनतम सुविधा बराबर मासिक २५ कार्यदिन नबढ्ने गरि समय तालिका (time sheet) को आधारमा उपलब्ध गराइनेछ ।साथै कार्यालय तथा उपभोक्ताहरुसंग समन्वय तथा सहकार्य/ सहजीकरण गर्न नियमित रुपमा सम्पर्कमा रहन यातायात तथा संचार सुविधा बापत मासिक एकमुष्ठ रु १५०० (अक्षरेपी रु एक हजार पांच सय) उपलब्ध गराइनेछ ।
- गत आ. ब. मा छनोट/परिचालित भएका स्थानीय श्रोत व्यक्तिहरुलाई आर्थिक बर्षको शुरुवात संगसंगै निरन्तरता दिइ परिचालन गरिनेछ ।
- LRP मार्फत संचालन गरिने क्रियाकलापहरुको हकमा LRP लाइ पेश्की उपलब्ध गराएर संचालन गर्न सकिनेछ।
- छनौट गर्दा लैंगिक र समावेशी सिद्धान्तलाई अबलम्बन गरी प्रत्येक नदि प्रणालीमा उक्त नदि प्रणालीको क्षेत्रफल, जनसंख्या र समुदायमा आधारित वन समुहहरुको संख्यालाई आधारमानी १ देखि बढीमा २ (दुई) जना सम्म LRP छनौट गरि कार्यान्वयन गर्नुपर्ने छ ।
- LRP हरुको कार्यविवरण (ToR) मा उल्लेख गरिएको छ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

**अपेक्षित उपलब्धी**

- नदी प्रणालीको कार्यक्षेत्रको आधारमा आवश्यक सङ्ख्यामा स्थानीय श्रोत व्यक्ति (LRP) हरुको छनोट, विकास तथा परिचालन भइ आयोजनाको कार्यक्रमहरु कार्यान्वयनमा प्रभावकारिता आएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

- PMU का क्षमता विकास विज्ञ लगायत कर्मचारीहरु र FAO-TA का विज्ञ तथा PPMUs का कर्मचारी ।

**अनुगमन**

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्बन गरी PPMUs ले स्थानीय श्रोत व्यक्ति (LRP) हरुको छनोट, विकास तथा परिचालनको निरन्तर रुपमा अनुगमन गर्ने छ ।
- PMU र FAO-TA ले स्थानीय श्रोत व्यक्ति (LRP) हरुको छनोट प्रक्रिया, विकास तथा परिचालनको प्रभावकारिता को नियमित अनुगमन गर्ने छ ।

**जिम्मेवार निकाय**

- PPMUs

## ३.२.३० प्रदेश स्तरीय आयोजना समन्वय समिति बैठक (B.N. ३०५)

**पृष्ठभूमी/परिचय**

आयोजनाको संरचना अनुसार प्रदेश वन तथा बातावरण हेर्ने मन्त्रालयको सचिब ज्यु को अध्यक्षतामा प्रदेश स्तरीय आयोजना समन्वय समिति रहेको छ । उक्त समितिले आयोजनाबाट संचालित क्रियाकलापहरु कार्यन्वयनमा सहजीकरण गर्नुको साथै अनुगमन तथा पृष्ठपोषण समेत गर्दछ । यहि समितिको नियमित वैठक संचालन गर्न यो कार्यक्रम प्रस्ताब गरिएको छ । प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक सञ्चालन गर्न लाग्ने सम्पूर्ण खर्चहरु प्रचलित नर्मस र दररेट अनुसार लगत इष्टिमेट (ल.ई.) तयार गरी यस अन्तर्गत खर्च गर्न सकिनेछ ।

**उद्देश्य**

- प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक नियमित सञ्चालन गरि कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउने ।

**कार्यान्वयन कार्यविधि**

- समिति अध्यक्षको समन्वयमा प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक मिति निर्धारण गर्ने र कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या यकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय धुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

अपेक्षित उपलब्धी

- प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक नियमित सञ्चालन भइ कार्यक्रम कार्यान्वयनमा सहजता आएको हुनेछ।

जनशक्ति व्यवस्थापन

- PPMUs, PMU, र FAO-TA

जिम्मेवार निकाय

- PPMUs, प्रदेश वन तथा वातावरण मन्त्रालय

## ३.२.३१. इन्जिनीर (सिभिल) र सब-इन्जिनियर (सिभिल, मध्यम स्तरीय प्राविधिक) करार

पृष्ठभूमी/परिचय

आयोजनाले संरक्षणका लागि प्रस्ताव गारिएका पूर्वाधारहरु (भौतिक तथा जैविक) निर्माण गर्ने क्रममा प्राविधिक इन्जिनियर (सिभिल) र सब-इन्जिनियरको सेवा चाहिने हुँदा सो विषयमा योग्यता भएको प्राविधिक नियुक्त गरि सेवा लिनु पर्ने छ ।

उद्देश्य

- इन्जिनियर (सिभिल) र सब-इन्जिनियर सेवा खरिद गरि आयोजनालाई चाहिने प्राविधिक सेवा प्राप्त गर्नु ।

कार्यान्वयन कार्यविधि

- PPMUs ले आफ्नो कार्यालयको कार्य बोझ र उपलब्ध बजेटलाई मध्यनजर राखी पदको निक्यौंल (इन्जिनियर वा सब-इन्जिनियर) गरी पद बमोजिमको TOR सहित प्रचलित आर्थिक ऐन नियम, दररेट तथा नर्मसलाई आधार मानी लागत अनुमान तयार तथा स्वीकृत गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी आवश्यक सेवा खरिद गर्न सकिनेछ ।
- बिगत आ व देखि नै यस आयोजनामा कार्यरत रहेका इन्जिनियर (सिभिल) र सब-इन्जिनियर जनशक्तिको निरन्तरताको हकमा आर्थिक बर्षको शुरुवात देखि नै नीजसंग भएको सम्झौतालाइ कार्य सम्पादन मुल्यांकनको आधारमा सम्झौता गर्ने निकायले नविकरण गरि परिचालन गर्न सकिनेछ।

अपेक्षित उपलब्धी

- इन्जिनियर (सिभिल) र सब-इन्जिनियर सेवा खरिद गरि आयोजनालाई चाहिने प्राविधिक सेवा प्राप्त हुँदा आयोजनाको कार्यक्रमहरु कार्यान्वयनमा सहजता र प्रभावकारिता बढेको हुने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति / उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

जनशक्ति व्यवस्थापन

- PPMUs र PMU का कर्मचारी तथा FAO-TA का प्रोक्योरमेन्ट बिज्ञको समन्वयमा यो कार्य गरिने छ ।

अनुगमन

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी आवश्यकताको आधारमा PMU तथा FAO-TA का प्रोक्योरमेन्ट बिज्ञ संलग्न टोलीले यो नियुक्त प्रक्रियाको अनुगमन तथा मुल्यांकन गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU र FAO-TA ।

## ३.२.३२. वन/भू-संरक्षण अधिकृत (प्राविधिक कर्मचारी), मध्यम स्तरीय प्राविधिक करार (रेन्जर र कृषि/पशु)

पृष्ठभूमी/परिचय

आयोजनाले **वन तथा भू-संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरु** कार्यान्वयन गर्ने क्रममा वन, भूसंरक्षण, र कृषिसंग सम्बन्धित प्राविधिकहरुको सेवा चाहिने हुँदा सो विषयमा योग्यता भएको प्राविधिक नियुक्त गरि सेवा लिनु पर्ने छ ।

उद्देश्य

- वन/भू-संरक्षण अधिकृत (प्राविधिक कर्मचारी), मध्यम स्तरीय प्राविधिक करार (रेन्जर र कृषि) सेवा खरिद गरि आयोजनालाई चाहिने प्राविधिक सेवा प्राप्त गर्नु ।

कार्यान्वयन कार्यविधि

- PPMUs ले आफ्नो कार्यालयको कार्य बोझ र उपलब्ध बजेटलाई मध्यनजर राखी पदको निक्यौंल गरी पद बमोजिमको TOR सहित प्रचलित आर्थिक ऐन नियम, दररेट तथा नर्मसलाई आधार मनी लागत अनुमान तयार तथा स्वीकृत गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी आवश्यक सेवा खरिद गर्न सकिनेछ ।
- आयोजनामा नियुक्त भै कार्यरत रहेका वन/भू-संरक्षण अधिकृत (प्राविधिक कर्मचारी), मध्यम स्तरीय प्राविधिक करार (रेन्जर र कृषि) जनशक्तिको निरन्तरताको हकमा आर्थिक बर्षको शुरुवात देखि नै नीजसंग भएको सम्झौतालाइ कार्य सम्पादन मुल्यांकनको आधारमा सम्झौता गर्ने निकायले नबिकरण गरि परिचालन गर्न सकिनेछ।

अपेक्षित उपलब्धी

वन/भू-संरक्षण अधिकृत (प्राविधिक कर्मचारी) र मध्यम स्तरीय प्राविधिक (रेन्जर र कृषि) सेवा खरिद गरि आयोजनालाई चाहिने प्राविधिक सेवा प्राप्त हुँदा आयोजनाको कार्यक्रमहरु कार्यान्वयनमा सहजता र प्रभावकारिता बढेको हुने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय दुर्ई उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

जनशक्ति व्यवस्थापन

- PPMUs र PMU का कर्मचारी तथा FAO-TA का प्रोक्योरमेन्ट बिज्ञको समन्वयमा यो कार्य गरिने छ ।

अनुगमन

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी आवश्यकताको आधारमा PMU तथा FAO-TA का प्रोक्योरमेन्ट बिज्ञ संलग्न टोलीले यो नियुक्त प्रक्रियाको अनुगमन तथा मुल्यांकन गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PPMUs

## ३.२.३३. प्राकृतिक पुनरुत्पादन सहयोग (ANR) कार्यान्वयनमा सहयोगको लागि समुदायस्तरमा अन्तरक्रिया/समन्वय/ तालिम संचालन गर्न दै. भ्र., प्रशिक्षण शुल्क तथा इन्धन खर्च (BN: १२४,१२५,१२६)

पृष्ठभूमी/परिचय

समुदायमा आधारित वन उपभोक्ता समुहहरु मार्फत गरिने ANR क्रियाकलापहरुको कार्यान्वयनका लागि सम्बन्धित वन उपभोक्ता समूहहरुलाई ANR को अवधारणा, महत्व तथा आवश्यकता र उनीहरुको वन क्षेत्रमा यसको सम्भावना बारेमा जानकारी दिन समुदायस्तरमा अन्तरक्रिया गर्ने क्रियाकलाप राखिएको छ । ANR क्रियाकलापहरुको कार्यान्वयन गर्ने प्रत्येक समूहहरुमा कम्तिमा एकदिनको यो अन्तरक्रिया अनिवार्य गराइनेछ यो कार्य सन्चालन गर्न आवश्यक चिया खाज खर्च, यातायात खर्च, दैनिक भ्रमण भत्ता, प्रशिक्षण शुल्क तथा इन्धन खर्च लगायतको खर्च यो शिर्षक अन्तर्गत गरिनेछ

उद्देश्य

- सम्बन्धित वन उपभोक्ता समूहहरुलाई ANR को अवधारणा, महत्व तथा आवश्यकता र उनीहरुको वन क्षेत्रमा यसको सम्भावना बारेमा जानकारी गराई ANR कार्यान्वन गर्नु ।.
- ANR अन्तर्गत थुप्रै क्रियाकलापहरु पर्ने हुँदा वन भित्र के कस्ता क्रियाकलापहरु, कसरी र कहाँ गर्न सकिन्छ र के कस्ता कुराना ध्यान पुर्याउन जरुरि छ भन्ने विषयवस्तुहरुको जानकारी आदानप्रदान गरी ANR कार्यान्वयनमा वन उपभोक्ता समूहहरुको क्षमता अभिब्रिद्दी गर्दै कार्यक्रमको प्रभावकारिता बढाउनु ।

कार्यान्वयन कार्यविधि

- यो क्रियाकलाप कार्यान्वयनका लागि सम्बन्धित PPMU ले आफ्ना बिज्ञ तथा प्राबिधिकहरु परिचालन गरि कार्यान्वन गर्ने समुदाय तथा सब डिभिजन वन कार्यालयहरु पहिचान गर्नेछ र प्राबिधिकहरुलाइ कायदिश दिएर डिभिजन वन कार्यालयहरुको समन्वयमा FLR/ANR TOT प्राप्त वन अधिकृतहरुको सहजिकरणमा समुदाय स्तरीय आबश्यकता अनुरुप १ वा २ दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्नेछ । यस्तो अन्तरक्रियामा सहजकर्ताहरुले सहभागीलाइ सम्बन्धित वनको

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुनरुत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

क्षेत्र अबलोकन अनिबार्य गराउनु पर्नेछ । यस प्रकार गरिएको अन्तरक्रियामा उपस्थित सहभागीहरुको अनिबार्य उपस्थिति गराई लाभग्राहिहरुको तथ्य तथ्यांक अनिबार्य राख्नुपर्नेछ ।

- यस्तो अन्तरक्रिया/समन्वय गोष्ठी/तालिममा प्रशिक्षक, संयोजक, सहभागीहरु लगायत अन्य सहयोगीले नियमानुसार पाउने दै. भ्र./तालिम भत्ता, logisitic support (हल भाडा, खाजा, स्टेशनरी लगायत अन्य खर्च) र श्रोतव्यक्तिको दै.भ्र. खर्च तथा गाडी भाडा, इन्धन लगायतका खर्च यस शीर्षकबाट गरिनेछ।

**अपेक्षित उपलब्धी**

- ANR कार्यन्वयन गर्ने वन उपभोक्ता समूहहरु आफ्नो वनको अबस्था पहिचान गर्न, वनमा पुनरुत्पादन राम्रो नआउनु का कारणहरु बारे अन्तरक्रिया गरि सो को समाधानका लागि ANR का उपाय पत्ता लगाउन सक्ष्यम हुनेछन् ।

**जनशक्ति व्यवस्थापन**

- प्रशिक्षक प्रशिक्षण क्रियाकलापमा प्रशिक्षण पाएका वन कर्मचारीहरु तथा सम्बन्धित PPMU का बिज्ञ तथा कर्मचारीहरुले यस्ता event हरु सहजीकरण गर्नेछन ।

**अनुगमन**

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूची: ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ । यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय मार्फत संयोजन गरि संयुक्त अनुगमनको ब्यबस्था समेत मिलाइनेछ ।

**जिम्मेवार निकाय**

- यी क्रियाकलापहरु कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

## ३.२.३४. कृषिवन नर्सरीको लागि सरोकारवालाहरु सँग समन्वय गोष्ठी तथा कृषक तालिमः

**पृष्ठभूमी/परिचय**

साना कृषिवन नर्सरीमा उत्पादन गरिने बिभिन्न प्रजातीका डालेघाँसका विरुवाहरुको स्थानिय माग तथा आपुर्ति व्यवस्थापन सहजीकरणका लागि पशु सेवा सँग सम्बन्धित सरोकारवाला सरकारी तथा गैह्रसरकारी निकायहरु बिच सहकार्य तथा समन्वयका लागि आयोजना व्यवस्थापन इकाईहरुले पालीका पशु सेवा शाखाका प्रमुख तथा प्रतिनिधिहरु,पशुसेवा विज्ञ केन्द्रका प्रमुख तथा प्रतिनिधिहरु,पशु सेवामा आबद्ध स्थानिय संघ संस्था तथा समुह सहकारी विच छलफल गरि डालेघाँसको विरुवा माग संकलन, बितरण,रोपण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि कृषिवन समन्वय गोष्ठी तथा कृषक तालिम प्रस्ताव गरिएको छ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय दुई उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार ... तथा पर्यावरण मन्त्रालय काठमाडौं

उद्देश्य

- प्राकृतिक स्रोत व्यवस्थापन फिल्ड स्कूलले सिफारिस र छनौट भएका किसानहरु सहभागी गराई तालिम संचालन गर्नु ।
- कृषिवन नर्सरीको लागि सरोकारवालाहरु सँग समन्वय गोष्ठी गर्ने ।

कार्यान्वयन कार्यविधि

- कृषिवन नर्सरीको लागि सरोकारवालाहरुसँग समन्वय गोष्ठी तथा कृषक तालिमका लागि सरोकारवालाहरुको पहिचान गर्न ।
- यो कार्यक्रम प्रत्येक त्रैमासिकमा १ पटक सरोकारवाला बिच १ दिने अन्तरक्रिया गोष्ठी सन्चालन गरिनेछ । गोष्ठी सन्चालनका लागि प्रदेश आयोजना व्यवस्थापन इकाईसँग समन्वय गरि कृषिवन तथा पशुपालन विज्ञले सहजीकरण गर्नुपर्नेछ । समन्वय गोष्ठीबाट साना कृषिवन नर्सरीमा उत्पादित विरुवा उत्पादन,वितरण तथा व्यवस्थापनमा सहजीकरण हुनेछ ।
- सहभागीहरु प्राकृतिक स्रोत व्यवस्थापन फिल्ड स्कूलले सिफारिस गरेको हुनुपर्ने
- विषय वस्तु तयार गरि तालिम संचालन गर्ने

अपेक्षित उपलब्धी

- सहभागीहरुले तालिम प्राप्त गरि नर्सरी स्थापन तथा संचालन गर्न सक्षम हुनेछ ।
- कृषिवन नर्सरीको लागि सरोकारवालाहरु सँग समन्वय गोष्ठी पश्चायत कृषिवन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- PPMU, DFO, कृषि तथा पशुपालन विज्ञ (FAO-TA), कृषि ज्ञान केन्द्र आदि

## ३.२.३५ प्रकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरुसँग अन्तरकृया तथा समिक्षा गोष्ठी (२ दिने BN १५-२१)

पृष्ठभूमी/परिचय

प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाका संचालन प्रगतिको अवस्थाको समिक्षा गर्न तथा पाठशाल संचालनमा संलग्न सहजकर्ता र संयोजकहरु संग अन्तरक्रिया गरि आगामी कार्यदिशा तय गर्न यो गोष्ठी गरिने छ

उद्देश्य :

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाको प्रगति समिक्षा गर्न र सहजकर्ताहरुलाई प्राविधिक पृष्ठपोषण गर्नु

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको लागत अनुमान तयार र स्वीकृत गराई सहभागीहरुलाई पत्राचार गर्ने ।
- २०-२५ जना पाठशालासंग सम्बन्धित सरोकारवालाहरू सहभागी गराई गोष्ठी संचालन गर्ने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

**अपेक्षित उपलब्धी**

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको वर्तमान अवस्थाको आंकलन तथा कार्यान्वयन योजना तयारी

**जनशक्ति व्यवस्थापन**

- PMU, PPMUs र FAO-TA का विज्ञ तथ फिल्ड सहज्कर्ताहरू, र पाठशालाका सहभागीहरु परिचालन हुने

**अनुगमन**

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी PPMUs, PMU र FAO-TA ले गोष्ठी संचालनको प्रक्रिया तथा प्रभावकारिताको अनुगमन गर्ने छ।

**जिम्मेवार निकाय:**

- सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई

## ३.२.३६ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरूको संचालन (निरन्तरता) (BN १५-२१)

आ.वा. २०८२/८३ देखि स्थापना भई संचालनमा रहेका पाठशालाहरुलाई निरन्तरता दिन यो क्रियाकलाप संचालन गरिनेछ | प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना र संचालनको लागि (बुंदा न.३.३.३६) मा उलेखित विवरण अनुसार र कार्यान्वयन कार्यविधि अबलम्बन गरि पाठशालाहरुलाई निरन्तरता दिइनेछ | यस क्रियाकलापमा विनियोजित भएको बजेट अनुसूची ४ अनुसार खर्च गरिनेछ।

## ३.२.३७. ESMP, SIMP, IPP, GAP & FPIC Implementation Support

**पृष्ठभूमी/परिचय**

पूर्वाधारका कार्यक्रमहरु संचालन गर्दा आयोजनाको दस्तावेज अनुसार ESMP, SIMP, IPP, GAP & FPIC implementation बाध्यकारी रहेको हुदा उक्त कार्यहरु कार्यान्वयन गर्दा अवलम्बन गर्नु पर्ने साझा प्रक्रिया तथा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ । सो कार्यहरु गर्न स्वीकृत कार्यक्रम संख्या अनुरुप खर्च गरिनेछ, यसरी खर्च गरी रकम बाँकी भएमा आयोजना दस्तावेज अनुसार ESMP, SIMP, IPP, GAP& FPIC implementation बाध्यकारी हुने अन्य कार्यक्रम सन्तमा खर्च गर्न सकिनेछ ।

**उद्देश्य**

- यस कार्यक्रम बाट संचालन हुने क्रियाकलाप हरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षणलाइ मुलप्रवाहीकरण गर्ने

राष्ट्रिय आयोजना निर्देशक

कार्यान्वयन कार्यविधिः

- कार्यक्रम बाट संचालन हुने क्रियाकलाप हरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक जोखिमको मुल्यांकन, न्युनिकरंका उपाय तथा लागत अनुमानको अनुसूची २.२ र २.३ अनुसार दस्तावेजिकरण गर्ने
- ति क्रियाकलापहरुको को डिजाइन तथा लागत अनुमानमा वातावरणीय तथा सामाजिक जोखिमको न्युनिकरणका उपाय तथा लागत अनुमान समावेस गर्ने
- वातावरणीय तथा सामाजिक जोखिम न्युनिकरणका उपाय हरुको कार्यान्वयन यस कार्यविधिको साझा प्रक्रिया मा उल्लेख भए बमोजिम हुने

अपेक्षित उपलब्धीः

- यस कार्यक्रम बाट संचालन हुने क्रियाकलापहरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षणलाइ समाहीकरण गरेको हुने ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त लैंगिक तथा सामाजिक सुरक्षण अधिकृत (GASO), PMU लगायत FAO-TA का बिज्ञ तथा PPMUs का कर्मचारी र सामुदायिक वन तथा उपभोक्ता समूहहरु ।

अनुगमन

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी PPMUs, PMU र FAO-TA ले समाहीकरणको प्रक्रिया तथा प्रभावकारिता को नियमित अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PPMUs ।

## ३.२.३८. टिम बिल्डिङ वर्कसप (प्रदेश)

### पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजना अन्तर्गत प्रदेश स्तरमा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको लागि प्रदेश तहमा कार्य सम्पादन गर्नका लागि नेपाल सरकार मातहत कै कार्यालयको रुपमा प्रदेश आयोजना ब्यवस्थापन इकाईहरु ३ स्थानमा स्थापना भएका छन् उप्रोक्त प्रदेश स्तरीय कार्यालयहरु (PPMU) मा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय अन्तरगतका कर्मचारीहरु, आयोजनाको लक्षित प्रतिफल हाँसिल गर्नका लागि परामर्शदाता मार्फत खटिएका विज्ञ कर्मचारी हरु एवं सोही कार्यालयबाट करारमा भर्ना गरिएका मध्यमस्तरीय प्राविधिक जनशक्ति र कार्यालय सहयोगीहरु कार्यरत रहेका हुन्छन् । यस आयोजना अन्तर्गत कार्यरत कर्मचारीहरुको विचमा साझा अपनत्व बिकास गरि सहकार्यमा थप प्रभावकारिता थप्ने ध्ययका साथ् Team

नेपाल सरकार, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

Building Workshop को आयोजना गरिनेछ । यस कार्यक्रममा PPMUs मा कार्यरत सम्पूर्ण कर्मचारी तथा विज्ञहरुका साथै PMU तथा FAO-TA का जनशक्तिहरुको सहभागिता रहने छ ।

### उद्देश्य

- प्रदेश आयोजना व्यवस्थापन इकाई अन्तर्गत कार्यरत कर्मचारीहरुको विचमा साझा भावना बिकास गरि सहकार्यमा प्रभावकारिता बढाउने ।

### कार्यान्वयन कार्यविधि

- Team को आवश्यकता र गोष्ठीमा सहजीकरण गर्ने विषयवस्तु निर्धारण PPMU र त्यहाँ कार्यरत विज्ञ टोलीले गर्नेछ ।
- निर्धारित विषयवस्तुको आधारमा गोष्ठी सञ्चालन गरिनेछ ।गोष्ठीको विचमा विभिन्न सहभागितात्मक खेलहरु खेलाइनेछ ।
- गोष्ठीको अन्त्यमा साझा कार्ययोजना तथा सामुहिक प्रतिवद्दता संकलन गरिनेछ ।

### अपेक्षित उपलब्धी

- गोष्ठी पश्चात कर्मचारीहरुको विचमा यस आयोजना प्रति साझा अपनत्व बिकास भई सहकार्यमा थप प्रभावकारिता आउने र लक्ष्य प्राप्तिमा सहजता हुने ।

### जनशक्ति व्यवस्थापन

- PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने
- Team Building Workshop संचालनमा सहज्किरणका लागि प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाहरुबाट सेवा खरिद गरिनेछ ।

### जिम्मेवार निकाय

- प्रदेश आयोजना व्यवस्थापन इकाईहरु

## ३.२.३९ कम्पोनेन्ट १ अन्तरगतका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन खर्च (BN: २६, २७, २८, ५४, ५५, ५६)

### पृष्ठभूमी/परिचय

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट १ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्याकन गर्नका लागि PPMU बाट खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

राष्ट्रिय आयोजना निर्देशक

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रनण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कामको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

## ३.२.४० प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको अनुगमन खर्च (दै.भ्र. र इन्धन समेत )

पृष्ठभूमी/परिचय

प्रकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरुसँग अन्तरकृया तथा समिक्षा गोष्ठी र (बुंदा न.३.३.३६) र प्राकृतिक श्रोत व्यवस्थाप्न पाठशालाहरूको संचालन (निरन्तरता) (बुंदा न.३.३.३७) क्रियाकलापहरुलाई मापदण्ड अनुसार कार्यन्बयन गर्दा आबश्यक प्राबिधिक पृष्ठपोषण र ब्यबस्थापकीय सबालहरु सम्बोधन गर्नका लागि नियमित रुपमा अनुगमन गर्न यो क्रियाकलाप संचालन गरिन्छ ।

उद्देश्य

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना गरि संचालन गर्दा आबश्यक प्राबिधिक पृष्ठपोषण प्रदान गर्नु र पाठशालाको गुणस्तर सुनिश्चित गर्नु ।

कार्यान्वयन कार्यविधि

- प्रत्येक प्राकृतिक श्रोत व्यवस्थापन पाठशालालाइ प्रति चरण कम्तिमा दुइपटक अनुगमन गरिनेछ ।
- अनुगमनकर्ताले अनुगमन गर्दा देखेका राम्रो र सुधार गर्नुपर्ने कुराहरु पाठशालाको अभिलेख पुस्तिकामा लेखि दिनुपर्छ ।
- अनुगमनकर्ताले पाठशाला अनुगमन चेकलिष्ट फारम भरी एक प्रति सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाईलाई बुझाउनु पर्ने हुन्छ ।

अपेक्षित उपलब्धी

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला प्रभावकारी ढंगले संचालन भएको हुने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वृहत्तर उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

जनशक्ति व्यवस्थापन

- सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाईको कार्यलय प्रमुख, पाठशाला कार्यक्रम हेर्न तोकेको कर्मचारी लगायत कार्यालय प्रमुख र यस कार्यको लागि खटाएका कर्मचारीहरु
- सेवा प्रदायकले नियुक्त गरेका पाठशाला संयोजक
- आयोजना व्यवस्थापन इकाई तथा आयोजनाका विज्ञहरु

जिम्मेवार निकाय

- सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई

## ३.२.४१ कार्यक्रम सम्बन्धि विभिन्न माध्यमबाट प्रचार प्रसार (BN: २३८)

पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य अनुरुप आयोजनाबाट संचालित कार्यक्रम तथा त्यसको प्रभाव बारे जानकारी तथा प्रचारप्रसार गर्न गराउन स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, वा अन्य संचार माध्यम मार्फत (जिंगल, रेडियो/टेलिभिजन सम्बाद/छलफल/अन्तरबार्ता, सामाचार, सार्वजनिक सूचना, एस.एम एस., डकुमेण्टरी आदि) प्रसारण गर्न सकिने छ

उद्देश्य

- आयोजनाको बारेमा र आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसार गरि जानकारी गराउने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई. तयार गरि स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सेवाप्रदायक मार्फत कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुमा आयोजानाको बारेमा जानकारी पुग्ने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
कृषि उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं
नेपाल सरकार
कृषि वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## जिम्मेवार निकाय

- PPMUs

## ३.२.४२ GIS/Remote Sensing Training (BN ६१, ६२, ६३)

### पृष्ठभूमी/परिचय

PIM अनुसार CBOs र अन्य जग्गाधनीहरुलाई प्रदान गरिने तालिमका प्रशिक्षक तयार गर्न PPMU, प्रदेश वन मन्त्रालय तथा आयोजना अन्तर्गतका अन्य वन कर्मचारीहरुलाई Sustainable Management of Forest Ecosystem सम्बन्धी प्रशिक्षक तालिम तथा GIS/Remote Sensing सम्बन्धि अभिमुखीकरण तालिम PMU बाट नियुक्त SFM तालिम बिज्ञ लगायत अन्य विज्ञहरुबाट प्रदान गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ । प्रचलित नर्मस र दररेट अनुसार लगत इष्टिमेट तयार गरी सो कार्यक्रम संचालनमा हुने सम्पूर्ण खर्च यस शिर्षकबाट गरिनेछ।

### उद्देश्य

- GIS/Remote Sensing सम्बन्धि तालिम संचालनका लागि श्रोत व्यक्तिहरु तयार गर्नु ।

### कार्यान्वयन कार्यविधि

- PPMU, प्रदेश वन मन्त्रालय तथा आयोजना अन्तर्गतका अन्य वन कर्मचारीहरुमध्येबाट तालिममा सहभागी हुने प्रशिक्षार्थीहरु एकिन गर्ने
- PMU, PPMUs र FAO-TA का विज्ञ तथा कर्मचारीहरुबाट आवश्यकता र विज्ञताको आधारमा श्रोत व्यक्तिका रुपमा परिचालन हुने ।
- आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाहरुबाट परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिने छ ।

### अपेक्षित उपलब्धी

- GIS/Remote Sensing सम्बन्धि तालिम पश्चात यी विषयहरुमा सहभागीहरुले ज्ञान प्राप्त भई कार्य सम्पादनमा सहजता हुने ।

### जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञ तथा कर्मचारीहरुबाट आवश्यकता र विज्ञताको आधारमा श्रोत व्यक्तिका रुपमा परिचालन हुने ।
- आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाहरु/व्यक्तिहरुबाट परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिने छ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुर्नउत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

अनुगमन

- तालिमको अवधिमा NPD र NPM सम्मिलित टोलि वा खटाइएको टोलीले तालिमको विषयवस्तु र गुणस्तरको सुनिश्चितताको लागि अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMUs l

## ३.२.४३ सामुदायिक वन समूहको संस्थागत सबलीकरण (वृक्षारोपणमा सहभागी गराइने गरि)

पृष्ठभूमी/परिचय

आयोजनाको कार्य क्षेत्र अन्तर्गत सामुदायिक वन समूहको संस्थागत सवलीकरण गरी वन क्षेत्रको दिगो व्यवस्थापन गर्ने एक प्रमुख कार्यक्रमको रुपमा रहेको छ। सामुदायिक वन समूहको संस्थागत सवलीकरण कार्य संचालन गर्दा समुहमा सामाजिक र वातावरण पक्षमा स्थानिय वन समुहहरुमा विस्तृत रुपमा विभिन्न चरणहरुमा छलफल गरी वन समुहलाई सवलिकरण गरी वृक्षारोपण कार्यमा समेत सक्षम बनाउनका लागि यो कार्यक्रम प्रस्ताव गरीएको छ ।

उद्देश्य

- सामुदायिक वन समूहको संस्थागत सवलीकरण गरी बन क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।

कार्यान्वयन कार्यविधि

यसको लागि तपसिलमा उल्लेख भए बमोजिम गरिने छः

- वन समूहको संस्थागत सवलीकरणका लागि सामाजिक र वातावरण पक्षमा स्थानिय वन समुहहरुमा विस्तृत रुपमा विभिन्न चरणहरुमा छलफल गरी सहमति लिनु पर्दछ ।
- उक्त संस्थागत सवलीकरणका कार्यमा आदीवासी जनजाती समुदायहरुको बसोबास रहेको छ भनि उक्त स्रोत माथि स्थानिय आदीवासी जनजाती समुदायहरुको सक्षम बनाई अधिकारलाई सुनिश्चित हुने गरी पुर्व सहमित (FPIC) लिई कार्यक्रम संचालन गर्नु पर्दछ ।
- साथै उक्त क्षेत्रमा दलित एंव सामाजिक रुपमा पछाडि पारिएको समुदायहरुको जनचेतना अभिबृद्धि गराई उक्त समुदायलाई सक्षम बनाउने
- संस्थागत सवलीकरणका कार्यमा आवश्यकता अनुसार वन प्राविधिकको सहयोगमा स्थानिय समुदायको सहभागिता व्यापक रुपमा जनचेतना अभिबृद्धि गर्ने ।
- स्थानिय वन समूहहरुसंग सामाजिक र वातावर्णीय पक्षहरुको सहमित, बृक्षारोपण क्षेत्र स्थान छनोट, नापनक्सा तयार गरी सो सम्बन्धमा स्थानिय समुदायहरुलाई जानकारी र सहमित पश्चायत सम्झौता गरी बृक्षारोपण कार्यक्रम सम्पन्न गर्नु पर्दछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

अपेक्षित उपलब्धी

- संस्थागत सवलीकरणका कार्यक्रमलाइ ब्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन भै वन समुहहरु आ आफ्ना वन समुहमा सक्षम भै कार्यक्रम संचलन भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- संस्थागत सवलीकरणका कार्यक्रमलाई कार्य तालिका तयार गरी कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति PPMU,डि.व.का. र स्थानिय वन समुह र स्थानीय वन उपभोक्तासमूहहरुले ब्यवस्थापन गर्नु पर्दछ ।

अनुगमन/ प्रतिबेदन योजना

- प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डि.व.का.का साथै PMU/PPMU, FAO-TA, का विज्ञहरुले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार अनुगमन योजनाका साथ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- PPMU।

## ३.२.४४ प्रदेश कार्यालय प्रमुख तथा लैंगिक सम्पर्क ब्यक्तिहरुलाई GESI कार्यशाला गोष्ठी

### पृष्ठभूमि/परिचय

जलवायुजन्य बिपतबाट महिला, आदिवासी जनजाति, दलित तथा पछाडि पारिएका वर्गमा फरक तर गम्भीर प्रभाव पर्ने हुदा जलवायुजन्य बिपतबाट पर्ने नकारात्मक प्रभाव कम गर्न स्थानिय समुहमा लैंगिक समानता र सामाजिक समावेशीता सम्बिन्ध जनचेतना तथा क्षमता अविभृद्धि गर्नू आबश्यक देखिन्छ। यस आयोजनाबाट संचालन हुँदै आएका क्रियाकलापहरुमा लैंगिक समानता र सामाजिक समावेशीतालाइ मुलाप्रवाहिकरण गर्ने प्रयास भएतापनि dedicated रुपमा जलबायुजन्य बिपतबाट प्रभावित क्षेत्रका समुदायमा जनचेतना अभिवृद्धि गर्नुका लागि प्रदेशस्तरमा यो कार्यक्रन प्रस्ताव गरिएको छ।

राष्ट्रिय आयोजना निर्देशक

## उद्देश्य

- आयोजना अन्तर्गत प्रदेश प्रमुखहरु तथा लैंगिक सम्पर्क व्यक्तिहरुलाई वन तथा वातावरण मन्त्रालयको GEDSI रणनीति सम्बन्धी जानकारी गराउने ।
- लैंगिक समानता र सामाजिक समावेशीतालाइ आयोजनाका क्रियाकलापहरुमा मुलाप्रबाहिकरण गरि सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय सुदृढ गर्ने आधार निर्माण गर्ने ।

## कार्यान्वयन कार्यविधि

- आयोजनाको प्रदेश कार्यक्षेत्र अन्तर्गत वन समुहहरुमा वन तथा वातावरण मन्त्रालयको GEDSI रणनीति सम्बन्धी तालिमका लागि विषयसुची तयार गर्ने र तालिम सहभागिको पहिचान गर्ने ।
- यो क्रियाकलाप संचालन गरिने बिस्तृत ढाचा/ अबधारणापत्र बमोजिम ल. इ. तयारी र स्वीकृत गर्ने
- स्वीकृत कार्यक्रम अनुसार यो क्रियाकलाप्लाई प्याकेजकै रुपमा संचालन गरिने हुदा पांच वटा सम्म अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- आयोजना अन्तर्गत प्रदेश प्रमुखहरु तथा लैंगिक सम्पर्क व्यक्तिहरुलाई सहभागी गराई वन तथा वातावरण मन्त्रालयको GEDSI रणनीति सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

## अपेक्षित उपलब्धी

- आयोजना अन्तर्गत प्रदेश प्रमुखहरु तथा लैंगिक सम्पर्क व्यक्तिहरुलाई सहभागी गराई वन तथा वातावरण मन्त्रालयको GEDSI रणनीति सम्बन्धीजानकारी भएको हुनेछ।
- लैंगिक समानता र सामाजिक समावेशीतालाइ आयोजनाका क्रियाकलापहरुमा मुलाप्रबाहिकरण गरि सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय सुदृढ भएको हुनेछ ।

## जनशक्ति व्यवस्थापन

- PPMU, PMU, तथा FAO-TA र आबश्यकता अनुसारको बाह्य श्रोत व्यक्ति

## अनुगमन योजना

- प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, PMU, PPMU, तथा FAO-TA ले अनुगमन गर्नेछ

## जिम्मेवार निकाय

- तालिम संचालन र व्यवस्थापनको जिम्मेवारी PPMU को हुनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

## ३.२.४५ वार्षिक कृयाकलाप पार्श्वचित्र (Activity Profile) तयारी तथा प्रकाशन

**पृष्ठभूमी/परिचय**

प्रदेश आयोजना व्यवस्थापन ईकाइहरुले गत आ.व. हरुमा प्रस्तावित र सम्पन्न गरेका क्रियाकलापहरु र तिनको अवस्था र खर्च भएको बजेट अनि लाभान्वित जनासंख्याहरुका बारेमा जानकारी समावेश गरि एउटा वार्षिक प्रगति प्रतिवेदन पुस्तिका/क्रियाकलाप पार्श्वचित्र तयारि तथा प्रकाशन गरि वितरण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

**उद्देश्य**

- वार्षिक प्रगति प्रतिवेदन पुस्तिका/क्रियाकलाप पार्श्वचित्र तयारि तथा प्रकाशन गरि वितरण गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- PPMUs बाट गत आ.व.हरुका प्रगतिका विवरणहरु संकलन गर्ने ।
- लागत अनुमान तयार र स्वीकृत गर्ने ।
- PPMUs र FAO-TA को समन्वयमा संकलित विवरणहरुको अध्ययन गरि अन्तिम रुप दिने ।
- अन्तिम रुप दिएको दस्तावेजलाई प्रकाशन गर्ने । प्रकाशन गर्ने कार्यका लागि सेवा प्रदायक संस्थाबाट सेवा खरिद गरिने छ ।

**अपेक्षित उपलब्धी**

- वार्षिक प्रगति पुस्तिका/क्रियाकलाप पार्श्वचित्र तयारि तथा तयार भई प्रकाशन हुने र आयोजनाका क्रियाकलापहरु र बजेट अनि खर्चका बारेमा पारदर्शी रुपमा जानकारी उपलब्ध हुने ।

**जनशक्ति व्यवस्थापन**

- PPMUs, PMU,FAO-TA का कर्मचारीहरु

**जिम्मेवार निकाय**

- PPMUs

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार
कृषि वन तथा वातावरण मन्त्रालय
उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३.३. सशर्त अनुदानमा प्रदेश वन सम्बन्धि मन्त्रालयले संचालन गर्ने कार्यक्रमहरुको कार्यविधि

### ३.३.१ आयोजनाको कार्यक्रम समन्वय, फिल्ड सहयोग र प्रतिवेदन तयारीका लागि वन प्राविधिक रेन्जर (मध्यम स्तरीय प्रविधिक) करार २ जना (BN: १०४,१०५,१५६)

**पृष्ठभूमी/परिचय**

यस आयोजनाको कार्यक्रमहरु प्रदेशस्थित वन तथा वातावरण मन्त्रालय तथा प्रदेश निर्देशनालयहरुको समन्वय र सहकार्यमा आयोजनाको कार्यक्षेत्र अन्तर्गतका प्रदेश आयोजना व्यवस्थापन ईकाइहरु (PPMU), डिभिजन वन कार्यालयहरु, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत संचालन भै रहेका कार्यक्रमहरुको नियमित रुपमा फिल्डस्तर समन्वय, सहयोग र प्रतिवेदन तयारी कार्यमा सहजिकरणका लागि प्रदेश निर्देशनालयहरुमा वन प्राविधिक रेन्जर (मध्यम स्तरीय प्रविधिक) करार २ जना काररमा नियुक्ति गरि कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ ।

**उद्देश्यः** आयोजना अन्तर्गत सचालित कार्यक्रमहरुको नियमित रुपमा फिल्डस्तरीय समन्वय, सहयोग र प्रतिवेदन तयारी कार्यमा प्रदेश वन निर्देशनालयहरुमा सहजिकरण गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- वन प्राविधिक रेन्जर (मध्यम स्तरीय प्रविधिक) को न्यिनतम योग्यता कम्तिमा डिप्लोमा इन फरेष्टि उर्त्तिण भै २ बर्ष वन ब्यवस्थापन सम्बन्धि अनुभव भएको हुनु पर्ने छ ।
- प्रदेश वन निर्देशनालयहरुले कार्यालयको कार्य बोझ र उपलब्ध बजेटलाई मध्यनजर राखी पदको निक्यौंल गरी पद बमोजिमको TOR सहित प्रचलित आर्थिक ऐन नियम, दररेट तथा नर्मसलाई आधार मानी लागत अनुमान तयार तथा स्वीकृत गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी आवश्यक सेवा खरिद गर्न सकिनेछ ।
- प्रदेश वन निर्देशनालयहरुले नियुक्त गरी कार्यरत रहेका रेन्जर (मध्यम स्तरीय प्रविधिक) जनशक्तिको निरन्तरताको हकमा आर्थिक बर्षको शुरुवात देखि नै निजसंग भएको सम्झौतालाइ कार्य सम्पादन मुल्यांकनको आधारमा सम्झौता गर्ने निकायले नविकरण गरि परिचालन गर्न सकिनेछ।
- नियुक्त गरिएका रेन्जरको कार्यस्थल प्रदेश वन निर्देशनालयहरुमा रहने छ र आवश्यकता अनुसार जिल्लाहरुमा प्राविधिक सहयोग उपलब्ध गराउने छ ।
- कार्यरत रेन्जरले आफुले दैनिक रुपमा गर्ने कामकाजहरुको मासिक रुपमा कार्यतालिका बनाई निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धी**

- वन प्राविधिक रेन्जर (मध्यम स्तरीय प्रविधिक) को सेवा खरिद गरि वन निर्देशनालयहरुलाई आवश्यक प्राविधिक सेवा उलपब्ध हुँदा आयोजनाको कार्यक्रमहरु कार्यान्वयनमा सरलता,सहजता र प्रभावकारिता बढेको हुनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

### जनशक्ति व्यवस्थापन

- जनशक्तिको ब्यवस्थाप्न र परिचालन कार्य प्रदेश वन निर्देशनालयहरुमा निहित रहने छ ।

### अनुगमन

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्बन गरी आवश्यकताको आधारमा वन निर्देशनाल्यहरुले नियमित संचालन कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्न सकिनेछ।

### जिम्मेवार निकाय

प्रदेश वन निर्देशनालयहरु।

## ३.३.२ ANR सम्बन्धि वन प्राविधिकहरुको लागि तालिम (५ दिने) (BN १४५,१४६ )

### पृष्ठभूमी/परिचय

आयोजना अन्तर्गत रहेका क्षतिग्रस्त बन क्षेत्रहरुलाई पुर्नरुत्थान गर्ने बिबिध तरिकाहरुमध्ये प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneratior- ANR) एक प्रमुख कार्यको रुपमा रहेको छ । समुदायमा आधारित बन उपभोक्ता समुहहरु मार्फत संचाल्न गरिने यस्ता क्रियाकलापहरुको सहजीकरण सम्बन्धित ज्ञान र सीप अभिबृद्धिका लागि डिभिज्न बन कार्यालय, भु तथा जलाधार ब्यबस्थापन कार्यालय एंव प्रदेश निर्देशनालयका बन प्राबिधिकहरुका साथै आयोजनामा कार्यरत बन बिज्ञ र बन तथा जलाधार अधिकृतहरुलाई आयोजना कार्यान्वयन मार्गदर्शन (PIM) अनुसार वहाहरुको क्षमता अभिवृद्धि गर्न ANR तालिम प्रस्ताब गरिएको छ ।

### उद्देश्य

- यस आयोजना कार्यान्वयन क्षेत्रमा संलग्न सम्बन्धित डिभिजन बन कार्यालय, जलाधार ब्यबस्थापन कार्यालय तथा प्रदेश निर्देशनालयका बन प्राबिधिकहरु तथा आयोजनामा कार्यरत बन बिज्ञ र बन तथा जलाधार अधिकृतहरुको ज्ञान र सीप अभिबृद्धि गराई स्थानिय वन समुह र पाठशाला सहजकर्ता/LRP/हरुलाई प्राकृतिक पुनरुत्पादन सहयोगमा सहजिकरण गर्ने ।

### कार्यान्वयन कार्यविधि

- यस ANR सम्बन्धि तालिम संचालनका सम्बन्धित वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अगुवाईमा सम्बन्धित बन निर्देशनालय मार्फत आयोजनाका कार्यक्षेत्रमा संलग्न सम्बन्धित डिभिजन वन कार्यालय, भु तथा जलधार ब्यवस्थापन कार्यालय र सम्बन्धित बन निर्देशनालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिममा सहभागिका लागि अनुरोध गरिनेछ ।
- यस तालिमका लागि सहभागिको माग गर्दा हाल सम्म उक्त तालिम नलिएका, महिला तथा पछिल्लो अवधिमा नियुक्ति भएका प्राबिधिकहरुलाई प्राथमिकता दिएर सहभागी छनौट गर्नु पर्ने छ ।

राष्ट्रिय आयोजना निर्देशक

- प्रत्येक प्राकृतिक पुनरुत्पादन सहयोग तालिममा कम्तिमा २०-२५ जना सहभागी गराई ५ दिने अभ्यास सहित तालिम संचालन गरिनेछ ।
- यस तालिमको विषयसुची तयारीका साथै सहजीकरण तथा श्रोत व्यक्ति ब्यबस्थापनका लागि आयोजनाका FAO-TA का बन बिज्ञले र PPMU र PMU का वन विज्ञहरुले सहयोग गर्नेछन ।
- यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले प्रचलित ऐन कानुनको परिधिमा रहि ईष्टिमेट गरी तालिम संचालन गर्नेछ ।

**अपेक्षित उपलब्धी**

- यस तालिमबाट प्राप्त ज्ञान र सीपको आधारमा समुदायमा आधारित बन उपभोक्ता समुहहरु मार्फत संचालन गरिने प्राकृतिक पुनरुत्पादन सहयोग क्रियाकलापहरुले वनको अवस्थामा सुधार भै स्थानिय वन समुह प्रत्यक्ष लाभान्वित हुनेछन्

**जनशक्ति व्यवस्थापन**

- FAO-TA तथा PPMU का बिज्ञहरुद्वरा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहकार्यमा तालिम विषयसुची तयार गरी तालिम संचालनमा सहयोग गरिने छ ।
- तालिम संचालनका लागि आबश्यकता अनुसार विज्ञ श्रोत व्यक्तिहरु FAO-TA तथा PPMU का बिज्ञहरुद्वरा सहजिकरण गरिनेछ ।

**अनुगमन**

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम अनुगमन बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) PMU सम्बन्धित बन निर्देशनालय, प्रदेश वन मन्त्रालय मार्फत गरिनेछ

**जिम्मेवार निकाय**

- यस तालिम संचालन गर्ने मुख्य निकाय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु रहने छ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३.३.३ ANR कार्यान्वयनमा सहयोगको लागि समुदायस्तरमा अन्तरक्रिया गोष्ठि (BN: १४५,१४६)

**पृष्ठभूमी/परिचय**

समुदायमा आधारित वन उपभोक्ता सनुहहरु मार्फत गरिने प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneration (ANR) क्रियाकलापहरुको कार्यान्वयनका लागि सम्बन्धित वन उपभोक्ता समूहहरुलाई ANR सम्बन्धित अवधारणा, महत्व तथा आवश्यकता सम्बन्धमा जानकारी दिनका लागि १ दिन समुदायस्तरमा स्थलगत अन्तरक्रिया कार्यक्रम प्रस्ताव गरिएको छ । यो कार्य सन्चालन गर्न नियमानुसार खाजा खर्च, यातायात खर्च, दैनिक भ्रमण भत्ता, प्रशिक्षण शुल्क, अध्ययन सामग्री तथा इन्धन लगायतका खर्च यस शिर्षक अन्तर्गत प्रदान गरिने छ ।

**उद्देश्य**

- वन उपभोक्ता समूहहरुलाई दिगो वन व्यवस्थापन्मा ANR प्रविधिको अबधारण, प्रकृया र महत्वबारेमा जानकारी गराउने ।
- वन उपभोक्ता समूहहरुमा ANR कार्यक्रम कार्यान्वयनमा वन समुहको भुमिका र क्षमता अभिबृद्ध गराउने ।

**कार्यान्वयन कार्यविधि**

- डिभिजन वन कार्यालयले आफ्ना बार्षिक कार्यक्रम अन्तर्गत ANR कार्यक्रम कार्यान्वयन गरिने वन समुहहरुको पहिचान गरी सनुदायस्तरना अन्तरक्रिया गोष्ठिको तालिका तयार गर्ने ।
- यस अन्तरक्रिया गोष्ठि संचालनका लागि सम्बन्धित डिभिजन वन कार्यालय (डि.व.का.) हरुले प्राबिधिकहरुलाइ कार्यादेश दिएर FLR/ANR TOT प्राप्त वन अधिकृतहरुको सहजिकरणमा समुदाय स्तरीय आबश्यकता अनुरुप एक दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्नेछन् ।
- अन्तरक्रियामा सहजकर्ताहरुले निर्धारित सत्र योजना अनुसार सहभागीलाइ सम्बन्धित वन क्षेत्रमा अवलोकन भ्रमण समेत गराउनु पर्नेछ । यस प्रकार गरिएको अन्तरक्रियामा उपस्थित सहभागीहरुको उपस्थिति गराई लाभग्राहीको तथ्य तथ्यांक अनिवार्य राख्नुपर्नेछ ।
- प्राकृतिक पुनरुत्पादन सहयोग (ANR) एक दिने तालिम/अन्तरक्रिया गोष्ठीमा देहाय बमोजिमका विषयवस्तु समावेश गरिनेछ ।
  - वन उपभोक्त समुहका सदस्यहरुलाई प्राकृतिक पुनरुत्पादन सहयोगको अवधारणा र महत्व बारे जानकारी गराउने ।
  - प्राकृतिक पुनरुत्पादन क्रियाकलापहरु प्रवर्धन सम्बन्धमा वन समुहका सहभागीहरुलाई सैद्धान्ति र स्थलगत व्यवहारीक ज्ञान छलफलमा गर्ने ।
  - वन व्यवस्थापन कार्ययोजना अनुसार वनको अवस्थामा छलफल र विश्लेषण (ब्लक अनुसार पुनरुत्पादनको अवस्था र कारणहरुको विश्लेषण) गर्ने ।
  - चुरे उत्थानशिल आयोजना अन्तर्गत गरिने ANR को क्रियाकलापहरू र कार्यान्वयन प्रक्रियामा वन समुहको भुमिकाबारे प्रष्ट जानकारी गराउने ।
  - छलफलबाट प्राप्त सल्लाह सुझाव र कार्ययोजना अनुसार ANR क्रियाकलापहरु कार्यान्वयनका लागि कार्य तालिका तयार गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

अपेक्षित उपलब्धी

- समुदायमा आधारित वन उपभोक्ता समूहहरुलाइ ANR कार्यक्रम कार्यान्वयन गर्न सहज भएको हुनेछ ।
- ANR कार्यान्वयन सम्वन्धि प्रविधि स्थानिय समुदायमा आधारित वन उपभोक्ता समूहहरुमा हस्तान्तरण भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- यस अन्तरकृया गोष्ठि संचालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन डिभिजन वन कार्यालयले सब-डिभिजन वन कार्यालयहरुको समन्वय र सहकार्यमा गर्नेछ । यस गोष्ठिको सहजिकरण आयोजनाबाट प्रदान गरिएको FLR/ANR TCT प्रशिक्षक प्रशिक्षण पाएका वन प्राविधिकहरु, प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) FAO-TA तथा PMU हुनेछन ।

अनुगमन

- डि.व.का., प्रदेश वन निर्देशनालय, PMU, FAO-TA ले आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्नेछ ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजनाको आधारमा अनुगमन कार्यक्रम संचालन गर्नेछ । डि.व.का. ले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय : सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु

## ३.३.४. CSO/Municipalities/stakeholders हरुका लागि CRLUP कार्यशाला गोष्ठी संचालन (२ दिने) १४५,१४६)

### पृष्ठभूमि/परिचय

आयोजना अन्तर्गत संचालन गरिने क्रियाकलापहरू सहज ढंगले कार्यान्वयन गराउन स्थानीय सरकार तथा नागरिक समाजका संस्थाहरूसँगको समन्वय र सहकार्यलाई आयोजनाले प्रमुख रुपमा अवलम्वन गरेको छ । यस आयोजनाको लक्ष्य बमोजिम नागरिक समाज तथा पालिकाका कर्मचारी/पदाधिकारीहरूलाई जलवायु उत्थानशील भू-उपयोग योजना तर्जुमा गोष्ठी "Climate Change and Climate Resilient Land Use Planning and Practices (CRLUP) for Local Level" सम्बन्धि योजना/अभ्यास मार्फत ज्ञान अभिवृद्धि गर्न यो गोष्ठी प्रस्ताव गरिएको छ ।

राष्ट्रिय आयोजना निर्देशक

### उद्देश्य

- स्थानीय सरकार तथा नागरिक संगठनहरू (Civil Society Organizations-CSOs) र नेटवर्कहरूलाई जलवायु उत्थानशील भू उपयोग योजना तथा अभ्यास (CRLUP) सम्बन्धि क्षमता अभिवृद्धि गर्नु ।
- स्थानीय सरकार, नागरिक संगठनहरू र नेटवर्कहरूलाइ संवेदनशील पारिस्थितिकीय प्रणाली पुनर्स्थापना योजना (Critical Ecosystem Restoration Plan CERP) र CRLUP कार्यक्रम कार्यान्वयनका लागि संस्थागत र वित्तीय स्रोतहरू परिचालनमा अभिप्रेरित गर्नु ।
- नदी प्रणालीसँग सम्बन्धित विभिन्न वृक्षारोपण, सार्वजनिक भूमि व्यवस्थापन, जलवायु उत्थानशील कृषि, विपद जोखिम न्यूनीकरण लगायत भू उप्योग सम्बन्धी कार्यको लागि कार्य योजना तयार गर्नु ।

### कार्यान्वयन कार्यविधि

- नदी प्रणाली अन्तर्गत कार्यक्षेत्रमा पर्ने पालिकाहरुको छनोट गर्ने ।
- सम्बन्धित पालिकाको मेयर, उप मेयर, कार्यकारी प्रमुख, योजना शाखा, विपद,वन तथा वातावरण, कृषि पशु , सामाजिक विकाश, चुरे उत्थानशील आयोजना को कार्य क्षेत्र अन्तर्गत पर्ने वडा को वडा अध्यक्ष, सचिव, सदस्य, नागरिक समाज संगठन, रेड क्रस, FECOFUN नगर को प्रतिनिधिहरू सहित सहभागी छनोट गर्ने
- प्रचलित स्थानीय नर्मश अनुसार लागत इस्टीमेट (ल.ई) तयार तथा स्वीकृत गरि कार्यक्रम संचालन गर्ने
- सम्वन्धित पालिकाको विपद,वन, वातावरण शाखा तथा योजना शाखा र प्रदेश आयोजना ब्यबस्थापन इकाई संग समन्वय गरेर गोष्ठी संचालन गर्ने ।

### अपेक्षित उपलब्धी

- सहभागीहरूलाई जलवायु उत्थानशील भू-उपयोग योजना सम्बन्धी जानकारी भइ आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्नेछन् ।
- आयोजना अन्तर्गत जलवायु उत्थानशील भू-उप्योग योजना कार्यान्वयनका लागि स्रोत परिचालनमा सहकार्य र सहयोगको अभिवृद्धि भएको हुनेछ।

### जनशक्ति व्यवस्थापन

- यस ता गोष्ठी संचालन गर्ने मुख्य निकाय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु रहने छ र सो को सहजिकरणका लागि प्रदेश आयोजना व्यवस्थाप्न इकाई (PPMU) FAO-TA तथा PMU जिम्मेवार हुनेछन् ।

राष्ट्रिय आयोजना निर्देशक

**अनुगमन योजना**

- प्रदेश वन निर्देशनालय, वन तथा वातावरण मन्त्रालय, आयोजना व्यवस्थापन इकाई (PMU), प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU)/ FAC-TA ले अनुगमन बनाएर अनुगमन गर्नेछन्।

**जिम्मेवार निकाय**

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु

## ३.३.५ ESMP, SIMP, IPP, GAP & FPIC implementation Support (B.N ६,७,८/ १५-१७/२०५-२१०, २२९-२२९)

**पृष्ठभूमी/परिचय**

यस आयोजना अन्तर्गत संचालन गरिने वन विकासका साथै पूर्वाधारका कार्यक्रमहरु संचालन गर्दा आयोजनाको दस्तावेज अनुसार ESMP, SIMP, IPP, GAP & FPIC implementation जस्ता कार्यक्रमहरु अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्नेछ । यी कार्यक्रमहरु संचालन गर्दा अबलम्बन गर्नु पर्ने साझा प्रक्रिया तथा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ । उक्त कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्दा स्वीकृत कार्यक्रम संख्या अनुरुप खर्च गरिनेछ, यसरी खर्च गरी रकम बाँकी भएमा आयोजना दस्तावेज अनुसार ESMP, SIMP, IPP, GAP& FPIC implementation बाध्यकारी हुने अन्य कार्यक्रम समेतमा खर्च गर्न यो सहयोग कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- यस कार्यक्रम बाट संचालन हुने क्रियाकलाप हरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षणलाइ मुलप्रवाहीकरण गर्ने ।

**कार्यान्वयन कार्यविधिः**

- कार्यान्वयन निकायहरुले कार्यक्रम संचालन गर्दा वातावरणीय तथा सामाजिक जोखिमको मुल्यांकन, न्युनिकरंका उपाय तथा लागत अनुमानको अनुसूची २.२ र २.३ अनुसार दस्तावेजिकरण गर्ने ।
- उक्त कार्यक्रमहरुको डिजाइन तथा लागत अनुमानमा वातावरणीय तथा सामाजिक जोखिमको न्युनिकरणका उपाय तथा लागत अनुमान समावेस गर्ने ।
- वातावरणीय तथा सामाजिक जोखिम न्युनिकरणका उपाय हरुको कार्यान्वयन यस कार्यविधिको साझा प्रक्रिया मा उल्लेख भए बमोजिम हुने ।
- प्रचलित स्थानीय नर्मश अनुसार लागत इस्टीमेट (ल.ई) तयार तथा स्वीकृत गरि कार्यक्रम संचालन गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय दुई उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

<u>अपेक्षित उपलब्धी:</u>

- यस कार्यक्रम बाट संचालन हुने क्रियाकलापहरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षणलाइ समाहीकरण गरेको हुनेछ

<u>जनशक्ति व्यवस्थापन</u>

- ESMP, SIMP, IPP, GAP & FPIC implementation सहयोग कार्यक्रमहरु कार्यान्वयन निकायहरुले व्यवस्थापन गर्नु पर्ने छ । उक्त सहयोग कार्यक्रमका लागि आवश्यक प्राविधिक सहयोग आयोजनाका सामाजिक सुरक्षण अधिकृत (GASO), PMU लगायत FAO-TA का बिज्ञ तथा PPMUs का कर्मचारी रहनेछ।

<u>अनुगमन</u>

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी प्रदेश वन निर्देशनालय, वन तथा वातावरण मन्त्रालय, PPMUs, PMU र FAO-TA ले समाहीकरणको प्रक्रिया तथा प्रभावकारिता को नियमित अनुगमन गर्ने छ।

<u>जिम्मेवार निकाय</u>

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु

## ३.३.६. वन डढेलो व्यवस्थापन तालिम तथा अभ्यास (३ दिन) वन ब्यवस्थापन समुह प्रतिनिधिहरुलाई (B.N. २६६,२६७,२६९) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरा

### पृष्ठभूमी/परिचय

आयोजन को कार्यक्रम कार्यान्वयन क्षेत्रमा वन डढेलो एक प्रमुख सवालमा रहेकोले सोको न्युनिकरण वा दिगो ब्यवस्थापनका लागि समुदायहरुमा जन्चेतना अभिबृद्धिका लागि स्थानिय वन डढेलो जोखिम क्षेत्रका समुहमा आधारित वन उपभोक्ता समुहहरुलाई स्थलगत रुपमा शैद्धान्तिक र अभ्यास सहितको ज्ञान र सिप प्रदान गर्न यो तालिम प्रस्ताव गरिएको छ ।

### उद्देश्य

- समुदायमा आधारित वन उपभोक्ता समुहहरुलाई वन डढेलो ब्यवस्थापन सम्बन्धि आवश्यक ज्ञान र सीपको अभ्यासात्मक सहित क्षमता अभिवृद्धि गर्ने ।

### कार्यान्वयन कार्यविधि

- सर्वप्रथम तालिमका लागि वन डढेलो जोखिम क्षेत्रमा पर्ने वन समुहहरुको पहिचान गरी सहभागिका लागि पत्रचार गर्ने
- वन उपभोक्ता समुहहरुको समन्वयमा २०-२५ जना सहभागि गराई तालिम संचालन गरिने छ ।

राष्ट्रिय आयोजना निर्देशक

- तालिम विषयसुची तयार गरी सोको लागि आवश्यक श्रोत व्यक्तिहरुको व्यवस्थापन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले गर्ने छ र आवश्यकता अनुसार PMU, PPMUs र FAO-TA का विज्ञहरुबाट सहजिकरण गर्नेछ ।
- अन्य श्रोत व्यक्तिहरु आवश्यक परेमा प्रचलित नियम बमोजिम सेवा खरिद गरिने छ ।
- तालिम संचालनको लागि स्थान छनौट स्थानिय वन डढेलो जोखिम क्षेत्रका आधारना समुहमा आधारित वन उपभोक्त समुहहरुको समन्वयना प्रचलित नियम बमोजिम गरिने छ ।
- प्रचलित स्थानीय नोर्म अनुसार लागत इस्टीमेट (ल.ई) तयार तथा स्वीकृत गरि कार्यक्रम संचालन गर्ने ।

**अपेक्षित उपलब्धी**

- यस आयोजना अन्तर्गतका वन उपभोक्ता समुहहरुको वन डढेलो व्यवस्थापन सम्वन्धि आवश्यक ज्ञान र सीपको अभिबृद्धि भएको हुनेछ ।
- तालिम प्राप्त गरे पश्चात स्थानिय समुहमा आधारित वन उपभोक्ता समुहहरु वन डढेलो ब्यवस्थापन र सो का लागि आफ्नो काम, कर्तब्य र जिम्मेवारीका बारेमा ज्ञान र बुझाइ वृद्धि भै कार्य सम्पादन गर्न सक्षम हुनेछन्।

**जनशक्ति व्यवस्थापन**

- यस तालिम संचालनका लागि आवश्यक जनशक्ति वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु गर्ने छ । आवश्यकता अनुसार डि.व.का., PMU, PPMUs र FAO-TA का विज्ञहरुबाट सहजिकरणमा सहयोग गर्नेछ ।

**अनुगमन योजना**

- तालिमको अवधिमा प्रदेश वन निर्देशनालय, राष्ट्रिय आयोजना निर्देशक तथा PMU, PPMUs र FAO-TA का विज्ञहरुबाट अनुगमन गर्ने छ ।

**जिम्मेवार निकाय**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु

## ३.३.७ आयोजना कार्यान्वयन सरोकारवालाहरु बीच FPIC/Gender सम्वन्धि अन्तरकृया गोष्ठी

**पृष्ठभूमी/परिचय**

यस आयोजना अन्तर्गत संचालित कार्यक्रमहरु संचालन पुर्व सम्पन्न गरिने कृयाकलापहरुको मध्ये FPIC/Gender सम्वन्धि अन्तरकृया कार्यक्रम प्रमुखताका साथ अवलम्बन गरिएको छ । दिगो प्राकृतिक स्रोत व्यवस्थापन (SNRM) गर्नका लागि समुदायका महिलाहरूको भूमिका महत्वपूर्ण हुने हुँदा उनीहरुको अर्थपूर्ण सहभागिता, नेतृत्व बिकास र श्रोतहरुमा पहुच अत्यन्त आवश्यक रहन्छ । यस अन्तरकृया गोष्ठिना मुख्यरुपमा (GEDSI strategy लाई आधारमानी छलफल गरिनेछ।जलवायु उत्थानशील दिगो प्राकृतिक स्रोत व्यवस्थापनको लागि कार्यक्रमहरु संचालन पुर्व

FPIC/Gender लगायतका कार्यक्रमहरु अनिवार्य रुपमा अवलम्वन गरिने आयोजनाको बाध्यतात्मक अवस्थालाई मध्येनजर गरी यी कार्यक्रमहरु संचालन पुर्व गरिने FPIC र समुदायका महिलाहरूको भूमिकालाई सुनिश्चित गर्नका लागि सरोकारवालाहरु बीच FPIC/Gender सम्वन्धि अन्तरकृया गोष्ठी प्रस्ताव गरिएको छ ।

## उद्देश्य

- आयोजना अन्तर्गत संचालित कार्यक्रमहरुमा संलग्न सरोकारवालाहरु बीच दिगो प्राकृतिक स्रोत व्यवस्थापन कार्यक्रम संचालनमा गरिने FPIC/Gender सम्वन्धि आवश्यक ज्ञान र सीपको क्षमता अभिवृद्धि गर्ने ।

## कार्यान्वयन कार्यविधि

- आयोजना अन्तर्गत संचालित कार्यक्रमहरुमा संलग्न सरोकारवालाहरु PMU, PPMUs र FAO-TA का विज्ञहरु समन्वय र सहकार्यमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुले सहभागिको पहिचान गर्ने ।
- यस अन्तरकृया गोष्ठीको विष्यसुची वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुको पहलमा आयोजनाका FAO-TA का साथै PPMU र PMU विज्ञहरुले आवश्यक सहयोग गर्नु पर्ने छ ।
- प्रत्येक प्राकृतिक पुनरुत्पादन सहयोग तालिममा कम्तिमा २०-२५ जना सहभागी गराई १ दिने गोष्ठि संचालन संचालन गरिनेछ ।
- यस गोष्ठिको सहजीकरण तथा श्रोत व्यक्तिको व्यबस्थापन कार्य वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुको अगुवाईमा FAO-TA का वन विज्ञले PPMU र PMU संगको समन्वयमा संयोजन गर्नेछन .।
- अन्य श्रोत व्यक्तिहरु आवश्यक परेमा प्रचलित नियम बमोजिम सेवा खरिद गरिने छ ।
- आवश्यकता हेरी PPMUs र अन्य सरोकारवालाहरुको सहयोग लिईने छ ।
- प्रचलित स्थानीय नर्मश अनुसार लागत इस्टीमेट (ल.ई) तयार तथा स्वीकृत गरि कार्यक्रम संचालन गर्ने ।

## अपेक्षित उपलब्धी

- आयोजना अन्तर्गत संचालित कार्यक्रमहरुमा संलग्न सरोकारवालाहरुलाई FPIC/Gender सम्वन्धि आवश्यक जानकारी भएको हुनेछ ।
- गोष्ठि पश्चायत आयोजना अन्तर्गत संचालित कार्यक्रमहरुमा संलग्न सरोकारवालाहरुको आफ्नो काम, कर्तब्य र जिम्मेवारीका बारेमा ज्ञान र बुझाइ वृद्धि भै कार्य सम्पादन गर्न सक्षम हुनेछन्।

## जनशक्ति व्यवस्थापन

- यस गोष्ठि संचालनका लागि आवश्यक जनशक्तिको ब्यवस्थापन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु रहने छ र सो को सहजिकरण आयोजनाद्वारा नियुक्त लैंगिक तथा सामाजिक सुरक्षण अधिकृत (GASO), PMU लगायत FAO-TA का बिज्ञ तथा PPMUs का कर्मचारी रहनेछ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय पूर्ण उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

**अनुगमन योजना**

- यस गोष्ठिको अवधिमा प्रदेश वन निर्देशनालय, आयोजनाका राष्ट्रिय आयोजना निर्देशक, FAO-TA का साथै PPMU र PMU बिज्ञहरुले गर्नु पर्ने छ ।

**जिम्मेवार निकाय**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु

## ३.३.८. जलबायु परिवर्तन चरम विपदका घटनासंग सम्बन्धित कार्यशाला गोष्ठी (२दिने) (BN १७७,१७८)

**पृष्ठभूमिपरिचय/**

नेपालमा जलवायु परिवर्तनका कारण चरम मौसम घटनाहरूको आवृत्ति र गम्भीरता क्रमशः बढदै गई रहेको छ। विगत वर्षहरूमा बाढी, पहिरो, खडेरी, असामयिक वर्षा जस्ता घटनाहरूले जनधनमा ठूलो क्षति पुऱ्याएका छन्। अतः वर्तमान अवस्थामा यस प्रकारका घटनाहरूले नेपालमा जलवायु जोखिम र चरम विपदका घटना )Extreme Events) को व्यवस्थापन र पूर्वतयारीको आवश्यकता झनै बढदै गई महशुश गरिएको छ। यस सन्दर्भमा चुरे उत्थानशील आयोजना अन्तर्गत २६ वटा नदी प्रणालीहरूमा पनि यस प्रकारका घटनाहरु सामना गरि रहेकोले सम्बन्धित सरोकारवालाहरु उक्त घटनाहरु अवस्था र सोको पूर्वतयारी तथा प्रतिकार्यका बारेमा आवश्यक जानकारी गराउनका लागि २ दिने सचेतना अभिवृद्धि कार्यशाला गोष्ठी प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- प्रादेशिक तथा स्थानीय आ-आफ्नो क्षेत्रको नदी प्रणालीसँग सम्बन्धित जोखिम विपद् पूर्वतयारी तथा , प्रतिकार्य का बारेमा जानकारी गराउने ।
- संवेदनशील परिस्थितिकिय प्रणाली पुनर्स्थापना योजना Critical Ecosystem Restoration Plan (CERP) बारेमा जानकारी प्रदान गर्ने ।
- प्रादेशिक तथा स्थानीय सरकारका कर्मचारीहरूका जलवायु मौसम विज्ञानका ,जलविज्ञान , तथ्यांकहरूको विश्लेषण, योजना तर्जुमा तथा कार्यान्वयनको क्षमता अभिवृद्धि गराउने ।

**कार्यान्वयन कार्यविधि**

- यस आयोजनाका नदी प्रणाली अन्तर्गत चुरे क्षेत्रमा पर्ने सबै पालिकाहरुको आयोजना अन्तर्गत FAO-TA का बिज्ञ तथा PPMUs का सहभागितामा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुले पहिचान र छनौट गर्ने ।
- चुरे उत्थानशील आयोजनाका कर्मचारीहरू (PMU, PPMU ,FAC-TA) कार्यशाला गोष्ठीको विषय सुची तयारी गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा पेश गरी सहयोग गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- सम्वन्धित पालिकाको विपद,वन, वातावरण शाखा तथा योजना शाखासंग समन्वय गरेर कार्यशाला गोष्टीका सहभागी छनोट गर्ने ।
- प्रत्येक नदी प्रणाली अन्तर्गतका सरकारी तथा गैर सरकारी संघ संस्था तथा समुदायमा आधारित संस्थाहरु/ समुह प्रतिनिधि २५-३० जना सहभागीका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरुले पत्रचार गर्ने।
- लागत इस्टीमेट तयार तथा स्वीकृत गरि कार्यक्रम संचालन गर्ने । (ई.ल)

**अपेक्षित उपलब्धी**

- सहभागीहरुलाई जलवायु परिवर्तनविपद् . जोखिम न्यूनीकरण, चरम विपद का घटनापूर्वतयारी , सम्बन्धि जानकारी हुनेछ र उनीहरूले यस सम्बन्धी अवधारणालाई आफ्नो क्षेत्रमा अवलम्बन गर्नेछन् ।

**जनशक्ति व्यवस्थापन**

- यस गोष्ठि संचालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु रहने छ र सो को सहजिकरण आयोजना अन्तर्गत FAO-TA का सम्बन्धित बिज्ञले गर्ने छ ।

**अनुगमन योजना**

- यस गोष्ठिको अवधिमा प्रदेश वन निर्देशनालय, आयोजनाका राष्ट्रिय आयोजना निर्देशक, FAO-TA का साथै PPMU र PMU बिज्ञहरुले गर्नु पर्ने छ ।

**जिम्मेवार निकाय**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरु

## ३.३.९. ANR कार्यक्रम संचालन/ कार्यान्वयन (BN: १०९-१११ & ११२-११४)

**पृष्ठभूमी/परिचय**

आयोजना क्षेत्रमा रहेका क्षतिग्रस्त वन क्षेत्रहरुलाई पुनरुत्थान गर्ने विविध तरिकाहरुमध्ये प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneration- ANR) एक प्रमुख कार्य हो । प्रदेश वन तथा वातावरण मन्त्रालय अन्तर्गतका डि.व.का.हरुले तोकिएको नदी प्रणालीमा संचालन हुने गरी यो कार्यक्रम प्रस्ताव गरिएको छ । यो कार्यक्रम कार्यन्वयन गर्दा सर्वप्रथम क्षतिग्रस्त वन क्षेत्रको अवलोकन गरि सो क्षेत्रको पुनरुत्पादन बढाउनका लागि के कस्ता क्रियाकलापहरु संचालन गर्न सकिन्छ? सो को सूची तयार गरि त्यस सूची अनुसार कुन कुन क्रियाकलापहरु संचालन गर्ने हो सो को निक्यौंल गरि प्रचलित

राष्ट्रिय आयोजना निर्देशक

ऐन कानुनको अधिनमा नर्मस बमोजिम लागत इष्टिमेट तयार र स्वीकृत गराई कार्यान्वयन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- क्षतिग्रस्त वन क्षेत्रहरुलाई ANR कार्यक्रम मार्फत प्राकृतिक पुनरुत्पादन गरी वनको पारिस्थितिकीय प्रणलीमा सुधार गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- डिभिजन वन कार्यालयहरुले आयोजनाले तयार गरेको Critical Ecosystem Restoration Plan (CERP) ले पहिचान गरेका वन क्षेत्र, तथा कार्यान्वयन गर्ने वन उपभोक्ता समूह/समुदाय पहिचान गरी सो को कार्यान्वयनका लागि सुची तयार गर्ने
- तयार गरिएको सुची बमोजिम प्राथमिकता निर्धारण गरि डिभिजन वन कार्यालयहरुले Forest Landscape Restoration/Assisted Natural Regeneration (FLR/ANR) TOT प्राप्त वन अधिकृतहरु प्राविधिक सहयोगमा ANR कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- वन समुहहरुमा संचालन गरिएको अन्तरक्रिय कार्यक्रमबाट प्राप्त सुझाव तथा वन क्षेत्रको अबस्था बमोजिम सम्बन्धित प्राविधिकले आवश्यकता अनुसार कम्तिमा दुई वा दुई भन्दा बढी क्रियाकलापहरु एकीकृत रुपमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।
- निम्न बमोजिमका एकीकृत कार्यक्रमहरु प्याकेजमै संचालन गर्ने गरि सर्वेक्षण, डिजाइन, तथा ल. इ. गरि उपभोक्ता समुहसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।
- अग्नि नियन्त्रणका लागि अग्नि रेखाहरु निर्माण/मर्मत सम्भार गर्ने ।
- वन क्षेत्रको वरिपरी आवश्यकता अनुसार तारबार गर्ने
- वन क्षेत्रका पुनर्स्थापना र वन स्वास्थ्यमा सहयोग पुग्ने कार्यहरु गर्ने ।
- मिचाहा प्रजाती तथा झाडी सरसफाई गर्ने ।
- क्षतिग्रस्त वन क्षेत्रमा वन प्रजातिका बिउ छरि वनको पुनर्स्थापना गर्ने (बिउ छर्नका लागि Drone को पनि प्रयोग गर्न सकिने छ।
- पुनरुत्पादन नआउनुको कारण माटोमा चिस्यानको कमि प्रमुख कारण भएमा त्यस्ता क्षेत्रहरुमा स-साना सतही पानी/भुमिगत जल पुनर्भरणमा योगदान पुर्याउने खालका संरचनाहरु (ट्रेन्च, पिट होल, कुवा आदि) निर्माण तथा संरक्षणका काम गर्ने ।
- खाली ठाउँहरुमा आबश्यकतानुसार enrichment plantation गर्ने ।
- वन संरक्षण/सुरक्षाको लागि आबश्यक प्रबन्ध गर्ने ।
- कम लागतका भू-संरक्षणका क्रियाकलाप (Brush wood check dam etc) तथा उपायहरु अबलम्बन गरि स-साना संरचनाहरुको निर्माण मार्फत वनको पुनर्स्थापना गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

साथै ANR कार्य सन्चालन गर्न/गराउन लाग्ने सबै केसिमका ज्यामी/मिस्त्री, निर्माण सामग्री लगायतका कार्यमा खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्रयाक्टर आदि जस्ता मेशिनको प्रयोग गरि soil work गर्नु पर्ने भएमा सो को भाडा/खर्च समेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ

**अपेक्षित उपलब्धी**

- क्षतिग्रस्त वन क्षेत्रको प्राकृतिक पुनरुत्पादन मार्फत वनको पारिस्थिकीय प्रणलीमा सुधार भएको हुनेछ ।
- क्षतिग्रस्त वन क्षेत्रहरुमा प्राकृतिक पुनरुत्पादन पुनर्स्थापना भै पर्यावरणीय सेवामा बृद्धि तथा समुदायमा आधारित वन उपभोक्ता समुहहरुको वन ब्यबस्थापनमा सक्रियता बढेको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

- प्रशिक्षक प्रशिक्षण क्रियाकलाप्मा संलग्न डि.व.का अन्तर्गतका वन कर्मचारीहरु ।
- PMU, FAO-TA का विज्ञहरु ।

**अनुगमन**

- प्रदेश वन निर्देशनालय, PMU, PPMUs र FAO-TA का विज्ञहरुबाट आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजनाको आधारमा अनुगमन कार्यक्रम संचालन गर्नेछ । डि.व.का. ले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

**जिम्मेवार निकाय**

- डि.व.का., वन उपभोक्ता समूह

## ३.३.१०. गत आ.ब.मा उत्पादित बहुबर्षीय बिरुवाको हेरचाह लागि नर्सरी नाईके (BN: ६६,७३, ७९ )

**पृष्ठभूमी/परिचय**

आयोजनाको क्रियाकलाप बमोजिम नर्सरी स्थापना गरे वन्जन्य बहुबर्षीय विरुवाहरु उत्पादन भइरहेको र उक्त विरुवाहरु एक बर्ष भन्दा बढी समय नर्सरीमा राखि हेरचाह गर्नुपर्ने आवश्यकता रहेकोले सोको लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- गुणस्तरीय र बहुबर्षीय परिपक्व विरुवाहरु उत्पादन गर्ने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

**कार्यान्वयन कार्यविधि**

- आयोजनाको सहयोगमा गत आर्थिक बर्षमा उत्पादन शुरु गरेर नर्सरीमा रहेका बहुवर्षीय विरुवाहरुको संख्या नर्सरी रजिस्टरवाट अभिलेखिकरण गरी प्रनाणित गर्ने ।
- निश्चित गरिएको संख्याको आधारमा नर्सरीमा रहेका आयोजनाको सहयोगमा गत आर्थिक बर्षमा उत्पादित बहुवर्षीय विरुवाहरुको रेखदेख तथा व्यवस्थापन गर्ने कामहरु (हेरालु राखे, ग्रेडिंग गर्ने, नर्सरी सामग्री, औषधी खरीद गर्ने आदि) का लागि जिल्ला दररेटमा व्यवस्था भए बमोजिम ल.ई. तयार गरी यस शिर्षकमा विनियोजित बजेट खर्च गर्ने ।

**अपेक्षित उपलब्धी**

- गुणस्तरीय वहुवर्षीय विरुवाहरु उत्पादन भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

- डि.व.का. र वन उपभोक्ता समूहहरु

**अनुगमन**

- प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डि.व.का. ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- PMU, FAO-TA, ले आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- परिच्छेद २.३ मा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजनाको आधारमा अनुगमन कार्यक्रम संचालन गर्नेछ । डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

**जिम्मेवार निकाय**

- डि.व.का, स.डि.व.का, उपभोक्ता समुहहरु

## ३.३.११ बिरुवा उत्पादन/वितरण (प्रति हजारमा) BN: ६४-६९ & ७०-८१)

**पृष्ठभूमी/परिचय**

स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन, वितरण तथा वृक्षारोपण गरी वन क्षेत्र बृद्धि मार्फत चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम आयोजनाको २६ वटा नदी प्रणालीहरुमा नर्सरी स्थापना गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन वन कार्यालय र स्थानीय वन उपभोक्ता समूहहरुको सहकार्य र समन्वयमा नयाँ नर्सरी स्थापना गर्ने तथा स्थापित नर्सरीहरुको स्तरोन्नति र मर्मत गर्दै स्थानीयको माग र आयोजनाले निर्दिष्ट गरेका प्रजातिका गुणस्तरीय विरुवाहरु उत्पादन गरि हरियाली प्रवर्धनमा टेवा पुर्याउन यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

उद्देश्य

- नर्सरीहरुमा स्थानीय समुदायको माग बमोजिमका पहिचान गरिएका गुणस्तरीय वहुवर्षिय विरुवाहरु उत्पादन गरि वितरण गर्ने।

कार्यान्वयन कार्यविधि

स्थापना भई संचालनमा रहेका नर्सरीहरुमा आवश्यकता पहिचान गरिएका गुणस्तरीय वहुवर्षिय विरुवाहरु कम्तिमा ४"* ७" (बहुबर्षीय बिरुवाको हकमा ५"*८" साइजमा प्राथमिकता दिनेगरी) तपसिलमा उल्लेख भए अनुरुप उत्पादन गरी CERP ले निर्देशित गरेका स्थानहरुमा वृक्षारोपण, पुनःरोपण तथा वितरण कार्य गरिनेछ।

तपसिलः

- एक बर्षे विरुवा (४"*७" साइजको पोलीव्यागमा उत्पादन गरिने): मसला, सिरिस, बकाइनो, इपिल-इपिल, कदम, खयर, खन्यु, खनारी, टाँकि, कोइरालो आदि जस्ता छिटो बढ्ने प्रजातिहरू।
- ब्हु बर्षे बिरुवा (५"*८" साइजको पोलीव्यागमा उत्पादन गरिने): टिकको कटिंग, जामुन, च्युरी, साल, अनार, अम्बा, तेजपात, अशोक,निम, हर्रो, बर्रो, अमला, चाँप, श्रीखण्ड, कर्मा, असना, बिउबाँस, कपुर, कल्की फुल, रुद्राक्ष, रक्तचन्दन, सतिसाल, निमारो, राजवृक्ष आदि ।
- सो भन्दा ठुलो साईजमा विरुवा उत्पादन गर्नुपर्ने भए स्वीकृत नर्म्स अनुसार लागत बमोजिम गर्ने

अपेक्षित उपलब्धी

- नर्सरीहरुमा गुणस्तरीय विरुवाहरु उत्पादन भई स्थानीय उपभोक्ताहरुलाई वितरण भएको हुनेछ।

जनशक्ति व्यवस्थापन

- डि.व.का., स. डि.व.का.

अनुगमन

- प्रदेश वन निर्देशनालय, डि.व.का. ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- PMU, FAO-TA, ले आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- परेच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्बन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजनाको आधारमा अनुगमन आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिवेदन पठाउनु पर्नेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय पुरै उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

**जिम्मेवार निकाय**

- सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु

## ३.३.१२. विगत वर्षमा सम्पन्न नर्सरीको मर्मत सुधार ( BN-४१-४६/ ६४-६९ & ७०-८१

**पृष्ठभूमी/परिचय**

स्थानीय समुदायको माग वमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन, वितरण तथा वृक्षारोपण गरी वन क्षेत्र बृद्धि मार्फत चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य अनुसार आयोजनाको २६ वटा नदी प्रणालीमा नर्सरी स्थापना/मर्मत/स्तरोन्नति गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालय र स्थानीय वन उपभोक्ता समूह तथा संघ सस्थाहरुको सहकार्य र समन्वयमा नर्सरी स्थापना गरि सचालन भएका स्थापित नर्सरीहरुको स्तरोन्नति र मर्मत गरि बिरुवा उत्पादन गर्नका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ।

**उद्देश्य**

- नर्सरी स्थापना तथा मर्मत/स्तरोन्नति गरी स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका विरुवाहरु उत्पादन गर्ने ।

**कार्यान्वयन कार्यविधि**

- स्थापना गरि संचालन भएका स्थापित नर्सरीहरुमा निरन्तर रुपमा विरुवा उत्पादन गर्नका लागि केही रुपमा नर्सरीको स्तरोन्नति र मर्मत गरि बिरुवा उत्पादन गर्ने नर्सरीको अभलेखिकरण गर्ने ।
- प्रत्येक नदी प्रणालीमा आवश्यकता अनुसार ५"*८" साइजको पोलिव्यागमा उत्पादन हुने क्षेत्रलाई आधारमानी न्युनतम २५,००० वा सो भन्दा माथि क्षमताका नर्सरीहरु स्थापना गरिनेछ । साथै संचालनमा रहेका नर्सरीहरु मौज्दात छन् भने मर्मत/स्तरोन्नति गरी विरुवा उत्पादन गरिनेछ।
- नर्सरी स्थापना गरिने क्षेत्रको पहिचान र सिफारिस सम्बन्धित डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, स्थानीय वडा कार्यालय र सामुदायिक वन/संस्थाहरुको समन्वयमा यस आयोजनाको कार्यक्षेत्र भित्र पर्ने गरे क्षेत्र छनौट गर्नु पर्नेछ ।
- क्षेत्र पहिचान भै सिफारिस भएका नर्सरीहरुको अन्तिम स्वीकृति डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुखले PIM मा उल्लेखित मापदण्डको आधारमा गर्नेछ।
- यसरी स्विकृति प्राप्त नर्सरीहरुको डिजाईन लेआउट, स्थापना प्रकृया, सञ्चालनमा संलग्न हुने संस्थासँगको सम्झौता र आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरुको विस्तृत लगत इष्टिमेट (ल.ई.) समेतको प्रतिवेदन भू तथा जलाधार व्यवस्थापन कार्यालयको सम्बन्धित बिषय हेर्ने प्राविधिकले तयार गर्नेछ।

राष्ट्रिय आयोजना निर्देशक

- स्वीकृत लगत इष्टिमेट (ल.ई.) र प्रतिवेदनको आधारमा नर्सरीका लागि आवश्यक सामाग्रीहरु खरिद समेतका लागि माथि उल्लेखित शिर्षकको रकम नियमानुसार प्रयोग गरिनेछ।
- यस्ता नर्सरीहरु आयोजना अवधी समाप्ति पश्चात समेत निरन्तर रुपमा सम्बन्धित समुह/संस्थाबाट सञ्चालन हुने छन।
- नर्सरी स्थापना तथा संचालन गर्दा नर्सरी रजिष्टर अनिवार्य रुपमा प्रयोगमा ल्याउनु पर्नेछ ।

**अपेक्षित उपलब्धी**

- बहुबर्षीय गुणस्तरीय वन बिरुवा उत्पादन क्षमताका नर्सरी स्थापना/मर्मत/स्तरोन्नति भएका हुनेछन्।

**जनशक्ति व्यवस्थापन**

सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु

**अनुगमन**

- प्रदेश वन निर्देशनालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयका साथै आयोजनाका PMU, FAO-TA का विज्ञहरुबाट ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्नेछ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजनाको आधारमा अनुगमन आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूची ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

**जिम्मेवार निकाय**

- डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन उपभोक्ता समुहहरु ।

## ३.३.१३ नमुना वृक्षारोपण तारवार सहित (विभिन्न प्रजाति) (BN: ९८-१०३

**पृष्ठभूमी/परिचय**

आयोजना अन्तर्गत वन क्षेत्रको विकास र विस्तारका लागि सम्बन्धित डिभिजन वन कार्यालयले नेपाल सरकारको स्वामित्व वा निजि स्वामित्व रहेको वन क्षेत्रमा बृक्षारोपण र ब्यवस्थापनका आधारभुत सिद्धान्त र अभ्यासलाई आधार मानी नमुना वृक्षारोपण क्षेत्र स्थापना गरिनेछ । यसरी स्थापना गरिएको बृक्षारोपण क्षेत्र वन कर्मचारी, वन उपभोक्ता समुह लगायत अन्य अध्ययन अनुसन्धानकर्ताहरुका लागि सिकाई स्थलको रुपमा स्थापना भएको हुनेछ ।नमुना वृक्षारोपणको माध्यमबाट चुरे क्षेत्रको संरक्षण सम्बर्धन गर्ने र स्थानीय समुदायका मागलाई समेत सम्बोधन गर्ने हेतुले बहुमुल्य तथा लोप हुन लागेका काठ प्रजातिका गुणस्तरीय (बहुबर्षीय) विरुवाहरु- टिक, सतिसाल, खयर, सिसौ, सिरिस, असना, कर्मा, खम्हारी, जामुन, कदम लगायतका मिश्रित प्रजातिहरुलाइ प्राथमिकता दिई रोपण गरिनेछ र रोपण तथा ब्यबस्थापन

राष्ट्रिय आयोजना निर्देशक

प्रक्रियालाई नमुना को रुपमा अगाडी बढाइने छ ।व्यक्तिको निजि जग्गाको हकमा कम्तिमा ०.५ हेक्टर क्लस्टर (एक जना वा धेरै जनाको) भएको क्षेत्रलाइ मात्र यस्तो नमुना वृक्षारोपण क्षेत्रको रुपमा स्थापना गराई बिकास गरिनेछ ।

## उद्देश्य

- वृक्षारोपण गरिएको क्षेत्रलाई एउटा ननुना वृक्षारोपणको रुपमा स्थापना गर्ने ।
- वृक्षारोपण र सोको व्यबस्थापन सम्बन्धि क्षमता तथा जनचेतना अभिवृद्धि गर्ने ।

## कार्यान्वयन कार्यविधि

- डिभिजन वन/स्थानीय सरकार/वडा/CBOs/निजि वन संजाल संगको समन्वय सहकार्यमा संरक्षणको प्रत्याभूति सुनिश्चित गरी रोपण गर्नका लागि नेपाल सरकारको स्वामित्व वा निजि स्वामित्वमा रहेका कम्तिमा ०.५ हेक्टर भित्रको विना विवादको जमिन (स्थान) पहिचान गरिनेछ।
- स्थान पहिचान गर्दा कम्तिमा ०.५ देखि बढीमा १०० हे. क्षेत्रफल सम्मको क्षेत्र पहिचान र नक्सांकन गरिनेछ ।
- नमुना वृक्षारोपणका लागि स्थान छनोट भैसकेपछि उक्त स्थानको तयारिका लागि सम्बन्धित डिभिजन वन कार्यालय, स्थानीय सरकार, समुदाय तथा निजि जग्गाधनिहरुसंग बसेर कार्ययोजना बनाइनेछ ।
- पहिचान भएको क्षेत्र र सो को वृक्षारोपण कार्ययोजना सम्बन्धित कार्यालय प्रमुखलाइ कार्यदिश प्राप्त प्राविधिकले बुझाउनुपर्नेछ । सम्बन्धित क्षेत्रका वन प्राबिधिकहरुलाई सहजीकरण, तालिम, प्रक्रिया प्रदर्शन लगायत् स्थान सरसफाई, खाडल खन्ने तथा मलजलको व्यबस्थापन साथै वृक्षारोपण पश्चात गरिने संरक्षण लगायतका कार्यक्रमहरुबारे स्पष्ट रुपमा तालिका बनाई समयमै कार्यान्वयन गरिसक्नुपर्ने कुरा उल्लेख गरिनेछ ।
- निजि जग्गा धनिहरुको हकमा नमुना वृक्षारोपण क्षेत्र स्थापना र विकास गर्न सहमत रहेको स्वीकारोक्ति सहितको विवरण सहित सम्झौता पत्र तयार गरि सम्झौता गरिनेछ ।
- डि.व.का.हरुले सम्बन्धित स्थानीय सरकार र समुदायसँग समन्वय गरि वृक्षारोपणको कार्य अगाडी बढाउनु पर्नेछ।
- प्रजाति अनुसारको निर्धारित दुरी तथा खाडलको साइज कायम गरी रोपण गरिनेछ ।
- निजि जग्गा धनिहरुले आवश्यकता अनुसार कृषि वन प्रणाली अवलम्वन गर्न सक्नेछन ।
- रोपण पश्चात वृक्षारोपण क्षेत्रको संरक्षण तथा हेरचाहको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै सरकारी जमिनको हकमा डि.व.का. ले कार्ययोजना बनाई लागत अनुमानमा समेत समावेश गरी व्यबस्था मिलाउनु पर्नेछ भने निजि जमिनको हकमा जग्गाधनी आफैले संरक्षण हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

राष्ट्रिय आयोजना निर्देशक

अपेक्षित उपलब्धी

- वृक्षारोपण गरिएको क्षेत्रलाई एउटा नमुना वृक्षारोपणको स्थापना भएको हुनेछ ।
- वृक्षारोपण र सोको व्यबस्थापन सम्बान्धि क्षमता तथा जनचेतना अभिवृद्धि भएको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- नमुना बृक्षारोपण र वृक्षारोपण पश्चात सो स्थानको र रोपण गरिएका बिरुवाहरुको व्यवस्थापनको लागि आवश्यक पर्ने जनशक्ति डि.व.का., सामुदायिक वन र स्थानीय उपभोक्तासमूहहरु तथा निजी जग्गा धनीहरु परिचालन गरिनेछ ।
- अनुगमन/ प्रतिबेदन योजना

अनुगमन/ प्रतिबेदन योजना

- प्रदेश वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डि.व.का. ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- PMU, FAO-TA, ले आवश्यकतानुसार कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्नेछ ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी वन उपभोक्ता समितिलाइ समेत जिम्मेवार अनुगमन योजनाका साथ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सन्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु

## ३.३.१४. सामुदायिक वृक्षारोपण/(सार्वजनिक वृक्षारोपण, तारवार सहित (BN:८३-८८)

पुष्ठभूमी/परिचय

आयोजनाको लक्ष्य बमोजिम चुरे क्षेत्रको पुनर्स्थापना मार्फत समुदायहरुको जलबायु उत्थानशीलता वृद्धि गर्न समुदायस्तरमा उपलब्ध भएका र वनको रुपमा स्थापना गर्न सकिने खाली भू भागहरुमा वृक्षारोपण गर्न आयोजनाले सहयोग गर्दछ । आयोजना अवधिभर २६ वटा नदी प्रणालीभित्र ५,००० हेक्टर वृक्षारोपण तथा सो को संरक्षण गर्ने कार्यक्रम रहे बमोजिम संकटासन्न परिबारहरुको सहभागितामा अन्य सरोकारवालाहरुको संलग्नतामा वृक्षारोपण कार्यक्रम सन्चालन गरिनेछ । वृक्षारोपण कार्यक्रम मार्फत कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान दिने लक्ष्य आयोजनाले राखेको छ।

राष्ट्रिय आयोजना निर्देशक

## उद्देश्य

- चुरे क्षेत्रको पुनर्स्थापनाका लागि सामुदायिक वा सार्वजनिक जग्गाहरुमा उपयुक्त प्रजातिका विरुवाहरु रोपण मार्फत वनको रुपमा विकास र बिस्तार गरि कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने ।

## कार्यान्वयन कार्यविधि

- चुरे क्षेत्रमा पाइने स्थानीय/रैथाने प्रजातिहरूलाई पुनर्स्थापित गरी चुरे क्षेत्रको संरक्षण गर्न स्थानीय समुदायका मागलाई सम्बोधन गर्ने गरी बहूउद्देशीय मिश्रित प्रजातिहरुका बहुवर्षीय विरुवाहरु रोपण गरिनेछ । यो कार्य सम्बन्धित वन समुह मार्फत तत्सिलमा उल्लेख भए बमोजिम गरिनेछ
- स्थानीय तह/वडा/स्थानीय CBOs संगको समन्वय र सहकार्यमा संरक्षणको प्रत्याभूति सुनिश्चित हुने गरी CERP लाई आधार मानी रोपण स्थलको पहिचान गर्नु पर्नेछ ।
- वृक्षारोपण पश्चात हेरविचार र बिरुवा हुर्काउने कार्यलाइ कसरी प्रभावकारी बनाउन सकिन्छ सो पनि समुदायहरुसंग छलफल गरि उनीहरुको भूमिका सुनिश्चित गर्नु पर्नेछ ।
- कार्यान्वयनमा सहजता ल्याउनका लागि यस्त स्थानहरु कम्तिमा पनि ०.५ हे. भएको हुनुपर्नेछ।
- कार्यादेश प्राप्त वन प्राबिधिकले पहिचान गरीएको क्षेत्रको नक्सांकन गरी क्षेत्रफल एकिन गर्नेछन।
- वृक्षारोपणका लागि स्थान छनोट भैस्के पछी उक्त स्थानको तयारिका लागि समुदायसंग बसेर कार्य योजना बनाइनेछ जसमा स्थान. सरसफाई, खाडल खन्ने तथा मल जलको ब्यबस्था स्पष्ट रुपमा कार्य तालिका बनाइ कार्यान्वयन गरिसक्नुपर्ने कुरा उल्लेख गरिनेछ ।
- वृक्षारोपणका लागि हावापानी सुहाउदो र माग भएको प्रजातिको विरुवाहरुको उपलब्धता कुन नर्सरीमा कति परिमाणमा उपलब्ध हुन् स्क्छन् सो को एकिन गर्नु पर्नेछ ।
- बृक्षारोपण पश्चात संरक्षण र रेखदेखको निन्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै उचित घेरावेरा, हेरालु लगायतको व्यबस्था मिलाउनु पर्नेछ

## अपेक्षित उपलब्धी

- खालि रहेका भू-भागहरुमा बृक्षारोपण भई हरियालीमा वृद्धि तथा पारिस्थितिकीय प्रणाली पुनर्स्थापनाका साथसाथै वन पैदावारको उपयोग र बिक्री वितरणवाट समुदायको जीविकोपार्जनमा योगदान पुगेको हुनेछ
- कार्वन उत्सर्जन न्युनिकरणमा योगदान पुगेको हुनेछ ।

## जनशक्ति व्यवस्थापन

- डि.व.का मा उपलब्ध कर्मचारीहरु तथा सामुदायिक तथा साझेदारी वन संजाल र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति प्रत्याभूतिशील आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुगमन

- प्रदेश वन निर्देशनालय र डि.व.का./भू तथा जलाधार व्यवस्थापन कार्यालय र आयोजना अन्तर्गत PMU, FAO-TA विज्ञहरु बाट अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी डि.व.का, भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु

## ३.३.१५. खोल्सी तथा तटीय वृक्षारोपण (बाँस,अम्रिसो आदि) बिभिन्न स्थानमा (BN:९८-१००

पृष्ठभूमी/परिचय

आयोजनाको लक्ष्य बमोजिम चुरे क्षेत्र पुनर्स्थापना मार्फत समुदायहरुको जलवायु उत्थानशीलता बृद्धि गर्न खोल्सी तथा तटीय क्षेत्रमा उपलब्ध भएका उकास तथा खाली भू-भागहरुमा वृक्षारोपण गर्ने कार्यक्रम अनुसार स्थानीय जातको बाँस तथा अम्रिसो आदी प्रजाति वृक्षारोपण गर्ने क्रियाकलाप प्रस्ताव गरिएको छ ।

उद्देश्य

- चुरे क्षेत्रको पुनर्स्थापना गर्नका लागि नदी उकास क्षेत्र, क्षतिग्रस्त खोल्सीहरुमा वृक्षारोपण मार्फत वनको पुनर्स्थापनका साथै उपभोक्ताहरुलाई आय आर्जन बृद्धिमा टेवा पुर्याउने।
- खालि जग्गाहरुमा वनजन्य बिरुवा प्रबर्धन मार्फत कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने ।

कार्यान्वयन कार्यविधि

यसको लागि तपसिलमा उल्लेख भए बमोजिम गर्न सकिनेछः

- खोलाको किनार/बफर स्ट्रिप/ग्रीन बेल्ट/सेल्टरबेल्टमा रुपान्तरण गर्न सकिने स्थलको पहिचान तथा नक्सांकन गरी क्षेत्रफल एकिन गर्ने ।यो कार्यका लागि भू संरक्षण प्राबिधिकहरुले वन उपभोक्ता समूह तथा अन्य समुह , स्थानीय सरकार (मुख्यतः वडा कार्यालय), सम्बन्धित भू तथा जलाधार कार्यालयको सहकार्यमा वन कार्य योजना तथा CERP लाइ आधार मान्दै सम्भावित स्थान पहिचान गर्नेछन् ।
- यस क्रममा प्राबिधिकहरूले वृक्षारोपण पश्चातको हेरविचार र बिरुवा हुर्काउने कार्यलाइ कसरि प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा पनि सरोकारवाला समुदायहरुसंग छलफल गरि उनीहरुको भूमिका र संवेदनशीलतालाइ सुनिस्चित गर्नु पर्नेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

- यस्तो स्थान एकिन गर्दा एउटा किनाराको मात्र क्षेत्रलाइ लिनुभन्दा सकेसम्म खोल्सीको वारिपारी दुवै किनारामा त्यस्तो क्षेत्र छ भने समेट्ने गरि छनोट गर्नु पर्दछ
- Block plantation को लागि उपयुक्त स्थान नभेटिएको खण्डमा उपयुक्त फरकफरक क्षेत्रमा रोपण गरी बिरुवा संख्या/दुरीको आधारमा क्षेत्रफल एकिन गर्न सकिनेछ ।
- बाँस रोपणको लागि दुई बर्षे बाँसको कटिंग/बाँसको राइजोन (२ बर्षे)/विउबाट उमारिएको बाँसको हकमा कम्तिमा ३ बर्षको बिरुवा रोपण गरिनेछ ।
- खोला किनार/चुरे क्षेत्रमा बाँस रोपण गर्दा ७५ से.मि.* ७५ से.मि.* ७५ से.मि. साईजको खाडल खनेर मलको व्यबस्था सहित रोपण गर्नु पर्नेछ ।
- बाँस रोपण तथा वृक्षारोपणका लागि स्थान छनोट भैसकेपछि उक्त स्थानको तयारिका लागि स्थानीय सरकार तथा समुदायसंग बसेर कार्य योजना बनाइनेछ जसमा स्थान, सरसफाई, खाडल खन्ने तथा मल जलको व्यबस्था चैत्र महिना सम्ममा स्पष्ट रुपमा गरिसक्नुपर्ने कुरा उल्लेख गरिनेछ । पहिचान भएको क्षेत्र र सो को वृक्षारोपण कार्ययोजना सम्बन्धित कार्यालय प्रमुखलाइ पेश गर्नुपर्नेछ ।
- अम्रिसोको राइजोम (३ बटा टुसा सहितको सेट) को व्यबस्था (यथाशक्य स्थानीय स्तरबाट नै) गरी प्वाकल २० से.मि.* २० से.मि.* २० से.मि साइजको खनेर ८० से.मि.* ८० से.मि. को दुरीमा समोच्च रेखा (contour line) रोपण गरिनेछ ।
- रोपण पश्चात संरक्षण र रेखदेखको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै आबश्यक घेराबेरा, हेरालु लगायत व्यबस्था मिलाउनु पर्नेछ ।
- गत आ. ब. हरुमा सम्पन्न गरिएका वृक्षारोपण कार्यको दिगोपनाका लागि पुनरोपण, हेरचाह, रेखदेख लगायत आबश्यक अन्य कार्यहरु पनि यस बजेट शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ।
- अपेक्षित उपलब्धी
- आयोजना क्षेत्रका खोल्सा खोल्सीहरुको पुनर्स्थापना एंव संरक्षण भै स्थानीय उपभोक्ताहरुको आयआर्जनमा थप वृद्धि भएको हुनेछ ।
- कार्वन उत्सर्जन न्युनिकरणमा योगदान पुगेको हुनेछ ।

<u>जनशक्ति व्यवस्थापन</u>

- PMU, FAO-TA, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

<u>अनुगमन</u>

- प्रदेश वन निर्देशनालय र डि.व.का.का साथै आयोजनाअन्तर्गत PMU, FAO-TA विज्ञहरुले आबश्यकतानुसार अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरि प्रतिबेदन पठाउनु ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरवार, काठमाडौं

जिम्मेवार निकाय

- भू तथा जलाधार व्यवस्थापन कार्यालय, उपभोक्ता समुहहरु

## ३.३.१६. बाँसको कलमी विरुवा उत्पादन/वितरण (BN: ६४-६९ & ७०-८१) हजारमा

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको सम्बेदनशिलतालाई ध्यानना राखी त्यहाँको वन पारिस्थितिकय प्रणाली र समुदायको आयआर्जनमा सुधार ल्याउनका लागि आयोजनाले बाँसको प्रवर्धनलाइ प्राथनिकताका साथ अगाडी बढाउन खोजेको छ । यसका लागी गुणस्तरीय बाँसका कलमी विरुवा उत्पादन तथा खरिद गरि नदि प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्नकालागी यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

उद्देश्य

- गुणस्तरीय बाँसका कलमी विरुवा उत्पादन तथा खरिद गरि नदि प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्ने
- खालि रहेका भूमिमा बास प्रबर्धन मार्फत वायुमण्डलिय कार्बन अबशोषणमा सहयोग गर्ने र नदि तटीय क्षेत्रको अनुकुलन क्षम्ता वृद्धि गर्ने ।

कार्यान्वयन कार्यविधि

- प्रदेशगत रुपमा बाँस रोपनको लागि राखिएको समग्र लक्ष्य (आगामी आब मा समेत) तथा यस आ. ब. मा कलमी बिरुवा उत्पादन गर्न राखिएको लक्ष्य र गत आ. ब. मा उत्पादन गरिएको भए सो को अवस्था/ उपलब्धता आदिबारे ब्यवस्थापन इकाईस्तरमा छलफल गर्ने र सम्भाब्य क्षेत्र तथा माग र श्रोतको उपलब्धतालाई बिचार गरि उत्पादन गर्न आबश्यक संख्या एकिन गर्ने ।
- सोहि बमोजिम प्राबिधिक टोलिले बाँस रोपणका लागि उपयुक्त स्थानको सम्भाव्यता अध्ययन गरि प्रतिबेदन पेश गर्ने र कार्यालय प्रमुखले कार्यादेश दिएको बन प्राबिधिकले स्थान छनोट र आबश्यक तयारि गर्ने ।
- बँसको कलमी बिरुवा उत्पादन गर्न पायक पर्ने स्थानमा सार्वजनिक/निजि जग्गा बार्षिक रुपमा भाडामा लिई कम खार्चेलो तरिकाले घेरा बेरा गरी हेरालुको प्रबन्ध समेत मिलाई उत्पादन गर्न सकिनेछ ।
- कटिंग तयारीको एउटा बाँसको घनाबाट कम्तिमा १० बटा कटिंग तयार हुने गरी १ बर्ष पुरानो बँसको छनौट गर्नु पर्नेछ ।
- कटिंग बिरुवालाई कम्तिमा २ बर्ष नर्सरीमा राखी मात्र रोपण गरिनेछ यसरी थप अर्को बर्ष नर्सरीमा उक्त कटिंग बिरुवाको हेरचाह तथा संरक्षणको निम्ति आबश्यक खर्च (ल.ई./जिल्ला दररेट अनुसार) को व्यबस्था समेत गरिनेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

- बाँसको कलमी बिरुवा उत्पादन कार्य सम्भव नदेखिएमा नजिकको अनुभवी निजि नर्सरी धनीसंग समेत सम्झौता गरी अग्रिम पेश्की रकम (अधिकतम ६०%) उपलब्ध गराई २ बर्षे कटिंग विरुवा उत्पादन गर्न सकिनेछ ।
- सो पनि सम्भव नदेखिएमा निजि वन नर्सरी संग २ बर्षे बाँसको कटिंग बिरुवा खरिद गरी वितरण गरिनेछ २ बर्षे कटिंग विरुवा खरिद गर्दा जिल्ला दररेट को आधारमा खरिद गरिनेछ यसरी २ बर्षे कटिंग विरुवा खरिद गर्दा स्वीकृत कार्यक्रममा तोकिएको संख्या भन्दा कम भएपनि फरक पर्ने छैन ।
- बाँसको कलमी बिरुवा उत्पादन भएका बहुबर्षिया बिरुवा आयोजना अन्तर्गत नदी प्रणाली (मेची, बिरिंग, कन्काई, रतुवा, बक्राहा, लोहन्द्रा र बुढीमा रोपण गरिनेछ ।

**अपेक्षित उपलब्धी**

- गुणस्तरीय कलमी बाँसका विरुवा उत्पादन तथा खरिद भई नदि प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण भएको हुने ।
- खालि रहेका भूमिमा बाँस प्रबर्धन मार्फत नदि तटीय क्षेत्रको अनुकुलन क्षमता वृद्धि भएको हुने र वायुमण्डलिय कार्बन अबशोषणमा सहयोग पुगेको हुने ।

**जनशक्ति व्यवस्थापन**

- जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन ईकाई, विराटनगर र PPMUs, PMU, FAO-TA, डि.व.का., भू तथा जलाधार व्यवस्थापन कार्यालय, वन उपभोक्ता समुहहरु ।

**अनुगमन**

- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

**जिम्मेवार निकाय**

- सम्वन्धित जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन ईकाई, विराटनगर, भू तथा जलाधार व्यवस्थापन कार्यालय, डि.व.का., उपभोक्ता समुहहरु

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
हरित उत्थानशील आयोजना
आयोजना व्यवस्थापन ईकाई
बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ३.३.१७. वृक्षारोपण क्षेत्रमा पुनरोपण, हेरालु, गोडमेल/संरक्षण (निरन्तरता) (BN:८३-९७ /९८-१०३)

**पृष्ठभूमी/परिचय**

आयोजनाको कार्यक्षेत्र अन्तर्गत चुरे क्षेत्रमा रहेको वनको आसपास रहेको खाली जमिन, नदी उकास क्षेत्र र सावर्जनिक जग्गाहरुमा स्थानिय समुदायहरुको प्रत्यक्ष सहभागिमा वृक्षारोपण मार्फत चुरे क्षेत्रमा वनको पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ । उक्त बृक्षारोपण क्षेत्र कार्यक्रमहरुमा बृक्षारोपण गरिएका विरुवाहरु छिटो छरितो रुपमा बृद्धि गराउनका लागि नियमित रुपमा विरुवा मरेका स्थानमा पुन रोपण गर्ने, गोडमेल गर्नुका साथै बृक्षारोपण क्षेत्रको संरक्षण र सम्बर्द्धनका लागि वन हेरालुको ब्यवस्थापन गरि बृक्षारोपण क्षेत्रको संरक्षण गर्ने प्रस्ताव गरिएको छ ।

**उद्देश्य**

- सामुदायिक वा सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरिएका विरुवाहरु समयमा नै पुनरोपण, गोडमेलका साथै वन हेरालुको ब्यवस्थापन गरी छिटो छरितो रुपमा विरुवा हुर्काई चुरे क्षेत्रमा वन क्षेत्रको पुनर्स्थापना गराई कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने ।

**कार्यान्वयन कार्यविधि**

- गत आ.व.मा बृक्षारोपण गरिएका स्थानिय वन समुह र सो क्षेत्रमा मरेका विरुवाहरुको सर्भेक्षण गरि एकिन गरी अभिलेख तयार गर्ने
- पुनरोपण गर्दा स्थानियस्तरमा पाइने स्थानीय/रैथाने प्रजातिहरूलाई प्रथामिकता दिनु पर्ने छ ।
- बृक्षारोपण गरिएको क्षेत्रमा नियमित रुपमा स्थानिय बन समुहको पहलमा गोडमेल कार्य आवश्यकता अनुसार संचालन गर्ने ।
- बृक्षारोपण क्षेत्रको नियमित रुपमा रेखदेखका साथ संरक्षण र सन्बर्द्धनमा समेत सहयोग गर्नका लागि स्थानिय वन समुहले स्थानिय वन उपभोक्ता समुहका सदस्यहरु मध्येबाट वन संरक्षणमा सामान्य ज्ञानका साथै शारिरीक रुपमा स्वास्थ्या रहेको वनहेरालु छनौट गर्नु पर्ने छ ।
- बृक्षारोपण पश्चात संरक्षण र रेखदेखको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै उचित घेरावेरा, हेरालुको नियमित रुपमा अनुगमन लगायतको व्यवस्था मिलाउनु पर्नेछ ।

**अपेक्षित उपलब्धी**

- बृक्षारोपण गरिएका विरुवाहरुको छिटो छरितो रुपमा बृद्धिका लागि समयमा नै पुनरोपण, गोडमेलका साथै वन हेरालुको ब्यवस्थापन गरी चुरे क्षेत्रमा वन क्षेत्रको पुनर्स्थापना गराई कार्वन उत्सर्जन न्युनिकरणमा योगदान पुगेको हुनेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

जनशक्ति व्यवस्थापन

- स्थानीय वन उपभोक्ता समूहहरु, सोको सन्जालका साथै डि.व.का को सहयोगमा आवश्यक जनशक्तिको ब्यवस्थापन गर्नेछ ।

अनुगमन

- प्रदेश वन निर्देशनालय र डि.व.का./भू तथा जलाधार व्यवस्थापन कार्यालयका साथै आयोजना अन्तर्गत PMU, FAO-TA विज्ञहरुले अनुगम्न बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी डि.व.का, भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्रदेश बन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु ।

## ३.३.१८ कृषी वन नर्सरीमा बिरुवा उत्पादन (१० हजार बिरुवा प्रति नर्सरी लागि फलफुल, डालेघास आदी) (BN:२३)

पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य अनुसार दीगो प्राकृतिक स्रोत व्यवस्थापन गर्न कृषक स्तरमा १२० वटा साना कृषि वन नर्सरी स्थापना गर्ने र उत्पादित डालेघाँसका बिरुवाहरु कृषकको खेतबारी परिसरमा नै खेति गर्न लगाई डालेघाँस उत्पादन गरी पशु आहारमा आत्मनिर्भर वन्दै वन क्षेत्रमा पर्ने दवाव कम गर्न कृषिवन नर्सरी स्थापना गरी स्थानीय वातावरण सुहाउँदो कृषिवन का लागि उपयुक्त विरुवाका प्रजातिहरू पहिचान गरि उत्पादन गर्नका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- कृषि वन नर्सरीहरुको स्थापना मार्फत प्रत्येक नदी प्रणाली अन्तर्गत स्थानीय कृषकहरुको माग अनुसार बिभिन्न डालेघाँसक बिरुवा उत्पादन गरी निशुल्क बितरण गर्ने ।
- कृषकहरुलाई आबश्यक पर्ने डालेघाँस कृष्कले आफ्नै जमीनमा उत्पादन गरी चुरे क्षेत्रमा पर्ने दवावलाई न्यूनिकरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- नदी प्रणाली अन्तर्गत संचालित प्राकृतिक स्रोत व्यवस्थापन पाठशाला (NRMFS) मार्फत साना कृषिवन नर्सरी संन्चालन गर्नु पर्नेछ ।
- नर्सरी सन्चालन गराउनु पुर्ब प्राकृतिक स्रोत व्यवस्थापन पाठशालाका सहभागीहरुलाई साना कृषि वन नर्सरी सन्चालन तथा व्यवस्थापन बारेमा अभिमुखिकरण गराउनु पर्नेछ ।

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय राष्ट्रपति चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन ईकाई बबरमहल काठमाडौं

- प्राकृतिक स्रोत व्यवस्थापन पाठशालाबाट छनौट भएका कृषकहरुलाई आयोजनाले तयार पारेको पाठ्यक्रम अनुसार ५ दिने साना कृषिवन नर्सरी व्यवस्थापन तालिम सन्चालन गरिसकेपछि मात्र कृषिवन नर्सरी व्यवस्थापन तालिम लिएका कृषकलाई संझौता गरि कृषि वन नर्सरी संन्चालन तथा व्यवस्थापनको जिम्मा दिनु पर्नेछ ।
- नर्सरी सन्चालकलाई उत्पादन हुने विरुवाको विवरण तथा वितरणको कार्य योजना तयार पारी कार्यलयमा पेस गर्न लगाउनु पर्दछ ।
- नर्सरी सन्चालकले स्थानिय कृषकहरुको माग अनुसार स्थानिय हावापानीमा उपयुक्त हुनेखालका पोषिला र बढी उत्पादन दिने खालका विभिन्न प्रजातीका १०,००० डालेघासका विरुवा उत्पादन गर्नु पर्नेछ ।
- साना कृषिवन नर्सरी सन्चालनका लागि नियमानुसार पेश्की रकम उपलब्ध गराउनु पर्नेछ ।
- साना कृषिवन नर्सरीमा उत्पादित विरुवाहरु स्थानिय कृषकहरुको माग अनुसार निशुल्क वितरण गर्नु पर्नेछ र सो को विवरण सम्बन्धित प्रदेश आयोजना व्यवस्थापन इकाईमा पठाउनु पर्नेछ ।
- भू तथा जलाधार कार्यालयहरुले आयोजनाको कार्यक्षेत्र रहेको नदी प्रणालीहरुमा स्थानीय कृषकहरुको मागलाई ध्यानमा राखी कृषि वनका लागि उपयुक्त हुने खालका डालेघाँस प्रजातिका विरुवाहरु उत्पादनका लागि नर्सरी स्थापना तथा संचालन गर्न लागत अनुमान तयार गरी स्वीकृत गराउने ।
- कृषिवन नर्सरीमा उत्पादन गरिएका डालेघाँसका विरुवाहरु उत्पादन स्थल देखि ढुवानी गरि टाढा लैजानु परेमा प्रदेश आयोजन व्यवस्थापन इकाईबाट स्थानिय दरभाउ अनुसार संबन्धित स्थान सम्म ढुवानीको व्यवस्था गरि दिनुपर्नेछ

**अपेक्षित उपलब्धी**

- कृषिवन बिकासका लागी बिभिन्न प्रजातीका डालेघाँसका बिरुवाहरु उत्पादन भई स्थानीय कृषकहरुलाई उपलब्ध हुनेछ ।
- घाँस उपलब्धता भै पशुस्वास्थ्यमा गुणस्तरीय सुधार तथा उत्पादकत्वमा बृद्धि भएको हुनेछ।
- डालेघाँस उत्पादन भै भुई घाँस संकलनका लागि चुरे क्षेत्रमा पर्ने दवावको न्युनिकरण हुनेछ ।
- चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण भई कार्बन संचिति क्षमतामा मा बृद्धि हुने ।

**जनशक्ति व्यवस्थापन**

भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्राविधिक, उपभोक्ता समुहहरु

राष्ट्रिय आयोजना निर्देशक

अनुगमन

- प्रदेश वन निर्देशनालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय र आयोजना अन्तर्गत PMU, FAO-TA, विज्ञहरुले अनुगमन बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- परिच्छेद २.३ कार्यक्रम अनुगमनमा उल्लेखित अनुगमन प्रकृयाहरुलाई अवलम्वन गरी भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्रदेश वन निर्देशनालय मार्फत PMU मा अनुसूचीः ३ बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन बमोजिम फारम भरी प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकायदीगो

भू तथा जलाधार व्यवस्थापन कार्यालय, सम्वन्धित डि.व.का., उपभोक्ता समुहहरु

-

## ३.३.१९. सामुदायिक बन कार्ययोजना कार्यान्वयन (९ नमुना वन कार्य योजना सहित) (सम्बन्धित वन समुहमार्फत) (BN:५०-५२ )

पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाको उद्देश्य अनुरुप समुदायमा आधारित वन समुहहरूको कार्ययोजनामा उल्लेखित कार्यक्रमहरु खासगरी समूह ब्यबस्थापन, दिगो वन व्यवस्थापन, जैविक विविधता संरक्षण, वन व्यवस्थापन कार्ययोजना अनुरुपका वन पैदावार सदुपयोग र वन उद्यम (पर्यापर्यटन बाहेक) सम्बन्धित तपशिल बमोजिमका विभिन्न क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्नको लागि सहयोग उपलब्ध गराउन यो कार्यक्रम प्रस्ताव गरिएको छ

उद्देश्य

- वन समुहहरुको कार्ययोजनाना उल्लेखित समूह ब्यबस्थापन, वन व्यवस्थापन, जिविकोपार्जनमा टेवा पुर्याउने क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्न वन उपभोक्ता समूहहरुलाई सहयोग उपलब्ध गराउनु ।

संचालन गरिने क्रियाकलापहरुः

सामुदायिक वन उपभोक्त समुहहरुको कार्ययोजनमा उल्लेखित कार्यक्रमहरुका साथै जलवायु उत्थानसील कार्यक्रमहरुलाई मध्येनजर गरी देहायका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

- बन उपभोक्ता समिति मार्फत समुह परिचालन तथा सशक्तिकरणका कार्यहरु गर्ने
- जलवायु उत्थानशील दिगो वन ब्यवस्थापन कार्यक्रमलाई सनेत सनावेश गरि कार्यान्वयन गर्ने ।
- आगलागी नियन्त्रणका लागि आवश्यक कार्यहरु गर्ने जस्तैः अग्नि रेखा निर्माण
- चरिचरण व्यावस्थापन
- बन क्षेत्र मार्फत समुदायको आम्दानि अभिवृद्धि तथा जीविकोपार्जनमा सहयोग पुग्ने क्रियाकलापहरू

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- बन सम्बर्धन (सिल्विकल्चरल ओपरेशन) का कार्यक्रमहरु
- वन संरक्षण व्यवस्थाहरु गर्ने (चुरेको संबेदनशील क्षेत्रहरु वरिपरी आबश्यकता अनुसार तारवार गर्ने (तारपाले सहित)
- क्षतिग्रस्त बन क्षेत्रमा वन प्रजातिहरुका बिउ छरि वनको पुनर्स्थापना गर्ने (Drone प्रयोग गर्न सकिनेछ)
- वन पुनरुत्पादनका लागि Cultural and Tending operation गर्ने
- भू-संरक्षणका बिभिन्न उपायहरु तथा स-साना संरचनाहरुको निर्माण गरि वनको पुनर्स्थापना गर्ने
- लगायत अन्य यस्तै बन क्षेत्रका पुनर्स्थापना र वनको हैसियत अभिबृधि गर्ने कार्यहरु

**<u>सहयोग नगरिने क्रियाकलापहरु:</u>**

- कार्ययोजनामा उल्लेख भए पनि बन क्षेत्रभित्र पर्यापर्यटनका नाममा कंक्रिट संरचना निर्माण गर्न
- रुख कटान, मुछान तथा घाटगद्दी लाइ गरिने नगद सहयोग
- बनको पारिस्थितिकिय प्रणालोलाइ सुधार गर्ने भन्दा त्यसलाई नकारात्मक असर गर्न सक्ने कुनै पनि क्रियाकलापहरु
- प्र्यापिर्यतान्संग सम्बन्धित कार्यक्रमहरु संचालन

**<u>कार्यान्वयन कार्यविधि</u>**

- डि.व.का. संगको समन्वयमा यस आयोजनाको कार्यक्षेत्र भित्र रहेका स्वीकृत कार्ययोजनाको अवधि समाप्त वा बहाल रहेका बन उपभोक्ता समुहहरुको सूची तयार गर्ने ।
- कार्ययोजना कार्यान्वयन सामुदायिक वनहरुको स्थानीय श्रोत व्यक्ति, बन प्राबिधिक, बन उपभोक्ताका स्थानीय महासंघ नेतृत्व तथा सामुदायिक बन उपभोक्ता सामितिको सहकार्यमा पहिलो त्रैमासिक महिना भित्र तयार पार्नु पर्नेछ ।
- डि.व.का. र समूहसंग छलफल गरी बनको प्रकृति, आयोजनाको लक्ष्य तथा उद्धेश्य र समुहको चाहना बमोजिम कुन क्रियाकलाप संचालन गर्नु उपयुक्त हुन्छ सहजकर्ता तथा बन बिज्ञ/अधिकृतहरुले छलफल तथा सहजीकरण गरी क्रियाकलापहरुको निश्चित गर्ने ।
- यसरि गरिएको तयारीमा कुन सा ब को कुन ब्लकमा के के कार्यहरु गर्ने हो सो को विवरण, आयोजनाबाट गरिनुपर्ने समुदायसंगको अन्तरक्रिया, आबश्यक ESS /FPIC को कागजातहरु तयार गरी समुदायको दिगोपनको लागि समुदायको प्रतिबद्दता (बैठक निर्णय) समेत कायम गरी कार्यान्वयनका लागि तयार राख्नु पर्दछ ।
- यस पश्चात कार्यादेश प्राप्त बन प्राविधिकले लागत अनुमान तयार र स्वीकृत गरि उपभोक्ता समूहहरु मार्फत कार्यान्वयनमा लैजानु पर्ने छ
- निश्चित गरिएका कार्यहरु संचालन गर्न गराउन लाग्ने सबै किसिमका ज्यामी/ मिस्त्री, निर्माण सामग्री लगायतका खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्र्याक्टर जस्ता मेशिनको

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

राष्ट्रिय आयोजना निर्देशक

प्रयोग गर्नै पर्ने भएमा सो को भाडा/खर्च समेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ

**अपेक्षित उपलब्धी**

- स्वीकृत कार्ययोजनामा समावेश भए बमोजिमका क्रियाकलापहरु कार्यान्वयन भई वन तथा वन क्षेत्रको पारिस्थितिकिय प्रणाली को राम्रो व्यवस्थापन भएको हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

- PPMUs, डि.व.का., वन उपभोक्ता समुहहरु ।

**अनुगमन**

- यसका लागि सम्बन्धित प्रदेश वन निर्देशनालय, डि.व.का.र आयोजनाका प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU)/PMU र FAO-TA मार्फत संयोजन गरि संयुक्त अनुगमनको व्यबस्था समेत मिलाइनेछ ।

**जिम्मेवार निकाय**

- सम्बन्धित डि.व.का., उपभोक्ता समुह ।

## ३.३.२०. साझेदारी वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन (बायोमास बृद्धि केन्दित) (सम्बन्धित वन समूहसँग) (BN:५०-५२ )

**पृष्ठभूमी/परिचय**

आयोजनाको कार्यक्षेत्र भित्रमा वन विनाश र वन क्षयीकरणलाइ कमि गर्दै वन क्षेत्रमा बायोमास बृद्धिलाई केन्दित भई जलवायु उत्थानशील दिगो वन ब्यबस्थापन गर्नका लागि आयोजना क्षेत्रका साझेदारी वन उपभोक्ता समूहका कार्य योजनाहरु तयारी तथा परिमार्जन गर्नका लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ । नेपाल सरकार, कृषि, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र सम्बन्धित प्रदेश स्थित वन तथा वातावरण सम्बन्धी मन्त्रालय, प्रदेश वन निर्देशनालयको नीति/निर्देशन, प्रचलित ऐन कानूनको अधिनमा रही सम्बन्धित डिभिजन वन कार्यालयहरुले Project Implementation Manual (PIM) को प्रावधान अनुसार वन कार्ययोजना तयारी/परिमार्जन गर्दा वनको क्षेत्रफल र घनत्वमा आधारित भै यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गरिने छ ।

**उद्देश्य**

- साझेदारी वन उपभोक्ता समूहका कार्ययोजनाहरुमा उल्लेखित कार्यक्रमहरु खासगरी बायोमास बृद्धिलाई केन्दित गरी जलबायु उत्थानशील दिगो वन व्यवस्थापन गर्ने ।

राष्ट्रिय आयोजना निर्देशक

कार्यान्वयन कार्यविधि

- डि.व.का. संगको समन्वयमा यस आयोजनाको कार्यक्षेत्र भित्र रहेका स्वीकृत कार्ययोजनाहरुको सूची तयार गर्ने ।
- साझेदारी वन उपभोक्ता स्मूहका कार्ययोजनाहरुमा उल्लेखित कार्यक्रमहरु खासगरी बायोमास बृद्धिलाई केन्दित रहि जलवायु उत्थानशील दिगो वन ब्यबस्थापन कार्यक्रममा विशेष जोड दिने ।
- साझेदारी वन उपभोक्ता समूहमा कार्ययोजनाहरुमा उल्लेखित कार्यक्रमहरु छलफल गरी कार्यक्रमहरुको पहिचान र प्रथामिकरण गरी कार्ययोजना तयार गर्ने ।
- यो कार्य संचालन गर्दा शुरुवात देखिनै सम्वान्धित वन उपभोक्ता समूहको प्रत्यक्ष सहभागितामा बायोमास बृद्धिलाई केन्दमा रहि वन व्यबस्थापन गरिने छ ।
- यस कार्यको लागी लागत अनुमान तयार गर्दा साझेदारी वनको क्षेत्रफल, वनको घनत्व र उपभोक्ताहरुको घरधुरीलाई मुख्य आधार मानेर स्वीकृत जिल्ला दररेट र प्रदेश नर्म्सको आधारमा तयार गर्नु पर्ने छ र डिभिजन वन अधिकृतबाट स्वीकृत भए पश्चात कार्यान्वयनमा लगिनेछ ।
- कार्ययोजना तयारीको कममा जलवायु उत्थानशील उपायहरु समावेश गरि आयोजनामा कार्यरत वनविज्ञ/FAO-TA सँग आवश्यकतानुसार सन्न्वय गरी प्राप्त राय तथा पृष्ठपोषणलाई समेटी कार्ययोजनालाई अन्तिम प्रारूप दिनुपर्नेछ
- प्रचलित एन कानुन अनुसार स्विकृती गराई कार्यान्वयन गरिन्छ ।

अपेक्षित उपलब्धी

